# शुभारम्भ



❖ **कृष्ण धरावासी**

'त्यो उज्यालो कर्णाली' यात्रालाई निहुँ बनाएर वास्तवमै कर्णालीको इतिहास र संस्कृतिको खोज गरिएको कृति हो । कर्णालीकै मानिसहरूका लागि त यो पुस्तक उति गरुङ्गो नहोला पनि तर कर्णालीइतरका हामीलाई त्यहाँका बारेमा सामान्य ज्ञान दिन यथेष्ट छ । खोज र अनुसन्धानमूलक प्राज्ञिक पुस्तकहरू सबै पाठकका आँखा र रुचिमा पर्दैनन् तर यसरी कुनै रहरलाग्दो विधाको माध्यमबाट कुनै ठाउँका बारेमा जानकारी दिनसक्नु चाहिँ धेरै नै उपयोगी हुने रहेछ भन्ने मलाई पनि यही किताब देखेपछि लागेको छ । हरेक पाना अल्छी नलागी पल्टिँदै जानु र अर्को पानामा अब के होला भन्ने जिज्ञासा जन्मिरहनु कृतिको सफलता हो । हुन त हलुका प्रकारका आख्यान र यात्राहरू पढ्ने बानी भएका पाठकलाई यस कृतिमा प्रयोग भएका आञ्चलिक भाषा, शब्द, गीत, भजन, पूजापाठ, देवीदेवता, पूराकथा, विम्ब, विश्वास र अन्धताहरू बुझ्न त्यति सजिलो पनि नहोला । फुटनोट पढ्दै अर्थ बुझ्दै अघि बढ्नुपर्ने भएकाले कतिपयमा त्यो धैर्य नरहला पनि । प्रामाणिकताका लागि सन्दर्भग्रन्थसहित यात्रासाहित्यको विधामा आएको यो पुस्तक छिटै पढिसकिहाल्नुपर्ने खालका हतारका पाठकका लागि लखिएको होजस्तो पनि लाग्दैन ।

*(नियात्राकार प्रतीक ढकालको 'त्यो उज्यालो कर्णाली' नियात्रासङ्ग्रहमा 'मुक्त पाटो' शीर्षकमा कृष्ण धरावासीको अभिव्यक्तिबाट साभार)*

❖ सम्पादकीय

# मिलिभगतको राजनीति ! मिलिभगतकै न्यायव्यवस्था !

'लोकतन्त्र ल्याइसकेपछि विधिको शासन हुन्छ ।' जनताले अपेक्षा गरेको कुरा यत्ति मात्र थियो । विधिको शासन हुनेबित्तिकै न्यायप्रणाली झनै व्यस्थित हुन्छ, जनताले न्याय माग्न जाँदा निराश हुनुपर्दैन, यता सरकारले जनजीविकाको रक्षा गर्छ र कुनै पनि नागरिकले भोक, रोग र शोकले मर्नुपर्दैन भन्ने नै जनअपेक्षा हो जुन अस्वभाविक पनि थिएन, असम्भव पनि थिएन । तर हामीकहाँ त लोकतन्त्र भनेको त 'बाँदरको हातमा नरिबल' पो भयो ! लोकतन्त्र भनेको त लुटेर खाने तन्त्र पो भयो ! अनि लोकतन्त्रलाई जताततै मिलिभगत वा सेटिङको अस्त्र पो बनाइयो !

कथित क्रान्तिका नाममा लुटेर खाने र मालिकको आदेश तामेल गर्ने बिकाउ लम्पसारवादीहरूलाई अवसर प्राप्त हुनु भनेको 'बाँदरको हातमा नरिबल' प्रमाणित हुनु रहेछ ! आफ्नो विचारले, आफ्नो सामर्थ्यले, आफ्नो इच्छाशक्तिले, आफ्नो इमानले नभएर कसैले लाएअराएको गर्ने अरौटेलाई क्रान्तिकारी ठान्ने र मानिदिने भ्रम आखिर 'ढोडको तक्मा' साबित भएन र ? रिमोट अन्तै, आदेश दिने अन्तै अनि आदेश पालन गर्ने चाहिँ क्रान्तिको मुखुण्डो लगाएको अरौटे ! हुन त छरिएको भ्रम भताभुङ्ग नहुने पनि त्यही थुन्सेले छोपेर नदेखिउन्जेल त रहेछ नि, डोकोले छोप्नखोजेका दिन त सर्वाङ्ग भइहाल्दो रहेछ ! नक्कली सुनमा खिया लागेपछि फलामको भाउमा पनि नबिकेजस्तै कथित क्रान्तिकारिताको जलप पनि पानीफोका फुटेसरि फुटनुबाहेक अरू के नै बाँकी रहँदो रहेछ र ! अँ ! हिजोको धङधडे चाहिँ सकिँदो रहेनछ र दिउँसै सपना देख्न र बर्बराउन चाहिँ छाड्दो रहेनछ । 'भिरबाट लड्ने गोरुलाई राम राम पो भन्नसकिन्छ त काँधै हाल्न सकिने होइन ।' विचरा ! सपनामा बाँचेकाहरू ! हुन त सपनै नदेख त किन पनि भन्नु र !

मालिकको आदेशमा र उसैले टाट्नामा हालिदिएको घाँस किलकिलेसम्म खाएपछि उसको आदेशको तामेली नगरेर सुख छ र ? 'लौ तुरुन्त आफ्नै घरमा आगो लगा' भन्ने मालिकको आदेश नमानेर धर नपाएपछि आफ्नै घरमा आगो झोस्ने खेतालाहरू पनि आफूलाई क्रान्तिकारी साबित गर्न कथित मार्क्सवादको बर्कोले आफ्नो कुरूप अनुहार छोप्ने दुस्साहस गरिरहेका छन् विचरा ! आफ्नो वासस्थान जलाएर अर्काको घरमा शरण लिनपुगेकाहरू र हिजै नालायक प्रमाणित भइसकेका शरणदिने वा काँधमा फोहोर बोकिदिने, आफ्नै घर जलाउने नराधमलाई बोकिदिने र भोलिसम्मको तिम्रो जिम्मा हामी लिइदिन्छौँ, तिमीलाई राज्यदोहनका अवसर दिएको दिऐ गर्छौं भनेर ललिपम देखाउनेहरू पनि त्यत्तिकै सन्त्रस्त किन भइरहेका छन् भने कतिखेर काँधमा बोकेको फोहोरीले फोहोर गरिदिन्छ ! आफ्नै घरमा त आगो झोस्नेले मेरै शिरमा  स्वार्थको आगो झोसिदिँदैन भन्ने के भरोसा छ र ? यो भयानक भय र त्रास कालो बादलझैँ मडारिइरहेको छ ! यी घरपोलुवाहरूको 'सोम शर्माको सपना'

पनि पानीफोका फुटेसरि फुट्ने दिन कत्ति नै टाढा छ र ? अलिकति पर्खिने र हेर्ने धैर्यको आवश्यकता न हो ।

'लोकतन्त्रका ठेकेदार भनेका हामी मात्र हौँ' भन्नेहरूले खुला बजार अर्थतन्त्रको नारा लगाएर निजीकरणका नाउँमा मुलुकका उद्योगधन्दा किलकिलेसम्म कमिसन धोकेर कौडीको भाउमा बेचिदिएर मालिकको चाकरी बजाएपछि यो मुलुकमा बेराजगारीको समस्या झनै मौलाएको होइन र ? त्यसमा पनि बचेखुचेका उद्योग तथा कलकारखानालाई कथित क्रान्तिकारीहरूले चन्दाआतङ्कका नाममा चल्न नदिएर, लुट र आतङ्ङ्कको साम्राज्य फैलाएर बेरोजगारीको समस्या युरिया हालेको मुला मौलाएझैँ मौलाउने वातावरण तयार पारिदिई मालिक खुसी पारेको तितो यथार्थ पनि नेपाली जनताले नदेखेको/नभोगेको विषय थियो र ? अहिले यी विचरा ! घरपोलुवाहरूको भरोसा देख्दा झनै अचम्म ! लाग्नथालेको छ ! ए बाबा ! आफ्नो स्वार्थका लागि मातृभूमि नै बेच्न तयार हुनेले तिम्रो स्वार्थ सधैँभरि पूरा गरिदिनका लागि र कतिखेर काँधैमा फोहोर गरिदिन्छ भन्ने जान्दाजान्दै तिमीलाई बोकिदिन्छ, राज्यदोहनका अवसर सिर्जना गरिदिइरहन्छ र निर्वाचनमा पनि आफ्ना भोट दिएर विजयी गराइदिन्छ भन्ने सपना दिउँसै, त्यो पनि मध्याह्नमै देख्ने ढोडका तक्माहरूलाई विचरा ! बाहेक के नै भन्नसकिन्छ र ? बाँकी त समयले देखाउने न हो, बाँदरले आफ्नो घर पनि बनाउँदैन अर्काले बनाएको पनि भत्काइदिन्छ' भन्ने उखान चरितार्थ त यिनीहरू आफैँले पारिहाल्छन् नि । धेरै समय धैर्य गर्नु पनि पर्दै पर्दैन ।

हिजो क्रान्तिका नाममा जनताका छोराछोरीको बुद्धि भुटेर, उनीहरूलाई पढाइलेखाइका अवसरबाट पूरै वञ्चित पारेर कथित क्रान्तिको मोहरीमा होम्ने अनि आफ्ना सन्तानलाई भने विदेशमा पढाउने नक्कली आदेशपालक लम्पसारवादीहरू र आज पनि कथित क्रान्तिकै सपना बाँडिरहेका तर आफ्ना सन्तानलाई भने धम्क्याएरै भए पनि विनापैसा पढाएर डाक्टर बनाउने नक्कलीहरू पनि अहिलेसम्म क्रान्तिको गाँजाखेती गरेर त्यसैमा युरिया हालिरहेका छन् ! नक्कलीहरूलाई कहिलेसम्म र कति दिनसम्म पत्याइदिनुपर्ने हो त नेपाली जनताले ? भ्रमको खेतीले जँगार तर्रिँदैन भन्ने जान्दाजान्दै पनि लुटेर खाने कुसंस्कारको खेती कहिलेसम्म गरिरहने हो त नक्कलीहरू ! अनि हिजोका नक्कली क्रान्तिका परमेश्वरहरू कुहिएर झर्दा झर्दा नालीसम्मै पुगेको तमासा पनि जनताले हेरि नै रहेका छन् नि होइन र ? तर हिजो टाट्नामा घाँस हाल्ने डफेदारले भने त्यस्ता कुहीएकालाई प्रयोग चाहिँ यो वा त्यो रूपमा गरिरहँदो रहेछ, छाड्दो रहेनछ ! अनि तिनीहरूलाई केही न केही भुक्न लगाइरहँदो रहेछ !

लोकतन्त्र भनेको त व्यवहारमा राम्ररी प्रयोग गरिदिए पो सुन्दर व्यवस्था रहेछ त, नारा मात्र सुन्दर भएर त हुने रहेनछ। लोकतन्त्रलाई 'बाँदरको हातको नरिबल' बनाइदिएपछि; परिवादवाद, भाइभतिजावाद, फरियावाद, आसेपासेवाद, कमिसनखोर र भ्रष्टलाई काँधमा बोक्ने अनैतिकतावाद, मालिकको

आदेश पालन मात्र गर्ने लम्पसारवाद मात्र हुर्काएपछि आखिरीमा मिलिभगत वा सेटिङमा अवतरित हुँदो रहेछ नि ! दुइ-चार महिनै पनि लुकाउन नसकिने कस्तो निर्लज्ज मिलिभगत वा सेटिङ ! सर्वाङ्ग नाङ्गेझार हुँदा पनि लाज पचाउन सक्ने पो हुँदो रहेछ त मिलिभगत वा सेटिङ ! लेनदेन वा भागबण्डा मिलेपछि कानुनको व्याख्या गर्ने ठेकेदारहरू पनि निर्वस्त्र भइदिँदा रहेछन् ! जनताले न्यायको अपेक्षा गर्ने, भरोसा गर्ने र धाउने कथित सम्मानित संस्था आफैँमा यसरी कुहिएको कुराउनीजस्तो दुर्गन्धित हुँदो रहेछ भने अब जनताले भरोसा गर्नलायक ठाउँ वा संस्था कुन चाहिँ बाँकी रह्यो त श्रीमान्‌हरू !

हिजो अतिवाद भयो, शक्तिको दुरुपयोग भयो भनेर कोकोहोलो गर्नेहरू आखिर सेटिङको परमादेशबाट त्योभन्दा घटिया कर्ममा उत्रिँदा र सेटिङ सडक, चोक र गल्ली गल्लीसम्म छरपस्ट हुँदा हिजोका ती कोहोहोलो गर्ने बिकाउ तिहुनचखुवाहरूको घैँटामा घाम लाग्यो कि लागेन होला ? हिजो न्यायका रोहमा परमादेश यो यो आधारमा बेठिक भएको छ भनेर ठोकुवा गर्ने विद्वानहरूलाई धारे हात लगाएर सराप्नेहरू आज त्यही सेटिङको परमादेश नाङ्गेझार हुँदा हिजो बर्बराउने तिहुनचखुवाहरूलाई पश्चाताप बोध भइरहेको छ कि छैन होला ? लेनदेन र स्वार्थका आधारमा कानुनको कथित व्याख्या गर्ने न्यायमूर्तिहरूलाई अलि अलि आत्मग्लानि भयो कि भएन होला ? अन्तस्करणमा कतै न कतै पश्चातापबोध भइरहेको छ कि छैन होला ? यस्ता स्वार्थप्रेरित अपव्याख्याले लोकतन्त्रलाई आघात पुर्‍याउँछ कि पुर्‍याउँदैन होला ? यतिखेर जनताले यी यावत प्रश्नको जबाफ खोजिरहेका छन् ।

लोकतन्त्रमा आवधिक निर्वाचन सर्वाधिक महत्त्वपूर्ण कुरा हो । एक अवधिका लागि छानेका प्रतिनिधिले ठिक काम गरे वा गरेनन् ? गरेनन् भने अर्कोपटकका लागि भरोसा नगर्ने आधिकारिक न्यायालय भनेका जनता मात्र हुन् । त्यस्तो आवधिक निर्वाचन आवश्यकतानुसार गर्नै पर्छ तर निर्वाचन भन्नेबित्तिकै जनअदालतले त दण्डित गरिहाल्छ नि भनेर थरथरी कामेका लम्पसारवादीहरूको निर्लज्ज सेटिङको नाटकको पर्दा आफैँ फ्यात्त भुइँमा खसेपछि, कतै कसैको निर्देशन र इसारामा त्यो नाटक मञ्चन गरिएको थियो भन्ने सर्वाङ्ग भइसकेपछि अलिकति सरम त सबैलाई हुनुपर्थ्यो नि ! तर पहिलोपटक नाङ्गो हुँदा मात्र लाज हुने रहेछ, पटक पटक नाङ्गा बनेकाहरूलाई केको लाज ? अराएको मान्ने अरौटेलाई मालिकको आदेश तामेल गर्नुको विकल्प नभएपछि लाज मानेर पनि के नै हुन्छ र ? उसले टाट्नामा हालिदिएको घाँस किलकिलेसम्म हुसुरेपछि लाएअराएका नमानेर सुख ? उसले फुटा भन्यो फुटाउनै पर्‍यो ! उसले यो आदेश गर् भनेपछि गर्नै पर्‍यो ! कस्तो अचम्म ! भित्र जे लाउँछ वा अराउँछ त्यही गर्नैपर्ने ! अनि बाहिर चाहिँ कसैले नक्कली क्रान्तिकारी बनिदिनुपर्ने ! कसैले घरमा आगो झोसेर कथित विद्रोह गरेको भन्ने नाटक गर्नुपर्ने ! यो सर्वाङ्गतालाई, यो निर्लज्जतालाई विचरा ! बाहेक के नै भन्नसकिन्छ र ? कि कसो !

*- रमेश पोखरेल*

## यस अङ्कमा


**विशेष संवाद**

**विज्ञान र...** -*डा. देवी क्षेत्री दुलाल/१२*

**कविता/गजल/मुक्तक**

**प्रेमिल...** - *पेशल आचार्य/१८*

**माला** - *गिरिराज डल्लाकोटी/२६*

**मुक्तक** - *आनन्द पौड्याल /३६*

**संझनामा...** - *डा. शेषराज दीक्षित आचार्य/५१*

**इच्छा...** - *हिमाल पौडेल/५२*

**अनुवाद/कविता**

**तिम्रो.../जिन्दगी...**- *विनोद निराश/१९*

**कृतज्ञता**- *अन्ना मारिया स्टिफिन/२०*

**प्रेमलाई**- *जितोन कलमेन्डी/२१*

**कथा/प्रबन्ध कथा/लघु कथा**

**रिसाएकी...** - *देविप्रसाद घिमिरे/२२*

**खुल्ला..** - *राममणि पोखरेल /२७*

**फटाहा** - *रञ्जुश्री पराजुली/३७*

**घर** - *डा. श्यामप्रसाद न्यौपाने/४२*

**षडयन्त्र**- *राम विनय/४६*

**श्राद्ध**- *लीलाराज दाहाल/५३*

**यसपटक**

*शान्ता शर्मा/८*

**संस्मरण/नियात्रा/समीक्षा/इतिहास**

**प्रश्न...** -*शीतल गिरी/३२*

**महामारीका..** -*सुमन थापा सङ्गम/३८*

**राष्ट्र र...** -*ज्ञानु विद्रोही/४३*

**बार्दली...** - *अरूणबहादुर खत्री 'नदी'/४९*

**नेपाली...** -*दिव्य गिरी/५४*

**स्थायी स्तम्भ**

**शिखर व्यक्तित्व**

महर्षि दयानन्द सरस्वती/७

**निरन्तर...**

वासुदेव अधिकारी/६२

**समाचार**/६१

**अनूभूति**

*अनिता लामा/६४*



# शब्द-संयोजन

(मासिक साहित्यिक प्रकाशन) वर्ष १८ अङ्क ८ पूर्णाङ्क २११/२०७८ मंसिर

जिप्रकाका द.नं. ९४/२०६०/०६१

**सल्लाहकार**: डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय
प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

साहित्य सन्ध्याका लागि **प्रकाशक/संरक्षक**: वासुदेव अधिकारी

**प्रधान सम्पादक**: रमेश पोखरेल

**कार्यकारी सम्पादक**: सुमी लोहनी

**सम्पादक**: रूपक अलङ्कार

**अन्तर्वार्ता संयोजन**: अच्युत घिमिरे

**वेभ संयोजन**: प्रशान्त खरेल

**कला**: गणेशकुमार जी.सी.

**आवरण चित्र सौजन्य** : गुगल

**प्रतिनिधि**: पुण्यप्रसाद खरेल(झापा), हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज),
नमुना शर्मा (चितवन)

Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np

**मुद्रण**: विनायक प्रेस, धोबिधारा, काठमाडौँ, मो.९८४१४४७३२२

**साजसज्जा**: टच क्रिएसन प्रा. लि.

**कोरोनाकालको चाडबाड**

**सकेसम्म नगरौँ भेटघाट**

**भाइरसबाट जोगिएर**

**मनाऔँला अर्को साल ।**

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**विज्ञापन बोर्ड**

बबरमहल, काठमाडौँ

# महर्षि दयानन्द सरस्वती

समाज भनेको मानव व्यवहारका अनेकौँ अवयवहरूको एकीकृत रूप हो। त्यसकारण समाज विकासको चरणमा मात्र नभएर परिष्कार र सुधारका चरणमा पनि निरन्तर अघि बढिरहेको हुन्छ। समाजलाई सुधार गर्ने अभियानमा विभिन्न कालखण्डमा विभिन्न मनीषीहरूले नेतृत्वदायी भूमिका निर्वाह गरेका छन्। यस प्रसङ्गमा अविस्मरणीय नाममा महर्षि दयानन्द सरस्वती पनि एक हो।

१२ फेब्रुअरी १८२४ मा टंकारा गुजरातमा जन्मिएका दयानन्दको पारिवारिक नामा मूलशङ्कर थियो। केरसन लाल तिवारी र माता यशोदा बाईका पुत्र दयानन्दको बाल्यकाल सुखमय वातावरणमा नै बित्यो। ब्राह्मण परिवारमा जन्मेकाले दयानन्दमा पनि हिन्दुधर्म र संस्कृतिको असर बाल्यकालदेखि नै पर्न गयो। बाल्यकालमै उनी संस्कृत वाङ्मयतर्फ आकर्षित भए। वेद तथा व्याकरणमा पारङ्गत हुँदै गए। तर हरेक विषयमा जिज्ञासात्मक र आलोचनात्मक चेत भएका दयानन्द चित्तबुझ्दो तथ्य र तर्कबिवना कुनै पनि विषयमा विश्वास गर्दैनथे। उनी १४ वर्षको हुँदा शिवलिङ्गमा चढाएको नैवेद मुसाले खाइरहेको देखेपछि उनलाई लाग्यो आफ्नै नैवेदको रक्षा गर्ननसक्ने मूर्तिले अरूको रक्षा कसरी गर्छ ? उनी मूर्तिप्रति अविश्वस्त भए। आफ्नी बहिनीको अल्पायुमै मृत्यु भएपछि उनी अत्यन्त निराश हुनथाले। उनको निराशा बढ्दै जाँदा डराएका उनका अभिभावकले विवाहको कुरा निकालेपछि मूलशङ्कर घरपरिवारको दायरा त्यागेर खुला संसारको भ्रमणमा निस्किएर दयानन्द सरस्वती बने।

मथुरा पुगेर विरजानन्दको चेला बनेका दयानन्द आफ्ना गुरुको आज्ञानुसार ज्ञानको प्रसारणका लागि देशाटनमा निस्किए। प्रारम्भमा वेदान्त दर्शनको अद्वैतवादबाट प्रभावित दयानन्द पछि भने योगदर्शनबाट प्रभावित भएको पाइन्छ। भारतलाई बेलायती उपनिवेशबाट मुक्त गराउने अभियानमा लागेका दयानन्दले नै सर्वप्रथम भारतीय राजनीतिमा 'स्वराज' शब्द प्रयोगमा ल्याएका हुन्। समाजलाई वैदिक सभ्यतातिर अभिमुख बनाउनेतर्फ उनले प्रयत्न गरेका छन्।

हिन्दुलगायत सबै धर्मका रूढि, अन्धविश्वासी, अप्रामाणिक तथा मानवताविरोधी परम्परालाई नमान्ने मात्र होइन त्यस्ता तत्त्वको जरै उखेल्ने काम स्वामी दयानन्दले गरेका छन्। जात, लिङ्ग, धर्म आदिका कारण विभेदग्रस्त समाजलाई विभेदमुक्त बनाउन उनले अनेक अभियान चलाए। नारीलाई वेद पढाउने, शूद्रको व्रतबन्ध गराउनेजस्ता परिवर्तनकारी कार्यहरू दयानन्दबाट भएका छन्। उनले सतीप्रथा र बालविवाहको विरोध गरे बरु विधवा विवाहको समर्थन गरे। नारीशिक्षा र नारीअधिकार तथा दलित अधिकारका कुरालाई महत्त्व दिए। छुवाछूत र भेदभावबाट ग्रसित तत्कालीन जनसमुदायमा उनको अभियानले महत्त्वपूर्ण प्रभाव पार्‍यो।

आफ्नो अभियान र वैचारिकतालाई मूर्त रूप दिन दयानन्दले वि.सं.१९३२ मा मुम्बइमा आर्य समाज नामक संस्थाको स्थापना गरे। धार्मिक अन्धविश्वास र जातप्रथाका विरुद्धमा आर्य समाजले आगो ओकल्न थाल्यो। नेपालमा पनि आर्यसमाजी विचारको स्पष्ट प्रभाव देखियो। सहिद शुक्रराज शास्त्रीका पिता माधवराज जोशीले नेपालमा आर्य समाजको स्थापना गरेको इतिहास पढ्न पाइन्छ। जातीय उत्पीडनका कारण बढ्दो धर्म परिवर्तनलाई दयानन्दको उक्त अभियानले सहयोग पनि गर्‍यो।

दयानन्दले रचना गरेका मध्ये सत्यार्थप्रकाश, ऋग्वेदादि भाष्यभूमिकालगायतका पुस्तक बहुचर्चित छन्। ऋग्वेदादि भाष्यभूमिकामा उनले वेदव्याख्यानका सन्दर्भमा आफ्ना अवधारणाहरू प्रस्ट्याउनुका साथै तर्कहरूको खण्डन र मण्डन गरेका छन् भने सत्यार्थप्रकाश ग्रन्थमा तमाम बेथिती, रूढि तथा अन्धविश्वासमाथि प्रश्न गर्दै तिनको धज्जी उडाएका छन्। दयानन्द सरस्वती समाजलाई हेर्ने सफा र उदार आँखा भएका सुधारवादी संन्यासी हुन्। तत्कालीन परम्परागत समाजका कतिपय मानिसलाई उनका विचार वा तर्क अनुपयुक्त वा नास्तिक लागे पनि उनी सामाजसुधारको अभियानमा लागेका विशिष्ट विद्वान् हुन्।

*– रूपक अलङ्कार*

# यसपटक



**❖ शान्ता शर्मा**

वि.सं.२०४५ पुस १६ गते माता पुण्यमाता बास्तोला र पिता जयनारायण बास्तोलाकी सुपुत्रीका रूपमा सुदूर पूर्वको इलाममा जन्मिएकी शान्ता शर्माले अङ्ग्रेजीमा स्नातक, मानवशास्त्रमा स्नातकोत्तरसम्मको शिक्षा हासिल गरेकी छिन् । गीत रचना, सङ्गीत र गायनका साथै अभिनयका क्षेत्रमा पनि आफूलाई सक्रिय बनाइरहेकी शर्माले सङ्गीत सिर्जना, लोकगीत र आधुनिक गीत सृजना गरेकी छिन् भने उनका सङ्गीत सिर्जना, आधुनिक/लोकगीत एवम् अटोबायोग्राफी प्रकाशोन्मुख अवस्थामा समेत रहेका छन् । विभिन्न सङ्संस्थाबाट प्रशंसापत्र प्राप्त गरेकी उनका विभिन्न पत्रपत्रिका तथा विद्युतीय सञ्चार माध्यममा फुटकर कविता, गजल, मुक्तक, लेखरचना प्रकाशित भएका छन्, भइरहेका छन् । नेपाली समाजमा विद्यमान रहेका विकृति, विसङ्गति, ढोंग र आडम्बरलाई उजागर गर्ने र रूपान्तरणका पक्षमा वकालत गर्ने शर्मा स्पष्टरूपमा समतामूलक समाज निर्माणका पक्षमा सिर्जना गर्दछिन् । सरलताका माध्यमबाट गम्भीर भाव सम्प्रेषण गर्ने अनि परिवर्तन र जागरणका पक्षमा जनसचेततना छर्ने शर्माका तीनओटा कविता हामीले 'यसपटक' स्तम्भमा समावेश गरेका छौं ।

'घाम चोरहरू' शीर्षकको पहिलो कवितामा भ्रमको खेती गर्ने, टुक्र्याउने, फुटाउने र घामलाई चोइट्याउन खोज्ने अस्वस्थ मानसिकता भएकाहरूका विरुद्धमा आगो ओकल्न र भ्रमको पर्दा च्यातचुत पार्न आह्वान गरिएको छ भने 'आज मसँग कविता छैन' शीर्षकको दोस्रो कवितामा सिन्दुरको दास बनाउने सामाजिक कुसंस्कारका विरुद्धमा हुङ्कार गर्दै एउटा होनहार कविको घाँटी निमोठ्ने प्रयास गरिए पनि कवि, कविता र कलमको शक्ति संसारमै अपराजित छ भन्ने शाश्वतता उजागर गरिएको छ । 'मन त ढुङ्गै भएको जाती' शीर्षकको तेस्रो कवितामा समाजका बेथितिहरूलाई हेर्दा, चेली लुटिएको हेर्दा र आमाको अस्मितामा धावा बोलेको देख्दा, देशै रोएको देख्दा अनि अत्याचारी निर्भयका साथ हिंडेको देख्दा मन ज्यादै व्यथित हुन्छ । यी सारा निर्लज्ज तमासा हेरेर दुःखी भइरहनुभन्दा मन त बरु ढुङ्गाको भएको जाती भन्दै विकृत वर्तमानको उछितो काढिएको छ ।

# घाम चोरहरू

ओ ! सुतेका वस्तीहरू हो
उठ
घाम झुल्किसक्यो
झुल्किसक्यो मात्र होइन
घाम माथि डाँडामा पुगिसक्यो
अब त उठ, जाग, जुरमुराऊ न
ए वस्तीहरू हो !
समय, सत्ता र सम्पत्ति
अर्कैले लुटिसक्यो
ए वस्तीहरू हो !
अब कानमा बुझो ठोकेर नबस
उठ कम्मर कस
दुस्मनहरूले समय चोरिसके
सत्ता हत्याइसके
सम्पत्ति लुटिसके
कोही सीमा कटाइसके
क्षितिज पारि पारि
कोही नाचिरहेछन्
कहिले वारि कहिले पारि
अलमल्ल पार्न खोजिरहेछन् !
ओ वस्तीहरू हो !
अब त केही बोल
तिमी साँगुरिँदै छौ
थिचिँदै छौ, मिचिँदै छौ
चरचरी चिरिँदै छौ
तै पनि बोल्न डराइरहेछौ !
देश र परिवेश दुइटै हाम्रै त हो
ओ सुतेका वस्तीहरू हो !
उठ, जाग र आफ्नै पुर्पुरोमा बलेको
आगोले जलाइदेऊ
आत्मघाती दुनियाँ
सल्काइदेऊ वस्ती वस्तीहरूमा
अरे ! आगो ओकल्न सिकाइदेऊ
आऊ झट्टै उठेर आऊ
सँगै जाऊँ
परिवर्तनको विगुल फुक्दै
शुभ यात्राहरूमा ।

भ्रमित दृष्टिहरू अत्तालिएका छन्
वस्तीहरूमा घाम छेक्न खोज्दै छन्
घाम चोरहरूले !
तर घामलाई अर्को अर्थमा
सूर्य पनि त भन्छन्
सबै वस्तीहरूमा प्रकाश व्याप्त छ
र त
खवरदारी गरिरेछन्
सूर्यलाई संरक्षण गर्न वस्तीहरू
खबरदार घाम चोरहरू !
अस्वस्थ मानसिकता भएका घाम चोरहरू !
घाम घामै हो
घामको राप सहन त्यति सजिलो नसम्झ
खबरदार !
घाम सेलाउँदैन
घाम चोइटिदैन पनि
निरन्तर प्रकाशपुञ्ज भई
चम्किरहन्छ झनै तेजिलो भई
हिँडिरहन्छ
हिँडिरहेछ
परमादेशलाई खरानी बनाउँदै ।

# आज मसँग कविता छैन

आज मसँग कविता छैन
अहँ आज मसँग कविता छँदै छैन
सधैँ म कवितै कविता लिएर आउँथेँ
तर
आज म आक्रोशै आक्रोश लिएर आएको छु
अहँ महोदय !
आज मसँग कविता छँदै छैन ।
महोदय !
नमाग्नुस्  मसँग कविता
म आज
मेरो चित्कार सुनाउन आएको हुँ
ए मनुष्य !
तिमीले मलाई
सिन्दुरको दास बनाएका छौ
घाँटी निमोठ्दै भन्छौ
कि तेरो हैसियत यही हो
तर तिमीले यो भुलिरहेछौ कि
एक होनहार कविको घाँटी त निमोठ्यौ
तर कलम निमोठ्ने हिम्मत त गरेनौ नि ।
याद राख्नू महोदय !
त्यति त तिमीलाई पनि थाहा हुनुपर्ने हो
दुनियाँमा
कवि, कविता र कलम
सबैभन्दा शक्तिशाली हुन्छन् ।

# मन त ढुङ्गै भएको जाती

देश दुखेको वेला
मेरो केस दुखेको वेला
आफन्त फुटेको वेला
मेरी आमाको छातीको पाटो
दुस्मनहरूले लुटेको वेला
चेलीको चित्कारलाई
लात हान्नेहरू छुटेको वेला
आमा बेच्नेहरू र छोरी किन्नेहरूको
भिडमा छु म
र त मेरो नौनीजस्तो मन पग्लिन्छ
एकाएक हिमनदी बनिदिन्छ
धाँजा फाट्छ
र त
लाग्छ सारै नजाती
बरु
मन त ढुङ्गै भएको जाती ।

तिम्रा हजारौँ प्रश्नका वाणहरूले
मलाई अँठ्याइरहेछन् कि
मानौँ म ठुलै अपराधी हुँ
मलाई सजाएका निम्ति
अनुसन्धान भइरहेछ
माथिल्लै निकायमा छलफल भइरहेछ,
खोजी भइरहेछ
मेरा अन्जान खोटहरूको
यो मैले पनि बुझेको हो
हिसाब गरिन्न यहाँ
निमुखा चोटहरूको
तथ्य राखिन्न यहाँ
प्रणहरूको, शपथहरूको र सङ्कल्पहरूको
र त
लाग्छ सारै नजाती
बरु
मन त ढुङ्गै भएको जाती ।

भुलेको छ उसले
जीवन उकालो हो, ओरालो हो,
दिन हो, रात हो, घामछाँया हो,
थाहा छैन उसलाई
जीवन ऋतु हो परिवर्तन हुन्छ,
ऊ चुपचाप छ वसन्तमै
उसको मौनताले
हरदात पिरोल्छ
र त
लाग्छ सारै नजाती
बरु
मन त ढुङ्गै भएको जाती ।

❑ विशेष संवाद



❖ डा. देवी क्षेत्री दुलाल

# विज्ञान र प्रविधिको विकासले अब केन्द्र र मोफसल भन्ने केही पनि बारबन्देज रहेको छैन

वि.सं.२०२६ वैशाख ५ गते पाँचथर जिल्लाको लङरूपा २ मा माता लीलादेवी दुलाल र पिता सनमान दुलालका सुपुत्रका रूपमा जन्मिएका देवीप्रसाद दुलाल साहित्यमा देवी क्षेत्री दुलालका नामबाट कलम चलाउँछन् । हाल इलाम नगरपालिका वडा नं.६ बारवस्तीमा बसोवास गरिरहेका दुलालले स्नातकोत्तरसम्मको शिक्षार्जन गरी राजनीति शास्त्रमा विद्यावारिधि उपाधिसमेत हासिल गरेका छन् । जीवनको लामो समय प्राध्यापन पेसामा खर्चिएका दुलालले नेपाली साहित्यको सेवा गरेवापत आधा दर्जनभन्दा बढी पुरस्कार तथा सम्मान प्राप्त गरेका छन् । उनले विभिन्न पत्रपत्रिका र दर्जनौँ स्मृतिग्रन्थहरूको सम्पादनसमेत गरेका छन् । 'साहस' नाटक २०५१, 'सेतो परेवा' एकाङ्कीसङ्ग्रह २०५५, 'रङ्गधोजी' उपन्यास २०६०, 'विकासको जरा इलाम' २०६६, 'नाटक-अनाटक' २०६६, 'नेपाली छापामा राजनीतिक प्रभाव' २०६७, 'रत्न वान्तवाका दुर्लभ सिर्जना र समालोचना' २०६७, 'आफ्नै क्यानभासमा मेरो बाल्यकाल' निबन्ध २०७०, 'म मरेको रात र बाँचेका दिनहरू' कवितासङ्ग्रह २०६९, 'इलामको चिया पर्यटन' खोज अनुसन्धान २०७१, 'पाथीभरा' कथोपन्यास २०७०, 'घर फर्क' उपन्यास २०७३, 'सुदूरपूर्वका नाटककार र नाटक' समालोचना २०७५, 'काजीमान कन्दङ्वा र विष्णु नवीनको कथाकारिता' समालोचना २०७५, 'काले दमाईं' नाटक २०७६, 'इलामको साहित्यिक इतिहास' २०७७ लगायत डेढ दर्जन साहित्यका विविध विधाका कृतिहरूसमेत प्रकाशित गरिसकेका दुलाल साहित्यका माध्यमबाट नेपाली समाजको समग्र रूपान्तरणका पक्षमा वकालत गर्दछन् । समाजका समग्र वेथितिको चित्रण गर्नु र रूपान्तरणको सन्देश दिनु अनि राष्ट्रवादका पक्षमा वकालत गर्नु पनि दुलालको लेखनीको विशेषता रहेको पाइन्छ । निकै खरो कलमका धनी अनि अहिलेको समयका सक्रिय स्रष्टा दुलालसँग शब्द संयोजनका लागि अच्युत घिमिरेले गरेको कुराकानी यहाँ समावेश गरिएको छ ।

***अच्युतः पछिल्लो समय सिर्जनाकर्ममा कसरी सक्रिय रहँदै आउनुभएको छ ?***

***दुलालः म*** चालिसको दशकपछि नेपाली साहित्यमा लागेको हुँ, आजसम्म सक्रिय छु । अहिलेसम्ममा विभिन्न विधाका १८ वटा कृति प्रकाशित छन् । यसले पनि साहित्यमा मेरो क्रियाशीलतालाई पुष्टि गर्छ। यति वेला म अनुसन्धानपरक कृति लेखनमा व्यस्त छु । इलामको साहित्यिक इतिहास भरखरै प्रकाशित भयो । नेपालमा सबैभन्दा पहिले वि.स.१९२० मा इलाममा चिया रोपेर वि.स.१९३५ मा नेपालकै पहिलो कारखाना स्थापना गरेर चिया प्रशोधन गर्ने इतिहासपुरुष तत्कालीन इलाम गौँडाका बडाहाकिम चिफ कर्णेल गजराजसिंह थापाबारे ऐतिहासिक उपन्यास लेखनमा आफूलाई व्यस्त बनाएको छु । यसका साथै समालोचनासङ्ग्रह, नियात्रासङ्ग्रहको तयारी पनि जारी नै छ । पाँचथरको इतिहास भाग १ को परिमार्जित दोस्रो सस्करण प्रकाशनका लागि सम्पादन कार्य पनि भइरहेको छ। समयले साथ दिएमा यी सबै कति यसै वर्ष प्रकाशित हुने छन् ।

***अच्युतः कुन उद्देश्यप्राप्तिका लागि साहित्य क्षेत्रलाई रोज्नुभयो ?***

***दुलालः*** आफू बाँचेको समयमा आफूले देखेजानेका कुरा लोकलाई हस्तान्तरण गरौँ, अग्रज पुस्ताले अतितमा गरेका काम, साहित्यका प्रमुख प्रवृत्ति र प्रभावबारे आजको सन्दर्भमा विश्लेषण गरौँ, यी कामहरू भावी पुस्ताले हेरुन् भन्ने धेयबाट अभिप्रेरित भएर साहित्यक्षेत्रमा लागियो होला। बोलेको कुरा हावामा उडेर हराउँछ, लेखेको कुरा रहिरन्छ भन्ने हाम्रा पुर्खाको भनाइ मलाई औधि मन पर्छ । यो भनाइको प्रभाव ममा गहिरोगरी पर्‍यो, यसर्थ पनि आफूलाई लागेका कुरा लेख्न थालेँ, प्रकाशित हुन थाले र यसले थप प्रोत्साहन पनि मिल्यो ।

***अच्युतः लेखनका स्रोत कसरी जुटाउनुहुन्छ ?***

***दुलालः*** यसका कुनै निश्चित समय, सिमा र विषय छैनन् । मैले भोगिरहेको समाजमा अनेकन विषय, घटना, परिघटना र त्यसबाट सृजित प्रभाव नै मेरा साहित्य लेखनका स्रोतहरू हुन् ।

***अच्युतः कुन कुन विधामा छरिएर लेख्नुहुन्छ ? र प्रमुख विधा कुन हो ?***

***दुलालः*** मैले महाकाव्य, गजल र मुक्तक बाहेकका सबै विधामा कलम चलाएको रहेछु। नाटक, उपन्यास, कविता, समालोचना, कथा, इतिहास, सस्कृति, राजनीति, पत्रकारिता, खोजअनुसन्धान आदि विषयमा कृतिहरू प्रकाशित छन् । मलाई समालोचकहरूले नाटककार, समालोचक, उपन्यासकार, अन्वेषक भन्छन् । म आफूले आफैँलाई स्वमूल्याङ्कन गर्दा नाटककार, समालोचक र अन्वेषक होजस्तो लाग्छ । त्यसपछि बहुविधा प्रभावी स्रष्टा, द्रष्टा हुँजस्तो लाग्छ।

***अच्युतः यस विधालाई नै प्रमुख विधा मान्नुको कारण ?***

***दुलालः*** यी विधामध्ये उपन्यासमा धक फुकाएर समाज, पात्र, प्रवृत्ति र विषयलाई राख्न सकिन्छ । नाटक सबैभन्दा अप्ठ्यारो विधा हो र अरू विधाको तुलनामा थोरै

लेखिन्छ । नेपाली साहित्यमा देखिएको यहीं अभावपूर्ति गर्ने धेयले नाटकलाई मुख्य विधा ठानेँ हुँला । समालोचना अर्काको सृष्टिमाथिको आफ्नो दृष्टि मात्र हो । यो पूर्ण विधा नभए पनि स्रष्टाको सृष्टिमाथि आफ्नो पाठकीय, समालोचकीय विचार राख्न मन पर्छ । यसमा केही रहर, केही आग्रह र केही बाध्यता कारक बनेर आउँछन् । तिनलाई सम्बोधन गर्न पनि मैले यसलाई आत्मसात गरेँ हुँला तर अन्य विधाको महत्त्व कम छ भनेको होइन ।

***अच्युतः नेपाली साहित्यका क्षेत्रमा धेरै काम गरिसक्नुभएको छ । इमान्दार भएर आफूले आफैँलाई भन्नुपर्दा नेपाली साहित्यका फाँटमा आफू कहाँनेर छु जस्तो लाग्छ ?***

*दुलालः* म नेपाली साहित्यको हिमालचुली चढ्ने क्रममा छुजस्तो लाग्छ । यसरी हेर्दा हिमालको फेदमा देखिन्छु, अर्थात् आधारशिविरबाट उकालो चढ्ने खुड्किलोनिर आफूलाई पाउँछु ।

***अच्युतः खोजअनुसन्धानका क्षेत्रमा पनि लाग्नुभएको छ । यसको आवश्यकता र औचित्य बताइदिनुस् न ?***

*दुलालः* खोजअनुसन्धानबाट कुनै पनि विषयको सत्यलाई सत्यापित गर्नुपर्छ, त्यसको सत्वबाटै यथार्थ भेटिन्छ । भ्रमहरू मर्छन, सत्य उजागर हुन्छन् । यसकारण खोजअनुसन्धानको ठुलो महत्त्व, आवश्यकता र औचित्य हुन्छ । यसैलाई आत्मसात गर्दै सकेजति काम गरौँ भनेर यस क्षेत्रमा पनि आफूलाई सरिक बनाएको छु ।

***अच्युतः सन्त कवि ज्ञान दिलदास र सन्त परम्पराले कोशीपूर्वको साहित्यमा पारेको प्रभावबारे बताइदिनुस् न ?***

*दुलालः* नेपाली साहित्यमा जोसमनी सन्तहरूले चलाएको वैचारिक अभियान हो जोसमनी सन्त साहित्य । यो नेपाली माटोमा हाम्रा पुर्खाहरूले रोपेको मौलिक, क्रान्तिकारी साहित्यिक विचार हो । जोसमनी विचार नेपालको पश्चिमी क्षेत्र गुल्मी अर्घाखाँचीको बाणगङ्गाकिनार निवासी शशीधर पौडेल (वि.स. १८०४) ले प्रतिपादन गरेका थिए । पछि यसको प्रमुख गुरुकुल केन्द्र पाँचथर जिल्लाको नांगिन जरिङ्गे र सिदिन इम्सावामा भयो । त्यहाँ श्याम दिलदासले भव्य र व्यवस्थित गुरुकुल स्थापना गरेर चलाए । इलामको आमचोकमा ( वि.स.१८७८) मा जन्मिएका ज्ञान दिलदास पनि त्यसै गुरुकुलमा गएर श्याम दिलदाससँग दीक्षित भएका हुन् । पछि जोसमनी सन्त साहित्यमा उनै ज्ञान दिलदासले प्रसिद्धि पाएका हुन् । (यसबारे अन्तर्वार्तादाताको प्रकाशित कृति पाँचथरको इतिहास भाग १ र इलामको साहित्यिक इतिहास हेर्नू ) ज्ञान दिलदासले ओखलढुङ्गाको रुम्जाटार, भारतको दार्जिलिङ र सिक्किममा पुगेर यो विचारलाई फैलाउने काम गरे । जातीय, धार्मिक, सास्कृतिक, आर्थिक र लिङ्गीय समानतासहितको समुन्नत समाज निर्माण गर्नु नै जोसमनी विचारको गुदी हो । त्यसलाई ज्ञान दिलदासले साहित्यमार्फत लोकका समक्ष पुर्‍याए । उनका चेलाहरूले पनि सकेको जति काम यसै क्षेत्रमा गरेका

छन् । यसकारण यस क्षेत्रमा जोसमनी सन्त साहित्यको सकारात्मक र दूरगामी प्रभाव परेको छ । यसै विचारको प्रभावका कारण पनि नेपालको पूर्वी भेगमा मानवीय चेतनाको विकास अन्यत्रको तुलनामा अगाडि रहेको छ भन्ने समाजशास्त्रीहरूको मूल्याङ्कन रहेको छ ।

***अच्युतः प्रदेश नं १ को साहित्यिक गतिविधिमा क्रियाशील हुनुहुन्छ । प्रदेश १ को अहिलेको साहित्यिक अवस्था कस्तो छ ?***

***दुलालः*** यस प्रदेशमा अहिले साहित्यिक गतिविधिहरू नियमितरूपमै भइरहेका छन् । कोरोनाको कारण भौतिकरूपमा हुने कार्यक्रमहरू नभए पनि प्रविधिमैत्री गतिविधिहरूले टेकापिडो थामेकै छ । स्रष्टाका नयाँ कृतिहरू आइरहेकै छन् । यसरी हेर्दा प्रदेश १ को साहित्यिक गतिविधि सन्तोषजनक अवस्थामा रहेको देखिन्छ ।

***अच्युतः प्रलेस प्रदेश १ को अध्यक्षको जिम्मेवारी पाउनुभएको छ । एक नम्बर प्रदेशमा प्रलेसका गतिविधिहरूबारे बताइदिनुस् न ?***

***दुलालः*** हो, मैले प्रलेस प्रदेश एकको अध्यक्षको जिम्मेवारी पाएको छु । हामीले प्रलेसलाई यस प्रदेशमा सस्थागतरूपले स्रष्टाव्यापी बनाउने काम गरिरहेका छौँ । प्रदेशमा आफ्नै कार्यालय बनाउने, साङ्गठनिक इतिहास प्रकाशन गर्ने, प्रलेसका सस्थापक अध्यक्ष श्यामप्रसाद शर्माको सालिक स्थापना गर्ने, सबै जिल्ला शाखालाई चलायमान बनाउँदै केन्द्रको नीति, निर्देशन र निर्णयलाई कार्यान्वयनमा लागिपरेका छौँ । यसका साथसाथै अग्रजहरूको सम्मान र नवीन पुस्ताका स्रष्टाहरूको पहिचान र प्रोत्साहन गर्ने काम पनि प्रदेश कमिटीले गरिरहेको छ ।

***अच्युतः तपाइँको विचारमा आजको प्रगतिवादी नेपाली साहित्यको अवस्था कस्तो छ ?***

***दुलालः*** समाज रूपान्तरणमा प्रगतिवादी साहित्यको महत्त्वपूर्ण भूमिका हुन्छ । नेपाली समाजको विकास र रूपान्तरणमा प्रगतिवादी साहित्यको धेरै ठुलो योगदान छ । मार्क्सवादी विश्वदृष्टि र साहित्य सौंन्दर्यका गुण हुनुपर्छ प्रगतिवादी साहित्यमा । यसले वर्गलाई केन्द्रभागमा राख्छ । अन्याय, अत्याचार, शोषण, दमनलाई उच्छेद गर्छ । निमुखालाई न्याय दिलाउँदै समानता, स्वतन्त्रता, समृद्धि र उन्नतिको गीत गाउँछ । अहिले हामी नेपाली समाज विकासको जुन चरणमा आइपुगेका छौँ यसमा नेपाली प्रगतिवादी साहित्यको महत्त्वपूर्ण देन छ । यसले पनि नेपालको प्रगतिवादी, प्रगतिशील साहित्यको अवस्था निर्धारण गर्दैन र ?

***अच्युतः साहित्यमा समावेशीता, नश्लीय चेतनाका कुराहरू उठ्दै छन् । यसबारे तपाइँको धारणा के हो ?***

***दुलालः*** यो समयको माग हो । समाज विकासको क्रममा मानवीय चेतनामा आएको परिवर्तन हो । यसलाई म स्वभाविक ठान्छु । यो प्रगतिशील साहित्यका बाँकी अवयवहरूमध्ये नै हो । आजको नेपाली

साहित्यमा यसको समुचित प्रयोग हुनु राम्रो हो ।

***अच्युतः मोफसलमा हुनुहुन्छ । काठमाडौँले मोफसलको साहित्यलाई हेर्ने दृष्टिकोण कस्तो पाउनुभएको छ ?***

*दुलालः* म मोफसल र फसल अर्थात् राजधानी र बाहिरको कुरा मान्दिन । काठमाडौँलाई केन्द्र या फसल र काठमाडौँभन्दा बाहिरलाई मोफसल भन्ने पुरानो, शास्त्रीय र रुढ मान्यता हो । काठमाडौँमा बसेर साहित्य लेख्ने स्रष्टाले बाहिर जिल्ला र गाउँमा बसेर लेख्ने स्रष्टालाई सानो, उनका साहित्यलाई नराम्रो देख्नु, ठान्नु भनेको आफ्नै न्यून चेतना हो, दृष्टिदोष हो । विज्ञान, प्रविधि, यातायात, सञ्चारको विकासका कारण अब मोफसल र केन्द्र भन्ने नै रहेन । यसका बारहरू सबै मक्किएर ढले, अब समान भयो ।

***अच्युतः मोफसलमा बसेर पनि साहित्यमा स्थापित हुनसकिन्छ भन्ने कुरालाई तपाईँ कसरी पुष्टि गर्नुहुन्छ ?***

*दुलालः* बरु हुन सकिदैन चाहिँ किन र कसरी ? प्रश्न त यो पो हो त । के देशको राजधानीमा जन्मिएका, त्यहीँ बसेर लेख्ने साहित्यकारका मात्र राम्रा, स्तरीय साहित्य हुने हो र ? मैले माथि नै भनेँ नि म फसल र मोफसल मान्दिन, भत्किसक्यो भनेर । एउटै मात्र प्रमाण दिऊँ है तपाईँलाई - झमक घिमिरे । उनको जन्म, कर्म र कृति हेरे यी सबै भ्रम नष्ट हुन्न र ? अरू थप पुष्ट्याइँका प्रमाण दिनपर्ला र ?

***अच्युतः सम्पादन कार्यमा पनि संलग्न हुनुभयो । सम्पादक र स्रष्टाबिचको भिन्नता कसरी छुटिन्छ ?***

*दुलालः* हो, म जानी नजानी २०५० सालदेखि सम्पादक/प्रकाशक पनि भएँ । कोपिला, चारखोल, आँखा विकास पत्रिका, प्रयास, झरना आदि साहित्यिक र समाचार मूलक पत्रिका इलाममा बसेर सम्पादन, प्रकाशन गरेँ । अपरेसन साप्ताहिक पत्रिका पाँचथरमा बस्दा सम्पादन गरेँ । यसरी हेर्दा मलाई सम्पादक, प्रकाशकको थोरबहुत अनुभव र ज्ञान छ । जहाँसम्म सम्पादक र स्रष्टाबिचको भिन्नताको कुरा छ, यो आपसमा अन्योन्याश्रित हुन्छ । सम्पादक मात्र भएर पनि पत्रिका निस्किदैन, स्रष्टा मात्रै भएर पनि पत्रिका छैन, सम्पादकले स्रष्टाका रचनालाई स्थान दिएन भने पाठकबिच स्रष्टाका सिर्जनाहरू पुग्दैनन् । सम्पादकले संयोजन, सम्पादन गर्छ भने स्रष्टाले सिर्जना गर्छ । खास भिन्नता यति नै हो ।

***अच्युतः नेपाली साहित्यको विकासमा साहित्यिक पत्रिकाको भूमिकालाई कसरी हेर्नुहुन्छ ?***

*दुलालः* वास्तवमा साहित्यिक पत्रिका नै नेपाली साहित्यको मरुदण्ड हो । स्रष्टाका सिर्जना पाठकसमक्ष प्रस्तुतगर्ने सेतुको काम साहित्यिक पत्रिकाले नै गरेको छ नि । यसकारण नेपाली साहित्यको विकासमा आदिदेखि आजसम्म साहित्यिक पत्रिकाको महत्त्वपूर्ण भूमिका रहिआएको छ र भविष्यपर्यन्त रहिरहने छ भन्ने मेरो मूल्याङ्कन रहेको छ ।

***अच्युत: के कस्तो प्रयास गरिएमा नेपाली साहित्य अन्तर्राष्ट्रिय क्षेत्रसम्म परिचित भएर यसका पाठक बढ्लान् ?***

***दुलाल:*** अहिले हामी विश्वग्रामको समान सदस्य भएका छौँ। नेपाली भाषामा लेखिएका साहित्यलाई अन्य अन्तर्राष्ट्रिय भाषा (अङ्ग्रेजी)मा अनुवाद गर्न अत्यावश्यक छ। नेपाली स्रष्टाले नेपाली भाषामा लखिएको साहित्य कस्तो छ भनेर अन्य देशका गैरनेपालीभाषी पाठक/समालोचकले जब पढ्छन तब मात्र हाम्रो साहित्य अन्तर्राष्ट्रिय जगत्मा पुग्छ। यसर्थ अनुवाद र प्रकाशनमा जोड दिनपर्छ। यसरी मात्रै नेपाली साहित्यलाई विश्वमा परिचित गराउन सकिन्छ।

***अच्युत: तपाइँको विचारमा एउटा शक्तिशाली रचनामा केकस्ता कुराले प्रवेश पाउनुपर्छ ?***

***दुलाल:*** कुनै पनि विधामा लेखिने जुनसुकै रचनाका विषय जीवन र जगत् नै हुनपर्छ। त्यसैमा अन्तरनिहित भएर आउँछन् मान्छेका समवेदनाहरू । यसमा दुःख, सुख, आँसु, हाँसो मात्र नभएर उन्नति, प्रगति, खुसी, सुख, उल्लास सबै एकसाथ उनिएर आउँछन्। यिनै कुरालाई छोएर लेखिएको साहित्य पाठकप्रिय हुन्छ। जब पाठकले मन पराउँछ तब त्यो रचना उसका लागि प्रिय हुन्छ, शक्तिशाली बन्छ । त्यसमा विचार, कला, भाषा र लेखनशैलीको पनि समान महत्त्व हुन्छ।

***अच्युत: अन्य स्रष्टाका भन्दा आफ्नो लेखनमा भएका फरकहरू बताइदिनुस् न ?***

***दुलाल:*** लेखनमा आआफ्नै शैली हुन्छन्, यसलाई स्रष्टाको निजत्व भनिन्छ। अघि नै मैले भनिसकेँ, 'लेखनको विषय जीवनजगत् नै हो।' मैले पनि मानव जीवनजगत्कै कुरा लेखेको छु मेरा सिर्जनाहरूमा। अरूको भन्दा मेरा लेखनशैलीमा केही फरक होलान्। फेरि कतिपय अन्य स्रष्टासँग शैलीगत सामिप्य पनि होलान् । यो सबै स्रष्टामा हुने समान खालका विशेषता हुन् । विचार वा वादका दृष्टिले म प्रगतिशील/प्रगतिवादी लेखक हुँ तर म अन्तरवर्गीय मान्छेका कथा पनि लेख्छु, यसले विचार अन्तर हुन्छ कि हुदैन ? यो थप बहसको विषय हो। अन्तर्राष्ट्रिय साहित्यमा जस्तै नेपाली साहित्यमा पनि अनेकन वाद, विचार र अभियानको विकास र प्रयोग स्रष्टाहरूले गरेका छन्। त्यसै सन्दर्भमा मैले पनि साहित्यमा सुर्तीशून्यवाद/सुर्तीमुक्त साहित्यको परिकल्पना गरेको छु । मानवस्वास्थ्यका लागि सर्वाधिक हानिकारक वस्तु सुर्तीलाई मास्नुपर्छ, त्यो स्रष्टाको सिर्जनामार्फत जनतामा चेतनाको विकास गरेर जनमनदेखि नै सुर्तीलाई घृणा र तिरस्कार गर्नपर्छ भन्ने उद्देश्यका साथ यो विचारको प्रतिपादन गरेको हुँ। यो विचारको घोषणा मैले एउटा यस्तो पार्टी शीर्षकको नाटकमार्फत २०६६ सालमा गरेको हुँ । यसको सार्वजनिकीकरण कवि बैरागी काइँलाको हातबाट पाँचथरको सदरमुकाम फिदिम बजारमा भएको थियो। उक्त नाटक मञ्चन पनि त्यसै दिन भएको थियो । मेरा सबै विधाका सिर्जना सुर्तीशून्यवादको आलोकमा लेखिएका छन् । अन्य स्रष्टाले आफ्ना सिर्जनामा सुर्तीलाई माया गर्छन् भने

म तिरस्कार, घृणा र पूर्ण निषेध गर्छु । मेरा सिर्जनाका पात्रहरूले सुर्तीमुक्त संसार बनाएर मान्छेलाई स्वस्थ, सुखी र समृद्ध बनाउने सपना बोक्छन् । सुर्तीलाई मासेर औषधिको खेती गरेर जनतालाई निरोगी बनाउने अठोट बोक्छन् मेरा सिर्जनाले तर अरूका सिर्जनामा यस्तो हुँदैन । अरू स्रष्टाका सिर्जना र मेरा सिर्जनामामा हुने ठुलो भिन्नता यही हो ।

***अच्युतः मैले सोध्न बिर्सेका तपाईंले भन्नै पर्ने साहित्यसम्बन्धी थप कुराहरू पक्कै होलान् । ती कुराहरू बताइदिनुस् न ।***


*दुलालः* तपाईंले सोध्नुभएका १९ वटा प्रश्नका उत्तरमा नै मेरा विचारहरू सूत्रात्मकरूपमा आइसकेका छन । अब म अतिरिक्त गन्थन गरेर वार्तालाई भद्दा बनाउँदिन । उपरान्त समालोचक, सम्पादक र पाठकले मेरा कृतिहरू पढिदिउन्, आवश्यक सल्लाहसुझाव दिउन् भन्ने अनुरोध गर्छु ।

***अच्युतः आफ्नो व्यस्त समयका बाबजुद समय दिनुभएर यति लामो कुराकानीका माध्यमबाट पाठकलाई तपाईंका अमूल्य विचार बुझ्ने मौका दिनुभएकोमा यहाँलाई धन्यवाद ।***

*दुलालः* तपाईंले पनि मलाई आफ्नो स्थापित साहित्यिक पत्रिका 'शब्द संयोजन'मार्फत मेरा विचारलाई स्थान दिनुभएकोमा हार्दिक आभार व्यक्त गर्दछु ।

*deviphd26@gmail.com*

❑ कविता



# प्रेमिल प्रश्न ?

❖ **पेशल आचार्य**

सयौँ
हजारौँ
र लाखौँ वर्ष
छेउमै उभिई प्रतीक्षारत देखेर
चञ्चले पयश्विनीले हतारिँदै सोधिन्,
'ए ! बगर तिमीलाई बग्न मन लाग्दैन ?'
गम्भीर भएर बगरले सुस्तरी भन्यो,
'आफू बग्न नसकेपछि
मित्रको बगाइ देखेर म
लाखौंम् वर्षदेखि नै तृप्त छु ।'

सुनेर नदी झन् झन् उर्लिन थालिन्
र आजसम्म बगिरहेकी छिन् !

❑ अनुवाद कविता



❖ **विनोद निराश**
देहरादून (उत्तराखण्ड) भारत)

## तिम्रो सम्झना

पूर्णिमाको रातमा
तिम्रो सम्झना
मेरो चाहना
स्नेहिल सपना
व्याकुल गरिदिन्छन्
छातीभित्रैसम्म ।
दूर क्षितिजसम्म
हेर्दा हेर्दा
अनवरत तिमीलाई
सोच्दासोच्दै
हराउँछु
इन्द्रेणी कल्पनामा ।
कहिले तिमी अनुरागी भएर
प्रेम बर्साउँछ्यौ भने
कहिले उपेक्षा, बेवास्ताले
पीडा दिन्छ्यौ
यो देखेर इन्द्रेणी सपनादेखि
हट्छ विश्वास ।
तर फेरि तुरुन्तै
दिलको उदास नगरमा
आशाको ज्योति जगाइदिन्छ्यौ
भिजेका आँखालाई
निराश मार्गमा जानबाट
मुस्कुराएर रोकिदिन्छ्यौ ।

## जिन्दगी पनि के हो ?

जिन्दगी पनि के हो ?
एउटा सपनाजस्तो
शेष जिन्दगीको विश्रामस्थल
अशेष इच्छाहरूको लालसा
मनभित्र लिएर अन्तर्द्वन्द्व
जुन बाँचुन्जेल कहिल्यै
पूरा हुन सक्दैन
कहिले हार त कहिले जित
यही हो नियति जिन्दगीको
जिन्दगीको हरेक मोडमा
हरेक दिन एउटा नयाँ दर्शन
जिन्दगी जिउने
दिन्छ एउटा नयाँ अनुभव
कहिले प्रश्नोत्तर स्वयम्सँगै
कहिले हुन्छ आफ्नै परीक्षा
अवसादले घेरिएको मन
गर्छ हरेक पल जित्ने कामना
गर्छ एक अपूर्ण प्रतिस्पर्धा
निराश दिल फेरि जिउनलाई ।

*हिन्दीबाट अनुवाद : सुमी लोहनी*
*भाटभटेनी, काठमाडौँ*

❑ अनुवाद कविता



❖ **अन्ना मारिया स्टिफिन**

# कृतज्ञता

म पागल चराहरूको गीत सुन्दै छु
उनीहरू पागलझैँ गाउँदै छन्
र म कौसीमा उभिएकी छु।

हावा मेरो कपालमा खेलिरहेको छ
पोखरी चम्किरहेको छ
टाढा-पहाड, घाँसका मैदान र खेतहरू छन्।
मानिसहरू बारीमा काम गरिरहेका छन्
कोही बाइक चलाइरहेको छ
र म आफ्नो भाग्यमा विश्वास गर्दिन !
यति तातो छ किनभने तातो घामको किरणले
मेरो काँधमा बिस्तारै छुँदै छ
र म लगातार छक्क परिरहेकी छु।
... यो संसारको सौन्दर्यसँग
यी महान् चिजहरूसँग
जस्तो कि भगवान् आफैँ, माथिबाट
हामीमाथि मुस्कुराइरहेका छन्।

*(अन्ना मारिया स्टिफिनको जन्म सन् १९८० मा टार्नोबर्जेग, पोलैन्डमा भएको थियो। अर्थशास्त्र र अङ्ग्रेजी विषयमा उच्च शिक्षा हासिल गरेकी उनले कराकोभ स्थित जागीलोनीयन विश्वविद्यालयबाट स्नातक गरेकी हुन्। अङ्ग्रेजी विषय पढाउने उनी विगत दुई दशकदेखि अनुवादमा पनि संलग्न छिन्। अङ्ग्रेजी तथा पोलिस दुबै भाषामा लेख्ने उनका अनेक कविता, संस्मरण, लघु कथा आदि प्रकाशित छन्। कैयौँ अन्तर्राष्ट्रिय साहित्यिक पत्रिकामा सम्पादकको रूपमा काम गरिरहेकी उनका कविताहरू अनेक विदेशी भाषामा अनुवादित छन्।)*

*अङ्ग्रेजीबाट अनुवाद : चन्द्र गुरुङ*
*गोरखा, नेपाल, हाल : बहराइन*

❑ अनुवाद कविता



❖ **जितोन कलमेन्डी**

# प्रेमलाई कसरी पढने ?

**(मेरी प्रेमिकालाई सार्वजनिकपत्र)**

म तिमीलाई कुनै पद्यमा कतै भेट्टाउँछु
कुनै कवितामार्फत
जुन लेखिएको छ वर्षौंअघि
र म तिमीलाई खोज्दिन
कल्पनाका पटरीहरूमा ।
जेहोस यसले घटनाहरूलाई चित्रण गर्दछ
जुन सुन्दर छ तिम्रो र मेरोलागि ।
मलाई विशेष मितिहरू आवश्यक छैन
न त हाम्रालागि घटनाहरूको वार्षिकोत्सव नै
त्यो सम्झाउनलाई
कि म तिमीलाई  कति माया गर्छु
मेरोलागि जीवन जीवन होइन
यदि म तिमीलाई हरेक मिनेट माया गर्दिन भने
र यदि हामी एक बन्छौं
कति वर्षहरू
हामीले थाप्न सक्छौं
बुझ
मेरोलागि जीवन पनि अर्थहीन छ
यदि म तिमीलाई फेरि माया गर्दिन भने
सुरुदेखि लिएर
अहिलेसम्म अन्त्यसम्म ।
मैले भाषाको लागि बाटो बनाएको थिएन
म शब्दहरूलाई मुटुले महसुस गरे जसरी
बाहिर आउन दिन्थें ।
यसकारण
म तिमीलाई जे भनेर बोलाऊँ
म त्योसित पनि हुन त सन्तुष्ट छुइन ।
शब्दको अर्थबाट लिएर
र जीवनलाई अर्थ दिएर
र म तिमीसँग बस्छु ।

*(प्रोफेसर जितोन कलमेन्डीको जन्म सन् १९७८ मा पेजा, कोसोभोमा भएको थियो । प्रिस्टिना विश्वविद्यालय तथा ब्रसेल्स विश्वविद्यालयबाट ब्याचलरको पढाइ पूरा गरेका उनी हाल एएबी विश्वविद्यालयमा प्रोफेसरको रूपमा नियुक्त छन् । उनका थुप्रै कविता, निबन्ध र लघु कथा प्रकाशित भइसकेका छन् । उनको पहिलो कृति 'द सेन्चुरी अफ प्रोमिसिस' सन् १९९९ मा प्रकाशित भएको थियो । उनका कविताहरू ३७ भन्दा धेरै विदेशी भाषाहरूमा अनुवाद भइसेकेका छन् ।)*

*अङ्ग्रेजीबाट अनुवाद : चन्द्र गुरुङ*
*गोरखा, नेपाल, हाल : बहराइन*

# रिसाएकी प्रकृति

> के धनी के गरिब, के जान्ने के नजान्ने सबैलाई एकै झोक्कामा सडकमा पुर्‍यायो ।



❖ देविप्रसाद घिमिरे

ऊ.....ऊ लौन नि त्यो नानी च्व. च्व. च्व ...बगायो ! बिचरा बग्दै बग्दै ऊ तलै पुर्‍यायो ! लौ न नि ... हेर हेर भैंसी बगायो ! बिचरा ! हेर हेर अझै ज्युँदै रहेछ ! तिम्बुतिरबाट बगाएर ल्याएछ । च्व. च्व. च्व .... अब बाँच्दैन, त्यो बिजोग हेर्नुभन्दा बगाओस् अब केनै पो गर्न सकिन्छ र ? हरे ! निष्ठुरी दैव....! राम राम राम लौन त्यो नानी किनार लगाइदिए पनि त हुने हे ईश्वर ! के गर्न आँटिस् नि- ! विचरा ऊ तल पुग्यो यो उर्लँदो भेलमा कसले उद्धार गर्ने ? लौ न कोही मर्द छैन--? ए जाओ न ! त्यो बालकलाई बचाओ । ऊ फेरि गाडी बगायो, मान्छे पनि थिए कि ? ऊ ऊ त्यो लामो बस पनि बगाएछ !

भाग् है भाग माथिबाट अझै ठुलो बाढी आउँदै छ । ऊ हेर गाईगोठै बगाएछ । बाख्रापाठा सबै बगायो, बाटो बगायो, पुलपुलेसा बगायो, गाउँ नै बगायो, लौ न, नि यो के आयो आयो ! प्रकृति बौलायो लार्के, इन्द्रावती सबै भरिएर आयो । उर्लिएको बाढीले बस्ती बगायो गाउँ नै बगायो लौ न नि प्रकृति बौलायो सर्वनाश गरायो । ए, त्यो छेउछाउ नबस हो...ई !

असार १, २०७८ मा सिन्धुवासीले कठोर विपत्तिको सामना गर्नुपर्‍यो । बहत्तर सालको भैँचालोले तहसनहस पारेर भर्खरै तङ्ग्रिन लागेको हेलम्बु, तिम्बु मेलम्चीक्षेत्रमा अकल्पनीय प्राकृतिक विपत्तिले सबैलाई घर न घाटको बनायो । ओत लाग्ने छाना छैन, आङ ढाक्ने नाना छैन, पेट भर्ने खाना छैन । के धनी के गरिब, के जान्ने के नजान्ने सबैलाई एकै झोक्कामा सडकमा पुर्‍यायो । बाटोघाटो, पुलपुलेसा सबै बगायो यातायातविहीन, सञ्चार सुविधाविहीन पीडित, घाइतेहरूको हेलिकोप्टरले उद्धार गर्दै छन् । समयमा राहत नपाएर मानिस प्राकृतिक प्रकोप, भोक र कोरोनाजस्तो घातक रोगलाई एकैचोटि सहन बाध्य छन् ।

सामाजिक दूरी, भौतिक दूरी कायम गर्दै क्वारेन्टाइनमा बसेका जनतामाथि आइपरेको यो विपत्तिको न त वर्णन गर्नसकिन्छ न त ...स्मरण गर्न नै । जस्तोसुकै आपत विपतमा पनि पीडितले पीडा सहनुसिवाय के नै गर्न सक्थे र ? एकपछि अर्को महाविपत्तिमा पिसोलिएको मेलम्चीले, आफू

बाँचेर काठमाडौँवासीलाई बचाउने प्रण गरेको थियो । काकाकुलझैँ तिर्खाएको काठमाडौँमा लामो प्रतीक्षापछि मेलम्चीले अञ्जुलीभरि स्वच्छ पानी बोकेर तिर्खा मेट्न घर घर चाहार्न मात्र थालेको थियो । अचानक आएको यो विपत्तिले अब फेरि मेलम्चीको बाटो रोकिएको छ । मैले हेर्दाहेर्दै, गाई बगायो, बाख्रा बगायो मेरो जग्गाजमिन श्रीसम्पत्ति सबै बगायो । कहाँ जानु ? के गर्नु ? के खानु ? के लाउनु ? दैवको बज्रमुक्का हामीलाई नै पऱ्यो ।

मेरा आँखैअगाडि सबै लग्यो । भएको केही छैन सबै सबै बगरमा परिणत भयो । सुनझैँ फलेको धान, मोतीझैँ फल्ने मकै, जीवन धान्ने कोदो, फापर, जुनेलो, गहुँ, जौ सबै सबै बगायो । आज भेला हुने चोक छैन, रातमा निन्द्रा दिनमा भोक छैन । लाउने नाना, खाने खाना ओत लाग्ने छाना नभएर ओढारको वास छ । कोरोना महामारीको त्रास छ । घर छैन, बारी छैन, गोठमा भैँसीको पाडी छैन, मकैबारी छैन, लाज ढाक्ने सारी छैन । सबै सबै प्रकृतिले खोस्यो । हिजोका करोडपति आज रोडपति भए । जीवनभरिको कमाइ सबै बगरले पुरेको छ । न त तेरो छ न त मेरो छ जतातत‍ै कहालीलाग्दो सेरोफेरो छ । यो हृदयविदारक दृश्यले सबैका मनमा बाढी आएको छ । जतातत‍ै त्रासदीले सन्नाटा छाएको छ । बाढी पाखामा आयो विरहको बाढी आँखामा आयो, आसुँ रोकिएन मनको वह पोखिएर जतातत‍ै करुणा छायो । हे दैव ! यो कस्तो विपत्ति आयो ! हुन त 'जग्गा मिचेर रोपेको बाली, साँधसिमाना मिचेर लगाएको आली, नियम मिचेर गरेको काम, पाप पखाल्न धाएको धाम, खोला मिचेर बनाएको घर नीतिनियम मिचेर बनेको नेता, सम्मान मिचेर बनेको सम्बन्ध, संस्कार र संस्कृति मिचेर गरिएको कर्म, पैसाको लागि किनेको धर्मको भविष्य सधैँ अनिश्चित र अकल्पनीय हुन्छ' भन्छन् ।

तर...तर बहत्तर सालको भैँचालोको बबन्डर, पोहोर सालको पहिरो र यसपटकको बाढीले मेलम्ची नराम्ररी दुःखेको छ । मेलम्ची मात्र होइन यो दुःखमा काठमाडौँको सपना पनि लुकेको छ । आज प्रकृति असाध्यै रिसाएको छ । बहत्तरमा भैँचालो र छ्यहत्तरमा कोरोनाले सिन्धुका बिन्दुमा पीडा घोलिन थाल्यो आफ्ना सुन्दर सपनाहरू सिँगार्दै सहरको सपना साकार पार्न विकासे रहरहरू अघि सार्दै कोरोनाको कहर काटिरहेका सिन्धुलीवासीलाई आएको यो विपद्ले सिन्धुवासीका मात्र होइन सिङ्गो देशका आँखा रसाएका छन् । बार वर्षमा खोलो पनि फर्कन्छ, कहिले ओल्लो छेउ, कहिले पल्लो छेउ गर्दै खोलाले आफ्नो बाटो आफैँ बनाउँछ रे । कुनै न कुनै दिन खोलो आफ्नो बाटो फर्कन्छ रे । सोच्दै यसपालि त्यस्तै भयो । खोलो त आफ्नो बाटो फर्कियो तर विकास, निर्माण, समृद्धिका आलिसान भवनहरू बगरमा परिणत गरेर !

जतातत‍ै चिन्ता, चित्कार, वेदना र पीडाहरू छन् । हिजोको सुन्दर सहर पर्यटकीय गन्तव्य, विकासका कोसे ढुङ्गा, प्राकृतिक मनोरमता सबै नै लुटिए । सबै सपनाहरू बाढीले बगाएपछि, ओत लाग्ने ठाउँको खोजी गर्दै एउटा गोलभैँडा रोप्ने टनेलमा गाउँलेहरूले ओत लाग्ने सहारा बनाए । त्यही लामो टनेलमा एउटा गाउँका करिब पचासजना मानिस

एकै ठाउँ गुजुल्टो परे । मानिसले बनाएको सामाजिक विभेद तोडेर सबैमा सामाजिक सद्भावको नातो गाँसिदियो प्रकृतिले । हिजोका धनी, हुने खानेदेखि सडकमा जुत्ता सिएर, लुगा सिएर, हतियार बनाएर बस्नुहुने आमाबुबा, दाजुभाइ, दिदीबहिनी सबै सबै एउटै छानामुनि दुःख बाँड्न थाले ।

यो बाढीपीडित शिविरमा जातीय विभेद, वर्गीय विभेद केही थिएन । मालिक र नोकरहरूसगैं बसेका थिए । यो देखेर दयाराम छक्क पऱ्यो । उसले केही असजिलो महसुस पनि गऱ्यो । त्यस शिविरको एउटा कुनामा धर्मनाथ बाजे लुगलुगी काम्दै आफ्नो च्यातिएको लुगा छाम्दै गीताका श्लोक भटभट्याउँदै थिए । छेवैमा गाउँका नाम कहलिएका नेपाल, दङ्गाल, नेवार परिवारका मानिसहरू आआफ्नै परिवारमा गुजुल्टिएर बसेका थिए । दुई दिनदेखि भोकभोकै बस्दाको पीडा, कोरोनाको कहर, बाढी पहिरोको डरले सबै त्रसित थिए । ठुलाबडा हुने खानेदेखि सामान्य मानिस त्यस शिविरमा समान हैसियतमा देखिन्थे । केटाकेटी भोकले चिच्याउँथे, सुत्केरीहरू निन्याउरो अनुहार लगाउँथे ।

त्यही हृदयविदारक प्राकृतिक प्रकोप पीडितहरूलाई अब कसरी बाँच्ने, कसले बचाउँछ, को आउँछ, कहिले आउँछ, कतिखेर आउँछ भन्ने कौतुहलमा आशातित आँखाहरू टाढासम्म फ्याँक्थे । पानी दर्किरहेकै थियो । खोलो भड्किरहेकै थियो । सबैको मन त्यसै त्यसै बेचैन थियो । बिजुली सञ्चार सबै अवरुद्ध थियो । वास्तवमा सुखले पो मानिसलाई विभेद गर्दो रहेछ । दुःखमा त सानो, ठुलो, धनी, गरिब सबै उस्तै पो हुँदा रहेछन्, सबैको पीडा एउटै पो हुँदोरहेछ ! सबैको भोक भोकजस्तै हुँदोरहेछ, अभाव साँच्चै अभावजस्तै हुँदोरहेछ ! हामी त रोग सहन सक्छौँ, भोक सहन सक्छौँ, उस्तै परे अनायासै आएका आँसु छेल्न सक्छौँ तर ...तर बिचरा यी धनीका छाउराहरूको हरिविजोग देखेर दयारामले मन थाम्न सकेन । ऊ पानीमा रुझ्दै अलि माथि बारीमा गयो र एक डोको हरिया मकै भाँचेर ल्यायो ।

उसको शरीर पानीले निथ्रुक्कै भिजेको थियो । उसले सबैलाई एक एक घोगा मकै दियो । सबैले प्राण बचाउन मकै काँचै चपाउन थाले । दिनहुँ खाजामा मःमः र पिज्जा खाने केटाकेटीहरूले त्यो मकै ओल्टाइ पल्टाइ गरे, अन्त्यमा अरूको नक्कल गर्दै खान थाले । दयारामलाई यो टिठलाग्दो दृश्यले सारै बेचैन गरायो । ऊ वरपर आगोको खोजीमा दौडियो तर कतै पाएन । उसले एउटा हतियार पटक पटक रगडेर ढुङ्गामा आगो निकाल्यो, भिजेकै भए पनि रगटेर दाउरा भेला गरेर त्यो शिविरमा आगो बालेरै छाड्यो । उसको अथक प्रयासलाई सबैले मुक्तकण्ठले प्रशंसा गरे । उसले प्रकृतिसँग सम्झौता गरेर बाँच्न सबैलाई आशाको दियो जलायो । अलि पर गएर जरुवाको पानी कर्कलाको पातमा ल्यायो । त्यो पानी सबैले पालो पर्खिएर पिए । उसले पटक पटक त्यो सेवा गरिरह्यो ।

विपद्मा जातभन्दा ठुलो डर हुँदो रहेछ । मानिस मर्नबाट यति धेरै डराउँदो रहेछ । बाँच्नका लागि जात र थर आफैँ हराउँदो रहेछ । एकपटक धारामा पानी छोएको निहुँमा सातो बुकाउने मुखियाबाले पनि पानी खाए । मकै खाए, समानताको

गीत गाए । त्यो देखेर दयाराम खुसी भयो । अलि अलि दुःखी पनि । तर ...मान्छे भनेको मान्छे हो । मान्छेको जात मान्छे, थर मान्छे, धर्म मानवधर्म, कर्म विपतमा परेकालाई सेवा गर्नु भन्ने ज्ञान दयारामलाई प्रस्ट भयो । अर्कातिर यत्रो वर्ष आफ्नो जात, धर्म, कर्म, स्वाभिमान, अभिमान जोगाएर बसेका मुखियाबाले उसले ल्याएको जरुवाको पानी घटघटी पिएर तिर्खा मेटेको देखेर कतै मैले अपराध त गरिनँ भनेर अलि अलि डर, अलि अलि त्रास पनि लाग्यो ।

उनले त्यही गाउँमा आफ्नो कलकलाउँदो बैंस गुमाए । जोशिला पाखुरी गुमाए । आफन्त गुमाए, आज असियौँ वसन्तमा सङ्घर्ष गर्दैगर्दा जिन्दगीभरि कमाएको धन गुमाएर सम्पत्ति गुमाए, थोपा थोपा पसिनाको कमाइले खडा गरेको घर गुमाए। आफ्नो लामो अनुभवको शृङ्खलाको चौतारीमा मुखियाबा मन कुड्याएर बाँच्न विवश छन् । एकादेशको कथा, बुढेसकालको व्यथा, भैँचालो थिलथिल कोरोनाको कहरले कक्र्याएको मानवबस्तीमा कल्पनै गर्न नसकिने यो प्राकृतिक विपत्तिले जोश बगायो, जाँगर बगायो, उत्साह वगायो, उमङ्ग बगायो ! कस्तो अचम्म ! त्यति राम्रो तीन तले पक्की घर बगरले पूरै पुरेर अहिले नामनिसान छैन ! सबै बगर मात्र केवल दबदबे हिलोभित्र पुरिएको सपना, यो प्लास्टिकको छाप्रोमा बसेर विवश मुखियाबा निःशब्द छन् ।

कठोर पीडा सहेर बसेको दोस्रो दिन सहरबाट राहत बोकेको हेलिकोप्टर आयो, खाद्यान्न, लत्ताकपडा, भाँडाकुडा बाँड्यो । सबैले आआफ्नो भाग उठाउँदै गए । सधैँ अरूलाई दिएर खाएका आफूले सकेसम्म अरूबाट केही नलिएका गाउँमा सबैले मानेका, आदर्श पुरुषजस्ता देखिने मुखियाबाले पनि हात थरथराउँदै आफ्नो राहत थापे ! यो देखेर सबैका आँखा रसाए । दैवको लीला ! राजालाई रङ्क बनायो । करोडपतिलाई रोडपति बनायो, हरे दैव ! यो के गर्दै छस् र अझै केके गर्ने तयारी छ तेरो ? भैँचालोले चर्काएको मन कोरोनाका कहरले बाँच्ने रहर साँच्दासाँच्दै फेरि यो बाढीको वितण्डा सहन विवश यो दृश्य देख्ने र सम्झिने सबैका आँखा रसाउँछन् ।

छोराको संस्कार छोरीको संस्कृति नेपाली प्रकृति समय समयमा आउने विपत्ति सबै सबै सामना गर्न, विवश यो छाप्रोमा बिस्तारै आशाका किरण जाग्न थाले । पानी पनि तेस्रो दिनबाट अलि कम भयो । अब दयारामले अरू युवाहरूलाई पनि हौसाएर एउटा अस्थायी शौचालय बनायो । नजिकैको धारामा पानी जोडेर शिविरसम्मै ल्यायो । औषधी लिएर डाक्टरहरूको टोली आयो । बिस्तारै वातावरण केही सहज भएपछि दयारामले त्यस शिविरमा अरू स्वयम्सेवक खटाएर न्यूनतम् व्यवस्थापन गर्‍यो । उद्धारटोली, राहतटोली, स्वास्थकर्मीहरूको टोलीलाई बाटो देखाउँदै अरू शिविरहरूमा पनि गयो । जहाँ जहाँ गयो त्यहाँ त्यहाँ सबैको अवस्था उस्तै थियो ।

दुई दिन लगाएर त्यो टोली भिर, पहरा झेल्दै, खोलो पहिरो झेल्दै अकल्पनीय दुर्घटनाबाट जोगिँदै हेलम्बुका दुर्गम गाउँसम्म पुगे । बाटोघाटो, पानी, बिजुली, सञ्चार

सबै बन्द भएको त्यस गाउँमा मानिसको दयनीय अवस्था झनै दयनीय थियो । त्यस टोलीले केन्द्रसम्म सम्पर्क गरेर तत्काल राहत र उद्धारको व्यवस्था मिलायो । अब सिन्धुली, तिम्बुवासीहरूलाई बाँच्ने आशा पलायो । प्रहरी चौकी, स्थानीय विद्यालय, घरगोठ श्रीसम्पत्ति सबै गुमाउन विवश नागरिकहरूलाई बचाउँन विभिन्न सरकारी तथा गैरसरकारी निकायहरू सक्रिय देखिए पनि यातायातको अभावले मानिसहरूले समयमै राहत पाएनन्, कैयौँ दिन केही खाएनन् सञ्चारविहीन भएर आफ्नो दुःख पोख्न पाएनन् ।

यो कठोर समयमा आफ्नो ज्यानको पर्बाह नगरी निस्वार्थ सेवामा जुटेको मनमा मानवीय सद्भाव बोकेको लोभलालच केही नभएको दयाराम । 'मानवता जातमा होइन आत्मामा हुन्छ भन्ने सकारात्मक सोचमा हुन्छ, निस्वार्थ सेवामा हुन्छ, मानिस कर्मले ठुलो हुन्छ' भन्दै दयारामको सत्कर्मले सम्मान पायो । ज्ञान, विज्ञान, मनोविज्ञान, तर्कवितर्क, कुतर्कको मन्थन हुँदै गर्छ तर ' मानिस ठुलो दिलले हुन्छ जातले हुँदैन' भन्ने देवकोटाको वाणी दयारामले सार्थक बनाएको छ । रोइरहेकी मेलम्चीको आँसु पुछ्ने रुमालरूपी सेवाभावको, मनको खेती गर्न सकारात्मक विचारको बगैँचा निर्माणमा हरदिन हरसात जुटिरहेको छ ।

*(लेखक : त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक एवम् सकारात्मक सोच तथा संरक्षण कविता क्रान्तिका अभियन्ता हुनुहुन्छ)*

❑ कविता



❖ **गिरिराज डल्लाकोटी**

# माला

बज्ने यौटा छाला बोकी
शङ्कै लाग्ने झाँक्री हो कि
नौलो कस्तो चाला आयो
ढ्याङ्ग्रो ठोक्यो माला लायो ।१।
आफैँ भोको आफैँ भान्छे
भान्साकोठा खोज्ने मान्छे
छिर्ने बाटो थाहा पायो
टन्नै खायो माला लायो ।२।
पार्टी होस् वा होस् साहित्य
नालीबेली उस्तै नित्य
जानेको त्यै गाना गायो
डम्फू ठोक्यो माला लायो ।३।
भाषा माटो आफ्नै हुन्थ्यो
बोकी हिँड्दा छाती छुन्थ्यो
झट्केलो के छोरो पायो
मेरो भन्दै माला लायो ।४।
बन्दै गए खादा सस्तो
भिर्नै पर्ने बानी कस्तो
पोले पोलोस् तातो तायो
घाँटी थाप्यो माला लायो ।५।

*छन्द : विद्युन्माला*
*चितवन*

# खुल्ला दिसामुक्त क्षेत्र !

**मेरो दैनिकीजस्तै भयो बिहान बाहिर बस्न बागमतीकिनार आउनु तर कान्तिपुर एफएम, रेडियो नेपालमा समाचार आइरह्यो, 'उपत्यका खुल्ला दिसा मुक्त क्षेत्र घोषणा' भनेर ।**



❖ राममणि पोखरेल

कुरो निकै अगाडिको हो । काठमाडौँ जाँदै थिएँ । गाडीमा कठिन यात्रा हुँदै थियो । यसपल्ट त्यहाँ आफ्नो निजी डेरा थिएन । मारवाडी सेवा समितिमा बस्न जाऊँ कि भन्ने लागेको थियो । तराईबाट आउँदा बाटोमा आफ्नै छिमेकी गाउँको एक जना भाइसँग संयोगले भेट भयो । गाडी फरक भए पनि कोटेश्वरमा सँगै उत्रियौँ । उसले नम्रतापूर्वक भन्यो, 'दाजु कता लाग्नुहुन्छ ?' चिया पिएर छुटौँ । साँझको पाँच बज्न आँटेको छ । बस्ने टुङ्गो छैन, 'टुरिस्ट तरिका अपनाउँदै छु । परिचित र मनले जितेका साथीका घरमा शरण माग्नुपर्ला, मारवाडी सेवा समितिमा बस्दा सस्तो कोठा पाइन्छ । खाना पनि सस्तै हुन्छ' भनेर जबाफ फर्काएँ । हामी आफ्ना सामान बोकेर एउटा चिया पसलमा प्रवेश गरेर चियाको आदेश गऱ्यौँ । मिठाई पसले तराईवासी जस्तै लाग्दछ । दारी नकाटेको मैला लुगा लगाएको हर्दीको पहेँलो दाग लागेको धोतीपटुका कम्मरमा बेरेको व्यक्ति पसलमा यताउता दौडँदै थियो । सामानको आदेश गर्ने एउटी थसुल्ली मोटी महिला थिइन् । कल्साउँदो अनुहारकी पोक्चा गाला, मैला लुगा लगाएकी, अनुहारमा पोतो बसेको थियो । बाटुला आँखा थिए ।

मेरो साथीले ब्याग टेवुलमा राख्तै मैथिली भाषामा बोल्न प्रारम्भ गऱ्यो । म भित्रभित्रै खुसी भएँ । यो राजधानीको माझमा आएर होटेल गरेर बसेका तराईका व्यक्तिको मिठाई पसलमा आएर आफनो तराईको पहिचान दिने भाषा बोल्नपाउँनु पनि गौरव लाग्ने विषय भयो । हल्का नास्ता र तातो चिया पियौँ हामीले । वास्तवमा नेपालीपछि मुलुकमा बोलिने दोस्रो भाषा मैथली नै हो । साथीले ती मिठाई पसलेसँग परिचय गऱ्यो । सर्लाही जिल्लाको कुनै गाउँका व्यक्ति रहेछन् । भाडामा कोठा लिएर परिवारसहित बस्ता रहेछन् । राम्रो आय भएको रहेछ । छोराछोरी राम्रै विद्यालयमा पढ्दा रहेछन् । यहाँ आएर बसेको पनि झण्डै पन्द्र वर्षजति भएको रहेछ ।

मेरो साथी उमेशले मलाई पनि आफ्नै डेरा जाऊँ भनेर कर गऱ्यो । मेरालागि 'के खोज्छस् काना आखौँ' भयो । झोला टिपेर सडक पार गरेर गाडीको पखाइमा उभियौँ । कोटेश्वरबाट सिधै पाटन ढोका जाने गाडी पाइँदो रहेनछ । लगनखेल गएर गाडी

बदल्ने या पैदल जाने गर्नु पर्दोरहेछ । निकै समयको पर्खाइपछि गाडी चढेर लगनखेल उत्रियौँ । बस भिड हुँदो रहेछ । उमेशसँग गाडीमा खास कुरा केही भएन । भिडको कारण सिट फरक फरक भयो । लगनखेल उत्रेर, झोलाझाम्टा चेप्दै हामी पैदल डेरा आयौँ । सडक पार गर्न निकै कठिनाइ भएको पाउँदा देशभरका मान्छे गाडे, च्याने, सम्पन्न सबै यही राजधानीमा थुप्रिएका छन् जस्तो लाग्ने । उमेश पाटनको एउटा क्याम्पसमा पढाउँथ्यो । उसकी पत्नी काम खोज्दाखोज्दै निराश भएर घरकुरुवा भएकी रहिछन् । दुइटी छोरीहरू काखमा रहेछन् । लोग्नेस्वास्नीबिच सामान्य मतभेद भएको छनक बुझेँ मैले ।

हामी पुग्दा कोठामा पुस्तक हातमा लिएर बसेकी रहिछन् अजिता । छोरीहरू बाबुलाई देख्नेबित्तिकै हुर्रिएर काखमा आए । अजिताले झोला थन्काइन् । पातली, अग्ली, चुच्चो नाक, बाटुलो अनुहार, रातो वर्णकी भन्न मिल्ने, पैताला थोरै खराखुट्टी भएको जस्तो देखिने । सेता दाँत थोरै अस्वभाविक उछिट्टिए जस्तो लाग्ने, मिठो र नरम बोलीचाली भएकी । कोठामा प्रवेश गर्नेबित्तिकै नमस्ते गरिन् । आरामले दुबैजना कुर्सीमा बस्यौँ । काठोमा पुगेको त्यस्तै १५ मिनेटजतिमा हातमा चियाको कप आयो । साँझ झमक्क पर्नलागेको थियो । अजिता भातभान्सातिर लागिन् । हामी केही क्षण आराम गरेर घरको छतमा निस्कियौँ । छोरीलाई चेप्यो उमेशले । हात समातेर सिँढी उक्लियौँ । नेवारको घर रहेछ । घरपटी दिदीले हँसिलो मुख पार्दै सेता दाँत देखाएर भनिन्, ' उमेश बाबु घर गएपछि जागिरमा काठमाडौँ आउन ढिला गऱ्यौ त, तराईका मानिस त्यसै पनि काठमाडौँ आएर ढिलो सहजाउँछन् । मान्छेको भिड मात्र काठमाडौँ साँगुरो नै छ । तराईको जस्तो विशाल फाँट छैन ।'

'त्यस्तो त होइन काकी, घर गएपछि खेतीकमाइ, बुढा बाबुआमा, घर थामेर बसेका भाइबुहारी सबको चित्त बुझाउनुपर्ने । दुई चार दिन त ढिलो भइहाल्छ नि । यहाँ पनि क्याम्पस बिदा नै थियो । अजितालाई एक्लोपनाले सताएर पटक पटक फोन गरिन् । हतारिदै आएँ । दुइटी छोरी काखमा भएर पनि उनलाई एक्लो महसुस भएछ ।'

'उहाँ भाइ को नि ?' मतिर सङ्केत गर्दै ती दिदीले पुनः सोधिन् । बल्ढ्याङ्ग्रे आँखाले हेरिन् ।

'गाउँको साथी, आफ्नो दौतर, विशेष कामले काठमाडौँ आउनुभएको रहेछ । बाटोमा भेट भयो । निजी डेरा छैन । लौ दुई रात मेरै कोठामा बिताउनू भनेर लिएर आएको' उमेशले जबाफ दियो ।

उमेशको स्पष्टीकरणपछि, ती दिदीको अनुहारमा रिसाए जस्तो रातोपना देखियो । नजानिदो पाराले उनी अर्कोतिर फर्किइन्, कम्मरमा हात राखिन् र आकाशतिर हेरेजस्तो गर्दै 'दुःख नमान्नू उमेश बाबु, तराईका मान्छेलाई घरका कोठा भाडामा दिएपछि, महिनामा बिसजना जति त उनीहरूका पाहुना हुन्छन् । बलैले दश दिन मात्र बाँकी रहँदो हो । ती पाहुनाका निम्ति पाइखाना, पानीको धारो, विजुलीबत्ती आदि त घरवालाले खेप्नै पर्दछ । कोठा भाडा नदिए पनि पैसाको मुख हेर्न, स्पर्श गर्न नपाइँने । दिँदा पनि झन्झट नै खेप्नुपर्ने'

भन्दै सिँढीबाट तल झरिन् । मलाई कस्तो कस्तो नमिठो लाग्यो । उनको कुरा सुनेर सहर सहर नै हो । यहाँको व्यवहार गाउँको भन्दा निश्चय नै फरक छ । कोठाभाडा लिएर बसेपछि नातागोता, इष्टमित्र त समय समयमा आइहाल्छन् नि, गुनासो किन ! कोही पनि व्यक्ति स्वर्गबाट आएर यहाँ भाडामा बस्दैनन् होला या मरुभूमिबाट आएर बस्दैनन् होला ! यी घरधनीको कुरा सुन्दा अचम्म लाग्दछ ! हाम्रो पनि समाज छ, नातागोता छन् नि ।

दुई तले आलिशान घर, माथिल्लो तलामा घरपरिवारका सदस्य बस्तथे । तलका पाँच कोठामा तीन कोठा उमेशले लिएको रहेछ । एक कोठामा एकजना पश्चिमतिरका विद्यार्थी भाइ बस्तथे । एक कोठामा सडकमा दैनिक उपभोगका सामग्रीहरू बेच्ने, छोरीमान्छे आफ्ना तीनवटा सन्तानसहित बस्तिरहिछन् । उनको घर सिन्धुली जिल्लाको कुनै गाउँमा थियो । एक वर्षअघि गाउँमा बाढीपहिरो जाँदा सासू र लोग्ने पुरिएर बिते रे ! तीजको छेउ भएकोले दुई सन्तान लिएर उनी माइत आएकी रहिछन् र बाँचिछन् । एउटा छोरो पहिरोको प्रकोपमा भागेर बाँचेको रहेछ । त्यो भागेर बाँच्ने केटा, नजिकैको होटेलमा काम गर्दो रहेछ, यदाकदा आमा र भाइबहिनीलाई भेट्न आउँदो रहेछ ।

केही गमखाएर उमेशले भन्यो, 'हेर रामदेव ! यो काठमाडौँमा हामी तराईवासी व्यक्तिले पहिला पहिला भनौँ पञ्चायतकालमा भनेजस्तो डेरा नै पाउदैन थियौँ रे पैसा दिदा पनि ! प्रजातन्त्रपछि सहज वातावरणमा डेरा पाउन थालिएको हो तर सुन, हेर यो तराईमा मधेस आन्दोलन भयो नि, त्यसपछि फेरि डेरा दिन गारो मान्छन् ! यहाँका मान्छेको व्यवहार र तराईका मानिसको व्यवहार या चिन्तनमा धेरै भिन्नता छ । तिमी त आउँछौ, जान्छौ, म त लगातार पाँच वर्षदेखि यही काठमाडौँमा वस्दै आएको छु ।'

खानपान गरेर साँझैजस्तो सुत्न बिछाउनामा गइयो । भान्साकोठामा पनि एउटा पलङ राखेको रहेछ । 'अड्को पड्को तेलकोधुप' भनेझैँ पाहुना बढी भएमा सुत्न सकिने । एउटी छोरी चेपेर पल्टिएँ । उमेश र अजिता आफ्नै कोठामा सुते । गाडीको हल्लाइले थकित शरीर बिछाउनामा पल्टनेवित्तिकै निन्द्रादेवीको काखमा पुगिएछ । एकैपल्ट छ्याङ्ग उज्यालो हुँदा मात्र ब्युझियौँ । बिहान आँखा मिच्दै बाग्मतीकिनारतिर पाइला चलाइयो । सहरभित्रका गल्लीमा बागमतीतर्फ लम्कने पाइला महिला तथा पुरुषका प्रशस्त हुँदा रहेछन् । बागमती नदीको दक्षिणी किनारको डिलमा उभिएर एकपल्ट उमेश र मैले चारैतिर आँखा घुमाएर हेऱ्यौँ । हातमा चुरोट लिएर मुखबाट धुवाँको मुस्लो आकाशतिर उडाउँदै मानिसहरू नदीकिनारतिर पाइला लम्काउँदै थिएँ । कोही विस्तारै हिँडेको देखिन्थ्यो । कोही छट्याङपट्याङ गर्दै अत्तालिँदै दौडेको देखिन्थ्यो । नदीकिनारमा पुगेपछि उमेश दक्षिणतिर मोडियो । म उत्तर किनारातिर लम्किएँ । बागमतीकिनारमा मानिस आफ्नो नित्यकर्ममा काला चाक देखाएर गालामा हात राखेर विष्ट्याउँदै थिएँ ।

नाक थुनेर म नदी किनारै किनार पाइला चाल्दै गएँ । लहरै पाँचजना महिलाहरू दिसा विष्ट्याउँदै बसेको देखेँ । दश हात परबाट नाक थुनेर छलिन खोज्दै थिएँ । एउटी

आइमाईले प्याच्च भनी, 'मान्छे आयो ?' अर्कीले मतर्फ आँखा कुदाई र भनी, 'कहाँ मान्छे हो मधेसी हो ।'

अर्कीले थपी, 'मधेसको लोग्ने मान्छे हो, देख्दिनस् कालो अनुहारको ।'

पाँचैवटी महिलाहरूलाई नाघेर म निकै टाढा पुगेँ । दायाँबायाँ हेरेर आफू पनि दिसा विष्ट्याउन थालेँ । हामी तराईवासी व्यक्तिलाई चौरी, नदीको किनार, बाँसझ्याङ, जङ्गलको छेउमा विष्ट्याउन बस्नु त सामान्य लाग्दछ तर यो राजधानी त अठारौँ शताब्दीदेखिको व्यापारिक केन्द्र र सहर बन्दै आएको ठाउँमा पनि यसरी नदीकिनारमा दिसा बस्तारहेछन् भन्ने भयो ! मनमा सोचेँ, हामी तराईवासी मात्र असभ्य होइन रहेछौँ, काठमाडौँका मानिसमा पनि असभ्यता झल्कँदो रहेछ !

उत्तर फर्केको सानो धर्मशाला रहेछ, नदीकिनारबाट फर्केर आउँदा उमेश त्यहीँ भेटियो । बात मार्दै बाटो नाप्न थाल्यौँ । डेरा आइपुग्नुभन्दा निकै पर पत्रिका पसल रहेछ । त्यहीँ हामी अल्मलियौँ । दैनिक, साप्ताहिक पत्रिकामा आँखा कुदायौँ । प्रत्येक पत्रिकामा भँगेरे अक्षरमा शीर्षक राखेर छापिएको थियो, 'खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्ने हिजोको मन्त्रिपरिषद्को बैठकको निर्णय' भनेर ! त्यो पत्रिकामा लेखिएको समाचार र बागमतीकिनारमा नाङ्गो चाक देखाएर विष्ट्याउन बसेका महिला र पुरुषको दृश्यबिच कतिको तालमेल छ, अनुमान गर्न गारो ! पत्रिका पढेर हाँस पनि उठो, लाज पनि लागो । उमेश र मैले हाँस्तै बातचित गर्‍यौँ । पत्रिकापसलमा दुईजना लोभरा ठिटा पत्रिका पढ्दै थिएँ । हाम्रा कुरा सुनेर तिनीहरू पनि हाँसे । एकजनाले प्रतिक्रिया जनायो, 'नेपालका मन्त्रीहरू आफ्नो विवेकले काम गर्दैनन् । मन्त्रालयका कर्मचारी र आफ्ना मातहतका दूतले जे कुरा भन्दछन् त्यस्तै काम गर्दछन् । राजधानीमा कति जनसङ्ख्या छ । त्यो जनसङ्ख्याको आधारमा सार्वजनिक पाइखाना कति छन्, कति हुनुपर्छ ? जोकोही मान्छे पनि भोक पर्खन या सहन सक्छ तर दिसापिसाब थेग्न सक्दैन । नदीकिनारमा झाप्रो हालेर बस्ने मान्छेको त घरमा पाइखाना नै छैन । ती बाहिर वस्न कहाँ जान्छन् त ? भाडामा बस्ने व्यक्तिलाई हम्मेसि आफ्ना निजी पाइखाना प्रयोग गर्न दिँदैनन् । यस्ता साना, झिनामसिना कुरा सरकारमा बस्ने मान्छेलाई जानकारी हुँदैन ।'

अर्को युवाले भन्यो, 'यी मोरा मन्त्रीहरू त अन्धा पो छन् त ! देशको वस्तुगत परिस्थितिबारे जानकारी छैन । एउटा कुनै विदेशी दातृ संस्थाले सल्लाह दिएर यसो यसो गर, घोषणा गर । तिमीलाई यति रकम अनुदान दिन्छौँ भनेर भनेपछि सन्किएर घोषणा गरिहाल्छन्, वस्तुगत कुरा बुझ्ने चाहना नै छैन ।' ती दुईजना रैथाने युवकले भनेको तथ्यगत कुरा सुन्दा विश्वास लाग्यो । वास्तवमा पदमा पुगेर मात्र मानिसले जनताको सेवा पुर्‍याउन सक्दो रहेनछ ।

कोठामा आउँदा बिहानको आठभन्दा बढी समय भएको थियो । खाना खाएर उमेश क्याम्पस गयो । म केही क्षण आराम गरेर मन्त्रालय जान्छु भनेर बिछ्याउनामा पल्टिए । उमेशकी एउटी छोरी विद्यालय जान लागेकी रहिछन् । अर्की सानी छोरी लिएर अजिता

कोठामा दिन बिताउँदी रहिछन् । आई.ए. पास गरेकी योग्यताअनुसारको जागिर खोज्दाखोज्दै दिक्दार भएर घरकुरुवा भएकी रहिछन् । उनको सोचाइमा यो राजधानीबसाइ अभिशाप भएको रहेछ । दिनै काट्न गारो । बिछ्याउनामा पल्टेर झकाउन लागेको थिएँ । अजिता कोठामा आइन् र पलङनजिकै सिरानतर्फ कुर्सीमा बसिन् । उनका आँखा रसिला थिएँ । केही भनौँ भनौँ भएर आत्तिएजस्ती भएकी थिइन् । मैले नरम बोलीमा सोधेँ, 'के छ त तिम्रो खबर ?'

'सन्तापमा बाँचेकी छु । तपाईँ आइदिनु भो, खुसी लागो । यो नानीको बुबालाई 'परिवार नियोजन नगर्नू' भनेर सम्झाइदिनू । मेरा जेठानी र देउरानीका छोराछोरी दुबै छन् । कान्छी नन्दका त छोरैछोरा दुइटा छन् । आमाजूका छोराछोरी दुबै छन् । म मात्र किन छोरीमा मात्रै चित्त बुझाउँनु नि । पुरुषको अनुपातमा दुःख त महिलाले गर्नुपर्दछ नि अनि किन नियोजनको हतारो ? छोरा काखमा लिने रहर छ ।'

'हुन त छोरा र छोरी समान हुन् तर तिम्रो मन दुखाउनु उचित होइन । नियोजन गर्दा दुबैजनाको सल्लाह हुनुपर्दछ' भनेर सम्झाएँ । बेलुका उमेशलाई भनेँ पनि तर उसले केही जबाफ दिएन, घोरिइरह्यो मात्र, नबोली हेऱ्यो मात्र । 'यी लोग्नेस्वास्नीको मतभेदको मूल कारण यही रहेछ' भन्ने बुझेँ । उनीहरू पतिपत्नीका बिचमा के कुरा भए, थाहा भएन । म त्यहाँ बसेको चौथो दिन अजिताले मलाई प्रस्ताव गरेकी थिइन्, 'तपाईँ पनि उमेशजस्तै पुरुष होइन ? कसैको प्यास मेटिन्छ, इच्छा पूरा हुन्छ भने तपाईँले धमिलो पानी पिउँदा के आपत त ?' उसका कुरा सुनेर म हाँसे मात्र जबाफ केही दिन सकिन, ऊ खाटमा ठेस्सिएर बस्न भने लाज मान्न छाडेकी थिई !

म उमेशको डेरामा झण्डै एक हप्ता बसेँ पाटन ढोकामा । मेरो दैनिकीजस्तै भयो बिहान बाहिर बस्न बागमतीकिनार आउनु तर कान्तिपुर एफएम, रेडियो नेपालमा समाचार आइरह्यो, 'उपत्यका खुल्ला दिसा मुक्त क्षेत्र घोषणा' भनेर । अखवारले पनि भँगेरे अक्षरमा लेखिरहे तर बागमतीकिनारका सेतीबगर र बालुवामा महिला कम पुरुष बढी बसेर दिसापिसाब गर्न छाडेका थिएनन् ! मैले पनि सात दिनसम्म त्यै तरिका अपनाएँ । त्यो क्षेत्रमा बस्ने अरू पुराना र नयाँ वासिन्दा चाहे ती महिला वा पुरुष हुन्, त्यै तरिका चालु थियो ! यो प्रथा कहिले अन्त्य होला ? सरकारी घोषणा कति सान्दिर्भक छ ? आम जनताले बुझ्ने प्रयत्न पनि गरेका थिएनन् ! विकासका पूर्वाधार या मापदण्ड के के होलान् ? त्यसबारे विज्ञसँग किन रायसल्लाह लिइँदैन ? उपत्यकामा बग्ने प्रत्येक नदीकिनारमा चाक देखाएर गालामा हात राखेर दिसापिसाब विष्ट्याउने व्यक्तिको ताँती देखिन्थ्यो ! राज्यका वागडोर समातेका व्यक्तिहरू गाडीमा चढेर हिँड्दथे, त्यस्तो दृश्यमा उनीहरूका आँखा पर्दैनथे । उनीहरू संवेदनशील भएर जनतालाई सचेत पार्न, सुविधा दिन तयार थिएँनन् ! तयार थिए त खोक्रा भाषण र जनता ढाँट्न मात्र ! जनताको जीवनस्तर कसरी उठ्छ भन्ने चाहिँ मेलोमेसो नै थिएन ! विस्तारै सबैका आँखा खुल्लान् कि ?

# प्रश्न स्वाधीनताको: चेतावनी राज्यको



❖ शीतल गिरी

भरखरै बिहान भएको थियो । गण्डकी किनारमा मानिसहरूको चहल पहल बढेको थियो । कास्मिरी सेना गण्डकीको पश्चिमी किनार कब्जामा लिएर बसेका छन् । नेपाललाई चोट पुऱ्याएर स्वाधीनता समाप्त पार्न आएका हुन् । उपचारको लागि नेपालको तर्फबाट अरिमुण्डीले नेतृत्व सम्हालेका छन् । स्वाधीनता रक्षाको तैयारी राम्ररी गरिएको भए पनि, आक्रमणको प्रतिकारको योजना बनाएर बसे पनि मनमा विभिन्न शङ्का उपशङ्का उठनु स्वभाविकै हो ।

अरिमुण्डीको नेतृत्वमा रहेको बिस हजार फौजलाई तीन हजार एक समूह, दुई हजारको दुई समूह र पाँच हजारको दुई समूहमा विभाजन गरिएको छ । अग्रपङ्क्तिमा शत्रुले तीन हजारको समूहलाई मात्र देख्नसक्छ । व्यूह तयार गरेर सेनाको पाँच समूहलाई गुप्तरूपमा राखिएको छ । आवश्यकता देख्नासाथ बाजले झैं शत्रुलाई आक्रमण गर्न चनाखो भएर बसेका छन् । कास्मिरी सेनालाई अगाडि बढ्न दिएर व्यूहमा फसाउने योजना बनेको छ । यो योजना गुप्तविलासको सल्लाहमा बनेको हो । यसअघि भएको युद्धमा कास्मिरी राजा जयापीडलाई नेपाली पक्षले समातेर थुनी राखेको छ ।

कास्मिरी सेनाको सानो समूह सेतो झन्डा फहराउँदै नदी तर्न थालेको छ । कास्मिरी मन्त्री देव शर्मा अति प्रतिभाशाली व्यक्ति रहेको चर्चा सर्वत्र व्याप्त छ । सो समूहमा उनी स्वयम् छन् । राजा अरिमुण्डीको आँखामा अहिले जितको नशा छ, उसले कस्तो व्यवहार गर्ने हो ? युद्धको समयमा पनि आचरण बिगार्न चाहँदैनन् । देव शर्मा प्रतिभाका कारण हिमाली देशमा सर्वत्र मान्य छन् । हिमाली देश अनुशासन पालनलाई कर्तव्य ठान्दछ । यो पहिचान बनेको छ । आचरण तत्काल बनाएर बन्ने कुरो होइन, नभएर के भयो त । आचरण स्वाधीनताको आत्मबल हो । आचरणले जिम्मेवारी सिक्ने अवसर दिन्छ । कुरा युद्धको हो र यसको आफ्नै आचरण हुन्छ । आचरणमा अलिकति मात्रको चुकले जितेको युद्ध पराजयमा परिणत हुन पुग्दछ । योद्धाको मृत्यु हुनु त सामान्य हो । देव शर्मा राज्यका मन्त्री हुन्, सल्लाह दिने काम उनको हो । उनको सल्लाहअनुसारकै निर्णय राजाले लिए पनि उनी आफैंले निर्णय लिन आचरणले रोक्दछ । घरपरिवारमा भाउजू, श्रीमती यी

दुईप्रति गरिने आचरणको मान्यता जसलाई थाहा हुन्छ र पालन गर्ने गर्दछ उसको कारणबाट कहीँ कतै पनि आचरण बिग्रँदैन। त्यस्तो व्यक्तिले निरन्तर अनुशासन पालन गरिरहन्छ । निरन्तर अनुशासन पालन गर्ने शुद्ध आचरणका देव शर्मा मित्र बन्न गण्डकी तरेर आउँदै छन्। उनका साथमा रहेका सबैले सेतो फेटा बाँधेका छन्। कास्मिर र नेपालको सभ्यता र संस्कृतिमा धेरै ठुलो अन्तर पाइँदैन। सेतो झन्डा शान्तिको प्रस्ताव लिएर आउने निःशस्त्र हुन्छन् । केहीले शान्तिको नाममा कपट नगरेको होइन यो यथार्थ बुझेका नेपाली पक्षका जाँचकी पनि सावधान छन् । भनिन्छ, प्रेम र युद्धमा कपट सामान्य हो ।

युद्धमा जयपराजय हुनु स्वभाविक हो तर जहाँसम्म आचरण पालन गर्ने देव शर्माको प्रश्न छ– जहिले पनि जहाँ पनि केन्द्रमा देखिन्छ । समस्या वास्तवमा शान्तिको हो, दस्तखत गरिएको कुरोलाई अक्षरसः पालन गर्ने आचरण जयापीडको सामाजिक हो र कास्मिर अनि नेपालको राष्ट्रिय हो । आक्रमणभन्दा पनि विक्रमणनीतिले नेपाली पक्षलाई फाइदा भएको छ र जयापीड समातिएको छ । यही कुराको निदान-समाधानका लागि शान्ति प्रस्तावसहित देव शर्मा आउँदै छन्। कास्मिरको तर्फबाट सन्धि प्रस्ताव आउनु कुनै अनहोनी कुरो होइन। शरीरमा जसरी रगत छ, देश देशका बिच त्यस्तै सन्धि हो । सन्धि प्रस्तावको जसले उपेक्षा गर्छ, उसले मित्र कमाउन सक्दैन र अमित्र भएर बाँच्न पनि सजिलो हुँदैन। कास्मिरी जनता र राजकीय प्रतिनिधि देव शर्माले पर्वतेश्वर अरिमुण्डीसमक्ष राजा जयापीडको क्षमादाननिमित्त सन्धिपत्र प्रस्ताव गर्दा शिर निहुराएर आदर प्रदर्शन गरेका थिए । त्यस समयमा राजाका मन्त्री विद्वान् हुन्थे र सन्धिपत्र लिएर आएका देव शर्माले पनि अपरिग्रहको कुरा गरे । उनले सन्धिपत्र दूतमार्फत नपठाएर स्वयम् उपस्थित भएर युद्धवन्दी कस्मिरी नरेश जयापीडलाई याचनापूर्वक मागे । पर्वतेश्वर अरिमुण्डीको दरवारमा सो समयमा उपस्थित भएका दरवारियाहरू देव शर्माको विनम्र प्रतिभाको प्रशंसक बन्न पुगे । राजवाक्य नै प्रमाण मानिने सो युगमा पनि देव शर्माजस्ता असल मानिसहरूका कारण सत्य बाँचेको विश्वास हुन गएको थियो। दुनियाँदारी देखेका उनले नवरत्न सुनको थालमा सजाएर सोमाथि सन्धिपत्र राखी पर्वतेश्वरको प्रतिष्ठा राखेका थिए।

यहाँ दुइटा कुरा देखापरेका थिए। कास्मिर र नेपालमा बैर भएको हुँदा नै युद्ध भएको थियो। 'जाई कटक नगर्नू आई कटक गर्नू' यो नीतिबाट नेपाल कहिल्यै विमुख भएन तर कमजोर ठानेर आक्रमण गर्नआएका कास्मिरी नरेश जयापीड सजिलै युद्धबन्दी बन्नपुगे । बन्दी बन्नु के थियो, कास्मिरको बिचल्ली भो, राजमाता पुत्रशोकले मृत्युशैयामा घिटी घिटी अवस्थामा पुगिन् भने राजमहिर्षि मरणासन्न अवस्थामा हुनु स्वभाविक थियो। कास्मिर सम्पन्न मुलुक थियो, राजपरिवारका देव शर्मा दश लाख मूल्य पर्ने उम्दा रत्नहरू भरिएको थाल लिएर उपस्थित भएका थिए। यानी अरमुण्डीले रत्न चाहेमा जस्तो र जति चाहेमा पनि दिएर कास्मिरका मनकारी

महाराज जयापीडको मुक्ति चाहेका थिए । पर्वतेश्वर अरिमुण्डी उम्दा रत्न दुएक पाथी लिएर राजा जयापीडलाई मुक्तिमोचन गर्ने पक्षमा थिए ।

राजा जयापीड पन्ध्र-सोर वर्षदेखि निरन्तर युद्ध गर्दै आइरहेका थिए र अहिले दुई महिनादेखि बन्दी जीवन बिताउन उनलाई सहज लागेको छ । अरिमुण्डी बन्दी भए पनि राजकीय सत्कारसाथ राखेको हुँदा शान्त जीवन आरामसाथ गुजारिरहेका थिए । कास्मिरमा राजमाता र राजरानी भारी चिन्ताले दुब्ला, पातला भएका थिए । भाग्य विपरीत भएर, प्रकृति विकृत भएर नै दिग्विजयकामी जयापीड बन्दी बन्न गएका थिए । अरि मुण्डीले पराजित गरी बन्दी बनाइए पनि देव शर्माजस्तो योग्य, विश्वस्त र सर्वनीतिज्ञ मन्त्री भएपछि कास्मिरको प्रबन्ध सुदृढ हुनु स्वभाविकै थियो । पर्वतेश्वरको व्यवहार देखेर केही समयमै मुक्ति हुने कुरामा जयापीड विश्वस्त थियो । कास्मिरसँग शत्रुलाई ध्वस्त गर्नसक्ने साधन र सैन्य थियो ।

देव शर्मा चाहन्थे राजा जयापीड बन्दीगृहको झ्यालबाट गण्डकीमा हामफालुन्, बचाउनका लागि गोताखोर तम्तयारीसाथ बसेका थिए । राजा शिविरमा सकुशल पुग्नासाथ अचानक अरिमुण्डीको सैन्यमाथि धावा बोलेर विजयश्री हात पार्न । गण्डकी कास्मिरतिरको जस्तो नदी नभएर भयानक भएकोले हाम्फालेमा बच्न नसक्ने जिकिर राजाको रह्यो । उत्तुङ्ग, तरङ्गवती, वेगवती, महानद गण्डकीमा हामफालेर मर्नु वीरता नभएको विश्वास राजाको थियो ।

बन्दीगृहमा राजासँग कुराकानी गर्दागर्दै मन्त्री देव शर्मा सूची गर्न गएका निकै अबेरसम्म पनि आएनन् । सफल योजनाकार देव शर्मा राजाको निषेधाज्ञाले चिन्तित देखिएका थिए । महानदको छाल देखेर राजाको मुटुमा कम्प छुटेको थियो । रक्षा मन्त्रीको चाहनामा राजा महानदमा हामफालुन्– सुरक्षाको सम्पूर्ण व्यवस्था तयार थियो । अरिमुण्डीको राम्रो व्यवहारका कारण पर्खेर हेरको नीति अवलम्बन गर्न चाहन्थे राजा । राजाको चाहना सर्वोपरि भन्दै एक रात पर्खने पक्षमा पुगे रक्षा मन्त्री । राजाको मनोभावना र त्यहाँको अवस्था बुझेका देव शर्मा उनको योजना मूर्तरूपमा परिणत गर्न चाहन्थे ।

राज्य समाजको केन्द्रीय संस्था हो । संस्थाप्रमुख राजाको अधीन सबै व्यवस्था चल्दछ । कास्मिरका मन्त्री देव शर्मा ब्राह्मण, विद्वान् र अजोडा वीर भएको हुँदा जयापीडलाई मुक्त गरेर ल्याउनु देव शर्माको जिम्मेवारी थियो । राज्यको मुटु, मस्तिष्क, फोक्सो, कलेजो भनेको उच्च पदका भारदार नै हुन्, भारदारको सल्लाह र कार्यको भरमा राज्य चलेको हुन्छ । राजाको शक्ति स्वतन्त्र हुँदैन, स्वयम्ले चाहेअनुसार चलेर हुँदैन, असल भारदारको सल्लाह र कार्यमा राष्ट्र चल्नुपर्दछ । आफ्नो मृत देह राजा जयापीडको लागि डुङ्गा बनाउँन सुझाव दिएर अस्ताएका देव शर्माको त्याग कहिल्यै बिलाउँदैन र व्यापक लोकहितको पक्षमा स्वार्थभन्दा माथि रहेको स्वीकार गर्नै पर्दछ ।

धर्म र दायित्व राज्यद्वारा पूरा गरिनुपर्दछ । यसको रेखदेख र रोकथामको लागि धेरै प्रयत्न

गर्ने गरिन्छ । देव शर्माले प्राण त्याग्नु देश कल्याणको प्रतीक हो । जाग्रत र प्रबुद्ध लोकचेतनाको अभावमा शत्रुमाथि गरिएको आक्रमण सफल हुनसक्दैन । कास्मिरी जत्थालाई नदी तर्नबाट रोक्नखोज्दा पनि धेरै शैन्य सिकार बन्नपुगे । राजा जयापीडको सङ्केत पाएर कास्मिरी सेना सलबलाएर गण्डकीमा रेल्लिँदै थिए । राज्य र राजाको निम्ति सैन्य खतम भएको शत्रुको कुनै मूल्य हुन्न । जस्तोसुकै वीर शत्रु पनि एक्लो परेपछि लुक्दै भाग्दै हिँड्छ । गण्डकीको तीरमा भएको नेपाल-कास्मिर युद्ध इतिहासको अमर पानामा मधुरो होइन चहकिलो छ ।

'नामर्द ठहरिएर बाँच्नुभन्दा त मर्नु भलो'लाई देव शर्माले दायित्व ठाने । यो निश्चय नै एकदम ठुलो कुरा हो । कास्मिरका राजालाई मुक्त बनाउने प्रस्ताव स्वयम् राजाले अस्वीकार गर्नु उनको लागि अभिशाप हो । जब वीरता कम र जीवनप्रतिको मोह धेरै बन्नपुग्दछ तब राज्यको स्वाभिमानमा त्रास आउन नपाओस् भनी देव शर्माजस्ताले अपहत्ते गर्ने गर्छन् र यस्तो कतिपय ठाउँमा भएको पनि छ ।

अपहत्ते गरे पनि ब्राह्मण मृत्युको जुठोबाट बच्ने एउटै उपाय छ । देशरक्षाखातिर धर्मपूर्वक मृत्युवरण गर्ने केही पुरुषमा पर्छन् देव शर्मा । जसको कार्यले कास्मिरका शिर उठेको छ । उनी निर्भीक, महात्यागी विद्वान् पुरुष थिए । उनी कास्मिरको दुःख, दर्दको साथमा समरस भएर रहे र राजाविहीन हुन नदिन युद्धलाई नयाँ मोड दिए । राष्ट्रको सेवा गर्दै अधिकार चाहेनन् जीवनप्रति मोह राखेनन् । जीवन राज्यभन्दा ठुलो हो, राजा जयापीडलाई बन्दीगृहबाट स्वतन्त्र गराउन अपहत्ते गरे । यस्ता नायक भएको देश पराधीन कहिल्यै हुन्न । यस कारण मरेपछि पनि देव शर्माको लास डुङ्गा बन्यो र राजालाई बन्दी मुक्त बनायो, मरेर पनि देशलाई आशीर्वाद दिनु सानो कुरो होइन ।

आफू मरेर देश बचाउने युग पनि रहेको सुन्न पाइन्छ । के अहिले पनि त्यस्ता राष्ट्रभक्त हुन्छन् ? हुनसकेमा मात्रै नेपाली जनताले सुख, चैन पाउने छन् । 'हाम्रो देश इतिहासमा कहिल्यै पराधीन भएन' भाषामा गर्व गर्नसकिन्छ तर राज्याभिमानी भएर वसेका शासकको कुनै पनि स्वार्थमा चुर्लुम्म डुबेको कार्यबाट देश र देशवासीलाई यथार्थमा भलो हुनसक्दैन । यस्तो चेतावनी इतिहासले दिँदै आएको छ । वर्तमानको स्थितिमा यो चेतावनीको समर्थनमा राज्याभिमानी भएको नाटक प्रदर्शन गर्ने शासकले समय रहँदै देशलाई पराधीन नबनाउन नागरिकको आबाज सुन्लान् ?


**'अविच्छिन्न प्रकाशित भइरहेको**

**साहित्यिक पत्रिका**

**शब्द-संयोजन**

**मासिक' पढ्नुहोस् ।**

## ❑ चार मुक्तक



❖ **आनन्द पौड्याल**

# मुक्तक

फक्रिएको यौवनमा सारा जीव लोभिएलान्
संसारका वस्तु सेवा मान्छेद्वारा भोगिएलान्
आँखा लोभी मन पापी नभैदिए कति राम्रो
चाकडीमा लिप्त हुने स्वार्थी सबै लोभिएलान् ।।१।।

समृद्धिको अङ्कुरण स्वार्थद्वारा निमोठियो
अति गर्दा खति हुँदै स्वार्थी घाँटी निमोठियो
वाचाकसम खानेजति झुटा सावित भइगए
शब्दबाण हान्दाहान्दै अपनत्व निमोठियो ।।२।।

आकाशका ताराजून गन्न पनि सकिँदैन
सबै नयाँ आविष्कार भोग्न पनि सकिँदैन
मन मर्दन गर्दागर्दै शब्दकोश रित्तिएला
आमाबाबु जन्मभूमि भुल्न पनि सकिँदैन ।।३।।

घाम पानी हावाविना अस्तित्वमा हुन्न जीव
प्रविधिको चमत्कार चाहिँदैन मसीनिव
ज्ञान बुद्धि बढाउन सिप सिक्दै जाला मान्छे
चन्द्र छुने उद्देश्यले सङ्घर्षमै भिड्ला जीव ।।४।।

*नवजागृति टोल, काठमाडौँ*

# फटाहा



❖ रञ्जुश्री पराजुली

एक साँझ उनका भाइ आउने भएकाले आमाले अगाडि नै छोराछोरीलाई भनेकी थिइन्, 'आज रमेश मामा बस्नेगरी आउँछु भनेको छ । तिमीहरूलाई पनि कम्प्युटरमा केके सिकाउँछु भनेको छ । समयमा नै खाएर मामासँग आआफ्ना सिक्नपर्ने कुराहरू सिक है !'

छोराछोरीले एकै स्वरमा भने, 'आहा ! रमेश मामा आउने ! हुन्छ आमा हामी सिक्छौँ ।' रमेश मामा आउनेबित्तिकै भाइलाई उनले भनिन्, 'यी केटाकेटी मोबाइलमा धेरै अल्मलिए । बिग्रन आँटे । फटाहा नै भइसके । अलि राम्रोसँग सिकाइदेऊ । सम्झाइ पनि देऊ ।'

खाना खाइसकेर कम्प्युटर खोलेर रमेश सिकाउन बसे । बुबा 'मेरो अफिसको काम छ' भनेर ल्यापटप काखमा लिएर घोरिन थाले । आमा 'म पनि धन्दा सकेपछि मेसिन्जरमा साथीहरूसँग च्याट गर्छु । तिमी चाहिँ भञ्जाभाञ्जीलाई सिकाइदेऊ है रमेश' भनेर कोठातिर लागिन् । रमेश पनि आफ्नो मोबाइलमा व्यस्त भए ।

त्यति वेला नै छोरोले गएर वाइफाइको तार नदेखिने ठाउँमा चुँडाइदियो । फलस्वरूप वाइफाइ अफ भयो । वाइफाइ नै नभएपछि सिकाउने कार्यक्रम भएन । सबै सुत्न गए । बाबुआमा तथा रमेश डाटा खोलेर मोबाइलमा व्यस्त भए । धेरै बेरपछि रमेश उठेर पानी खान भाञ्जाभाञ्जीलाई बोलाए तर उनीहरू कतै पनि देखिएनन् । कोठा, बाथरुम, आदि सबैतिर हेरे । उनीहरूलाई कतै नदेखेपछि सुतिसके कि भनेर सिरक पल्टाएर हेर्दा त्यहाँ तकियालाई मान्छे जस्तैगरी छोपेको देखे । बेलुका आठ बजे केटाकेटी कहाँ गए होलान् भनेर खोज्न जाँदा आफ्नो घरअगाडिको गेटको छेउमा ओडनेले गम्लङ्ग भएर आआफ्नो मोबाइलमा मन पर्ने कुरा हेरिरहेको पाए ।

रमेश मामाले भाञ्जाभाञ्जीलाई डर देखाउने हिसाबमा भने, 'पख तिमीहरूलाई, म दिदीलाई भनिदिन्छु । मोबाइलले गर्दा तिमीहरू फटाहा भइसकेछौ ।'

भाञ्जाले मामालाई जबाफ दिए, 'मामा मोबाइलले केटाकेटीलाई मात्र बिगारेर फटाहा बनाउँछ कि बाबुआमालाई पनि ? भनिदिनु न !'

# महामारीका साथी पुस्तक

> “ मलाई अँगालेर सुतेकी छोरी मस्त निदाएकी थिइन् म भने दुखाइले छटपटिइरहेकी थिएँ ।



❖ सुमन थापा सङ्गम

ऋतुले विभिन्न रूप फेरेझैँ मानिसको मस्तिष्कले पनि हरेकपटक अनेक रूप फेर्दै तन्दुरुस्त र यौवनयुक्त जीवन रहोस् भन्ने चाहन्छ तर सोचेजस्तो कहाँ हुन्छ र सधैँ ! कहिले तुषारो कहिले घाम ! यस्तै उकालीओराली हिँड्नु नै त जीवन हो । यही हिँडाइ कहिलेकाहीँ अप्ठ्यारो बनिदिन्छ । मेरो त्यही अप्ठ्यारोको हिँडाइ थियो कोरोनासँगको यात्रा !

रोग आफैँमा सजिलो कहिल्यै हुँदैन । अप्ठ्यारो कोरोना महामारीसँगको यात्रामा मलाई हिँड्न परेपछि मैले निक्कै गारो अनुभूति गरेकी थिएँ । म सामान्य व्यापार गरेर बस्ने मान्छे, दिनभर पसलमा आउनेजानेहरूसँग प्रत्यक्ष सम्पर्क र कारोबार गर्नुपर्ने हुन्थ्यो । व्यापार सानो होस् वा ठुलो, व्यापारी बनिसकेपछि महामारी भनेर पसल थुनेर बस्न सकिएन । व्यापारको सिलसिला चलिरहेको थियो । कोरोनाबाट जोगिनुपर्ने नियमहरू पालना गरिरहेकी थिएँ । मास्क लगाउँदालगाउँदै र सेनिटाइजर प्रयोग गर्दागर्दै पनि सङ्क्रमित हुनपुगेँ । वि.सं.२०७८ वैशाख १५ गते बिहानैदेखि मेरो शरीर निकै दुखिरहेको थियो तैपनि पसल आएकी थिएँ । दिउँसो झन् झन् शरीर बढी दुखेको महसुस भयो । मेरो पसल अघिल्तिर खाजा पसलकी दिदी हुनुहुन्छ, उहाँलाई मेरो शरीर निकै दुखेको बताएँ ।

‘हजुर घर जानुस् र नानीलाई पठाउनुस् । म यहीँ छु हेरिदिन्छु ।’, उहाँले भन्नुभयो । शरीर दुखेर पसलमै बसिरहनसक्ने अवस्था थिएन । दिदीले त्यति भनेपछि मलाई आधार भयो र छोरीलाई पसलमा बसालेर घर गएँ । साँझ पर्दै गयो । शरीरको दुखाइ अत्यधिक बढ्दै गयो । सुत्न सकिनँ । सिटामोल खाएँ तर पनि शरीरको दुखाइ कम भएन ।

पसल बन्द गरेर सानी छोरी घर आइपुगिन् । साँझको खाना बनाइन् र आमाछोरीले खायौँ । उनी कहिलेकाहीँ मसँगै सुत्ने गर्छिन् । त्यो रात पनि मेरो शरीर दुखेको कारण शरीरमा मसाज गरिदिइन् र सँगै सुतिन् । मलाई निकै गारो भएको थियो । सँगै मलाई अँगालेर सुतेकी छोरी मस्त निदाएकी थिइन् म भने दुखाइले छटपटिइरहेकी थिएँ । कहिले उठेर

बसेँ, कहिले घुँडा टेकेर घोप्टो परेँ । कहिले खुट्टामुनि सिरानी राखेँ, त्यसो गर्दागर्दै रात बित्यो । बिहान उठेँ । रातभरको दुखाइले गारो भइरहेको थियो । बिहानदेखि ज्वरो सुरु भयो त्यो दिन पनि सन्चो हुने आसमा सिटामोल खाँदै बसेँ ।

महामारी बढेको कारण वैशाख १६ गतेदेखि लकडाउन थियो, पसल जानुपर्ने पिर थिएन । बिहान अलिक अबेरसम्मै ओछ्यान छोडिनँ । छोरी उठेर घरधन्दा गर्नथालिन् । मलाई भने ज्वरो सुरु हुनासाथ १०२ डिग्री ज्वरो आइहाल्ने भयो । दिन बित्यो । त्यो रात पनि आमाछोरी सँगै सुत्यौँ ।

ज्वरो कम नभएपछि तेस्रो दिन बिहान भरोसा अस्पताल पुगेँ । डाक्टर दिनेश पोखरेलसँग जाँच गराएँ । उहाँले मेरो अवस्था र रोगको लक्षण सबै सुनेपछि 'तपाईँलाई कोरोनाको लक्षणजस्तो छ । एकपटक तपाईँ आफ्नो जाँच गर्नू, पोजेटिभ देखियो भने अनि अरू सदस्यलाई जाँच गराउनू' भन्नुभयो ।

घरमा छोरी र म मात्र थियौँ तर अघिल्लो दिनदेखि छोरी झन् मलाई नै अँगाल्दै सुतेका कारण हामी दुबैजना केएमसी अस्पतालमा पिसिआर गराउन पुग्यौँ । लकडाउन सुरु भइसकेको थियो । सार्वजनिक यातायात केही चलेको थिएन । बहिनीहरू नजिकै बस्ने भएकाले हामीलाई दुई बहिनीहरूले स्कुटरमा राखेर अस्पताल पुऱ्याए ।

अन्ततः पिसिआर परिक्षणको परिणाम आयो, मलाई कोरोना पोजेटिभ देखियो तर सँगै सुतेकी छोरीको नेगेटिभ आयो । छोरीको रिजल्ट नेगेटिभ आउँदा म यति खुसी भएँ कि छोरीले ठुलो युद्ध जितेझैँ लाग्यो र बधाई पनि दिएँ, 'बधाई छ छोरी तिमीलाई, कोरोना नेगेटिभ आयो ।' त्यो वेला छोरीलाई नेगेटिभ आएको खुसीले मैले आफ्नो रोग बिर्सिएकी थिएँ । यसरी कोरोना सुरु भयो र पुष्टि भयो, मन आत्तियो तर धैर्यता गुमाइन । बुढापाकाको भनाइ छ नि, 'हुलमुलमा जिउ जोगाउनु' हो त्यसरी नै अब मैले कोरोनाको हुलले गरेको आक्रमणबाट घाइते भएकी आफूलाई बचाउनु थियो । कोरोना पोजेटिभ देखिएपछि डाक्टर दिनेशसँग भेट गरेर औषधि र सल्लाह लिने काम छोरीबाट गराएँ किनकि म निस्कनु भनेको अरूलाई पनि रोग सर्ने खतरा हुन्थ्यो । पोजेटिभ देखिनेबित्तिकैबाट डाक्टर दिनेशले डेक्सिन, कालाभाम र सिटामोल औषधि चलाउनुभयो । ६ दिनसम्म ज्वरो लगातार आइरह्यो । सिटामोलको अवधिसम्म मात्र सन्चो हुने सकिनासाथ पुनः ज्वरो आउने हुन्थ्यो । ६ दिनसम्मको ज्वरोले म उभिन नसक्ने भइसकेकी थिएँ । उभिँदा खुट्टा थररर काम्ने र एकदम शरीर कमजोर महसुस भएको थियो । डेक्सिन औषधि लिन सुरु गरेपछि त्यसको असरले सुगरको मात्रा अत्यधिक बढ्यो । पहिले नभएको सुगर त्यो औषधि चलाएपछि खानाअघि २९५ र खानापछि ४७० सम्म पुग्यो । डाक्टर दिनेश त्यो बिचमा बिदामा बस्नुभयो । सुगरले म आत्तिएँ र मेडिकलको एकजना भाइसँग सल्लाह गरेर डेक्सिन खान छोड्ने सल्लाह भयो र छोडेँ । मैले त्यो औषधि खान सुरु गरेको ६ दिन भएको थियो । १२ दिनको डोज

थियो तर त्यो औषधि छोडेर पनि सुगर कम भएन । २/३ दिनको बिदापछि डाक्टर फेरि आउनुभयो । मैले छोरीलाई सल्लाह लिन डाक्टर दिनेशकोमा फेरि पठाएँ तर छोरीको कुरा सुनेपछि डाक्टरले रिसाएर 'मेडिकलमै गएर सल्लाह लिनू' भनेर बोल्दै नबोली अर्को बिरामीलाई जाँच्न लाग्नुभएछ । छोरी त रुँदै पो घर आइपुगिन् ।

'के भयो ? किन रोयौ ?'

'मैले सरी भन्दा पनि डाक्टर बोल्नुभएन ।' छोरीले सुँक्क सुँक्क गर्दै भनिन् । मेरो मन नमिठो भयो । मैले छोरीलाई सम्झाएँ, ' गल्ती हाम्रो पनि हो, डाक्टरको सल्लाहविना औषधि छोड्यौँ । यस्तो वेला आत्तिनु हुँदैन ।' म निस्किएर डाक्टरलाई भेट्न जानसक्ने अवस्था थिएन । तुरुन्त बहिनीलाई बोलाएँ र डाक्टरकोमा पठाएँ । उनले डाक्टर दिनेशसँग घरमा सानी छोरीबाहेक कोही छैन गल्ती भयो भनेर कुरा गरेपछि 'यो औषधिले सुगर बढाउँछ' भन्नुभयो र सुगरको थप औषधि र डेक्सिन पुनः चल्यो ।

अहिले कोरोना सन्चो भएर पनि सुगर सन्चो हुनसकेको छैन । सानी छोरीबाहेक अरू मेरा सन्तान र श्रीमान् विदेशमा छन् । मलाई कोरोना पोजेटिभ भएपछि परिवारका सबै सदस्य आत्तिए तर मैले आत्मबल घट्न दिइनँ । छिन् छिन्मा बाहिर भएका सन्तान र श्रीमान्लाई स्वास्थ्य स्थितिबारे खबर गरिरहेँ । मलाई दिनदिनै गारो भइरहेको थियो ।

'अस्पतालमै भर्ना हुनुपर्छ कि', आफन्तहरू आत्तिए । बहिनी करुणाले तत्कालको अप्ठ्यारो स्थितिलाई हेरेर घरमै अक्सिजन ल्याएर राखिदिइन । अक्सिजनको मात्रा घट्यो भने तुरुन्त मेडिकलका व्यक्तिलाई ल्याएर लगाउन सकिन्छ र अस्पतालमा बेड नमिल्दासम्म जोगाउन सकिन्छ भनेर पहिलो तयारी गरिदिएकी थिइन् ।

कोरोनाको दोस्रो महामारीको वेला मृत्युदर धेरै भइरहेकाले अस्पतालमा बेड पाउन सकिने अवस्था थिएन । मैले कोरोना पुष्टि भएपछि घरमै आफूलाई आइसोलेसनमा राखेकी थिएँ । एउटै कोठामा आफूलाई थुनेर राख्दा झन् धेरै मन आत्तिँदो रहेछ तर पनि एकाग्रता कायम गर्न मैले केही पुस्तक छनौट गरेँ । महात्मा गान्धीको आत्मकथा, म्याक्सिम गोर्कीको 'मेरो विश्व विद्यालय' र हर्क गुरुङको 'मैले देखेको नेपाल' पुस्तकहरू पढेँ । यी पुस्तकले मलाई यति धेरै आत्मबल बढाए कि महात्मा गान्धी सत्याग्रहमा रहँदा उनले भोगेका कुराहरू, गोर्कीको जीवनका दुःख र हर्क गुरुङले यात्रा गर्दा आइपरेका अप्ठ्याराहरूमा पनि आत्मबलले सहजै मानिसले त्यो लडाइँमा विजय प्राप्त गर्छ भन्ने कुरा बुझेँ । किताबमा उनीहरूका सङ्घर्षका कथा पढ्दा मेरो आत्मबल अझै बढ्यो । यसरी म  एक्लो कोठामा बन्दी बनेका वेला ती पुस्तकहरू मेरा साथी बने र तिनीहरूसँग आफूलाई भुलाएँ । अर्को कुरा, सङ्गीत भनेपछि प्रायः सबैलाई मन पर्छ । मलाई पनि सङ्गीत सुन्न खुब मन पर्छ  । एक्लो भएका वेला आधुनिक गीतहरू सुन्ने गर्छु । पुस्तक र गीतसङ्गीतले म एक्लो भइनँ ।

कोरोना भएको समयमा पौष्टिक खाना दुई दुई घण्टाको अन्तरालमा सानी छोरी र बहिनीहरूले खुवाइरहे। स्वाद नमिठो भएन खाइरहेँ र पनि निकै कमजोर भएँ । आठौँ दिनदेखि दशौँ दिनसम्म बोल्दा श्वास नपुग्ने भयो । कसैसँग बोल्न मन लागेन । बाहिर भएका छोरीहरू र श्रीमान्सँगबाहेक अरूसँग बोलिन ।

म स्वास्थ्यप्रति गम्भीर मान्छे थिएँ तर पनि कोरोनासँग युद्ध लड्नै पऱ्यो । अहिले प्रविधिबाट धेरै जानकारी र समाचार पाइरहने भएकाले कहाँ के भइरहेछ थाहा हुन्छ तर त्यही प्रविधिबाट प्रत्येक दिन नजिकैको साथीभाइको मृत्युको खबरले मन धेरै दुख्थ्यो । आफू नै सङ्क्रमित भएको वेला यस्ता समाचारले मेरो पनि मनोदशा बिग्रेको थियो । कतै मृत्यु हुनेहरूको लहरमा म पनि पर्ने हुँ कि भन्ने डर लाग्थ्यो । साँच्चै हातहतियारसहित मैदानमा युद्ध गरेझैँ थियो कोरोनासँगको युद्धयात्रा । आँखाले नदेखिने सूक्ष्म जीवाणुले यसरी लडाउँदा एकपटक त अब उठन गारो छ भन्ने पनि लाग्यो । महामारी आखिरमा महामारी नै हो । विश्वभर कैयौँ मानिस मरिरहेका थिए । म भने अन्ततः कोरोनासँगको युद्धमा विजयी भएँ ।

कोभिड-१९ पहिलो महामारी होइन । हामीले धेरैपटक यस्ता महामारी भोगेका छौँ । खासमा एकै समयमा एकै प्रकारको रोगले धेरैजना सङ्क्रमित हुनुलाई नै महामारी भनिन्छ । हामी नेपालीहरू पटक पटक यस्ता महामारीसँग युद्ध लड्दै आइरहेका छौँ । विगतमा हैजा, औलो, कालाजार, दादुरा र बिफर आदिको सङ्क्रमणलाई हामीले पराजित गरिसकेका छौँ । विगतको हैजा र अहिलेको कोरोना महामारीको प्रकृति फरक भए पनि रोग रोग नै हो र तिनै रोगहरूले विश्वभर लाखौँ मानिसको मृत्यु भइरहेको छ । सन् १८१८ मा उत्तरी भारतबाट सुरु भएको हैजाले नेपाललाई पनि रोगी बनाएको थियो । सन् १८७२ मा फैलिएको हैजाले नेपालमा दैनिक दुई सयदेखि दुईसय पचासजना मानिसको मृत्यु भएको इतिहास छ ।

चीनको हुवान सहरबाट सुरु भएको महामारी विश्वभर फैलिँदै पहिलो र दोस्रो चरण गर्दै नेपाल पनि त्यसको चपेटामा परेको छ । त्यही कोरोना रोगको चपेटा खेप्ने एउटा सङ्क्रमित व्यक्ति थिएँ म पनि । विश्व स्वाथ्य सङ्गठनको तथ्याङ्कअनुसार हालसम्म नेपालमा कोरोना महामारीबाट मृत्यु हुनेको सङ्ख्या एघार हजार हाराहारी र विश्वभर करिब पाँच लाख मानिसको मृत्यु भइसकेको छ ।

महामारी सङ्क्रमणले एउटा गम्भीर कुरा सिकाएर गएको छ, जन्मपछिको मृत्यु शाश्वत सत्य हो तर यो समयमा पारिवारिक र सामाजिक सहयोग प्रमुख हुने रहेछ । यस्ता सहयोगका निम्ति म पछि हट्ने छैन भन्ने बोध भएको छ । मानिसले आफ्नो स्वास्थ्यप्रति गम्भीर हुन जरुरी छ, साथै कोरोना सामान्य रुघाखोकी र निमोनियाको अर्को रूप हो, केही हुँदैन भनेर हेलचेक्र्याइँ नगर्नुहुन सम्पूर्णमा अनुरोध गर्दछु ।

# घर



❖ डा. श्यामप्रसाद न्यौपाने

बर्दगोरिया धामको अमरपोखरीको डिलमा बसेर तन्मयका साथ चखेवाचखेवीको जलक्रीडा नियालिरहेका स्वामी निरञ्जनानन्द गिरीजी महाराजलाई देख्नेबित्तिकै छोरी राधारमणाले अँगालो हालेर डाँको छोडी रुन लागिन् ।

'बाबा, यो के गर्नुभएको हजुरले ? आमाले त हामीलाई छोडेर जानुभयो, जानुभयो हजुरले पनि हामीलाई अभिभावकविहीन बनाउनु भो । आमाबाबा नै नभएपछि माइती पनि त्यस्तै हुँदोरहेछ' उनले रुँदै भनिन् ।

'हे दैव ! कहिलेकाहीँ मनको बह पोख्ने ठाउँ पनि हरण गऱ्यौ प्रभु !' उनले आकाशतिर हेर्दै भनिन् । 'यो उमेरमा यहाँ बस्दा हजुरको सेवा कसले गर्छ बाबा ?' उनले थपिन् ।

'समय समयमा औषधि सेवन गर्नुपर्छ, खानपानमा पथपरहेज गर्नुपर्छ । त्यो यहाँ सम्भव छैन । बाबा ! हिँड्नोस्, घरै फर्कौं' छोरा केशवानन्दले भने ।

नातिनातिना सन्यासीको पहिरन देखेर दङ्ग परे । 'आऊ बा आऊ' सन्यासीले बोलाए तर उनको अनौठो पहिरन देखेर नातिनातिनाहरू नजिक जान डराए ।

'बाबु हो ! तिमीहरू घर फर्कौं भन्न आयौ ठिकै हो तर हेर ! श्रीमती मरेको राँडो सबैको अचाड्डु हुँदोरहेछ । घरमा कसैसँग उसका कुरा मिल्दा रहेनछन् । गाउँघरमा पनि कसैसँग कुरा मिल्दो रहेनछ । लोग्ने मान्छेसँग बोल्यो कि घरका कुरा लायो भनिंदो रहेछ । स्वास्नी मानिसहरूसँग बोल्यो कि शङ्काको दृष्टिले हेरिंदो रहेछ । श्रीमतीको अवशानपश्चात् बुढो मान्छेलाई गाउँमा मनको बह पोख्ने विश्वासिलो मानिस पाउन पनि मुस्किल हुँदोरहेछ । बुढाले दुःख पोख्ने आफ्नै बुढीसँग नै त रहेछ । बुढीले नै सबैतिर सम्बन्धको तारतम्य मिलाउने रहिछन् । बुढी खसेपछिको एक वर्षले मलाई धेरै जानकारी दियो बाबु हो ! बुढो मान्छेलाई त जहाँ बुढी त्यहीं घर हुँदोरहेछ । मनशान्तिको लागि म यहाँ आएको हुँ, तिमीहरू फर्क । बुढी नभएको रित्तो घरमा मेरो मन स्थिर भएन, बाबु हो ! तिमीहरू जाओ, म फर्कन्नँ' सन्यासीले भने ।

सन्यासीको अभिव्यक्तिको गहिराइ बुझेर वा नबुझी उनीहरूले सन्यासीतिर अवाक् भई हेरेको हेऱ्यै गरे । स्वामी निरञ्जनानन्दले अमरपोखरीको नीलिमामय जलमा पुनः दृष्टि पुऱ्याए, चखेवाको जोडी कञ्चनजलमा क्रीडा गर्दै पल्लो छोरमा पुग्नै लागेको थियो ।

# राष्ट्र र राष्ट्रियताभित्र 'बज्दैनन् शोकधुनहरू'



❖ ज्ञानु विद्रोही

भनिन्छ, 'कविताले जीवन बोल्छ, जगत्मा व्याप्त सारा पक्षहरूको चिरफार गर्छ, सँगसँगै तात्कालीन समयको प्रतिनिधित्व गर्छ, प्रतिविम्व उतार्छ । ती घटनाहरू जो इतिहास बनिसकेका छन् र जसले कतिपय सत्यलाई ओझेलमा पारेको छ, कविताले त्यसलाई जीवन दिने काम गरेको हुन्छ । साहित्यको प्रतीकात्मक स्वरूपमा ती सत्यहरू अमर बनेका हुन्छन् ।' यस्तै तात्कालीन समयको यथार्थ चित्र र देशभक्त युवकको अन्तस्करण सँगसँगै उर्लिएको कृति हो कवि रमेश पोखरेलको कविता सङ्ग्रह 'बज्दैनन् शोकधुनहरू' । तात्कालीन निरङ्कुश पञ्चायती व्यवस्थाको उत्कर्षकालदेखि लिएर वर्तमानमा विकसित हुन लागेको हुकुमीतन्त्रसम्मलाई शब्दचित्रको रूपमा निसङ्कोच उतारिएको प्रतिविम्ब हो यो कवितासङ्ग्रह ।

सङ्ग्रहका हरेक कवितामा एक देशभक्त बोलेको छ । देशमा कुनै वेला मानवरूपी सिंहको आक्रमणबाट आक्रान्त जनताहरू न त कसैको साहारा पाउँथे न त उनीहरूमाथि राज्यले दायित्वबोध नै गर्दथ्यो । त्यस्तो परिवेशमा दरवारको चार किल्लाभित्रबाट गर्जिएको सिंहले जब निर्दोष खरायाहरूको बासस्थानमाथि धावा बोल्यो तब देशमा सिर्सिर्रि परिवर्तनका लागि हरेक चोक, गल्ली र कुनाकाप्चाबाट विद्रोहका स्वरहरू घन्कन थाले । यो यथार्थ हो सिर्सिर्रि जनताको शक्तिअघि जस्तोसुकै शक्तिले पनि घुँडा टेक्नै पर्छ त्यसैले आततायी बनेको सत्ता अन्ततः जनतासामु झुक्नै पऱ्यो तर जब जनताले निर्वाध सास फेर्न मात्र खाजेका थिए च्याँखे थापेर बसेका कैँचीमारा छिमेकीहरूको जालमा राज्यसत्ता नराम्ररी फस्यो । यसरी जनअधिकार कोपिलामै निमोठ्ने राजयसत्ताले कहिल्यै विवेकको प्रयोग गर्न सकेन । बरू आफू आफूमै विश्वासको सङ्कट उब्जाएर झन धरासायी बन्दै गयो । फलतः इख पालेर बसेको सिंहले यो मौकाको सदुपयोग गर्न कुनै कसर बाँकी राखेन र फेरि एकपटक चार किल्लाभित्रबाट गर्जन खोजिरहेछ, हुङ्कार गरिरहेछ । यो वेला फेरि एकपटक देशको माटो छोएर कसम खाने आग्रह हो कवि पोखरेलको ।

जम्मा एक्काइसवटा कविताहरू सङ्कलित उक्त सङ्ग्रहका तीनवटा कविता ०४५/०४६ सालमा रचना गरिएका छन् जसमा निरङ्कुश प्रशासनतन्त्र र त्यसको भविष्यमाथि कवि खरो

उत्रिएका छन् । निभ्ने वेलाको बत्ती एकपटक जोडले बल्ने गर्दछ र त्यही अवस्था मात्र बाँकी छ पञ्चायतको किनकि आस्थाको महल ढल्न लागेको छ, भित्रभित्रै खम्बाहरू भाँचिन थालेका छन् भन्ने ठाडो चेतावनी कवितामा पाइन्छ। उता अठारवटा कवितामा पनि क्रान्तिकारी स्वरहरू उरालिएका छन् । "आली भत्काउँदैमा गह्रा सम्मिदैन" कविताले विकृतिको वास्तविक जड पत्ता लगाउनु जरुरी छ र समानताका लागि सबै क्षेत्रमा एकै किसिमको कार्यप्रणाली लागू गर्नुपर्दछ भन्ने विचारलाई प्रस्ट्याएको छ । निरङ्कुश पञ्चायती ब्यवस्था उन्मूलनका लागि बलिदान दिने सहिदहरूप्रति "शहीदको उपहासमा सालिक बोल्यो" कविता नतमस्तक छ । निरङ्कुशताको अन्त्यका लागि निरङ्कुशताको सालिक ढाल्न उठेका हातहरूलाई कविले श्रद्धा गरेका छन् । तर सालिक पूरा नढल्दै ती हातहरूमा हतकडी लगाइए र उल्टै त्यही सालिक बोल्यो । त्यसैले कवि अझै पनि ती हतकडी लागेका हातहरू खोजिरहेछन् । अर्कातर्फ बगलीमा छुरा बोकेका छिमेकी मित्रसँग कवि अत्यन्त रुष्ट छन् । कविलाई कालापानीले निद्रा भर्ंगराएको छ, जर्ोपिल्लरले मुटु छेडेको छ त्यसैले उनी सगरमाथामाथि पारवहन मार्ग माग्न सक्ने छिमेकीप्रति सचेत रहन हरेक नेपालीलाई आह्वान गर्छन् । आज सिमानामा बाँधहरू दिनानुदिन बढेका छन्, नेपाली घरहरू दिनानुदिन डुबिरहेका छन् ! यस्तो वेला कविहृदय उद्वेलित भएको छ । त्यसैले उनी चुनौतिपूर्ण स्वरमा बोल्छन् :

*आफ्नै गर्भबाट*
*शरीर पगालेर बनाएको*
*कञ्चन पसिना*
*जबरजस्ती*
*भारदहको स्वार्थमा थुनिएर*
*बलात्कृत हुनुपर्दा*
*सगरमाथा पनि*
*मुहान सुकाउने क्रूर निर्णय गर्नसक्छ (पृष्ठ १५)*

त्यस्तै राज्यले अपनाएको खुल्ला परराष्ट्र नीतिले देशमा भित्रिएको विकृति र ठाडो हस्तक्षेपप्रति कवि अत्यन्त सचेत देखिन्छन् । उनी सजग गराउँछन् हरेक क्षेत्रमा अपनाइएको खुल्ला नीतिले भोलि राष्ट्रियता नै बन्धकीमा पर्नसक्छ । यस्ता क्रान्तिकारी विचार उनका हरेक कवितामा पाइन्छन् । छिमेकीका व्यवहारदेखि लिएर राज्यका अगुवाहरूका मागी खाने भाँडो बनेका कतिपय विषयहरूमाथि पनि उनका कविता आगो बनेका छन् ।

उता उनका दशवटा कविताहरू देशमा आइपरेको असामान्य परिस्थितीपछि रचना गरिएका छन् । घरभित्रै जब मनमुटाव सुरू भयो र बिस्तारै त्यसले शान्त घरलाई तहसनहसको अवस्थातर्फ डोऱ्याउन थाल्यो, त्यसले कविलाई अत्यन्त मर्माहत बनाएको छ । कविको आह्वान छ, 'दाजुभाइको उद्देश्य त घरलाई शान्त, पवित्र र आत्मनिर्भर बनाउनु हो त्यसैले आपसका मतभेदलाई त्यागेर हातमाथि हात मिलाउँदै के गर्दा घर सुन्दर बनाउन सकिन्छ सोही दिशामा अघि बढौं ।' हत्या, हिंसा र आतङ्कले देशलाई अधोगतितर्फ घचेटेको र झन् झन् देश विकृत बन्दै गएकोमा कविहृदय नराम्ररी टुक्रिएको

छ । त्यसमाथि शासनसत्ताको मनोमानी र अवसरवादी प्रवृत्तिबाट आहत बनेका नेपालीको पीडा र अन्यौलग्रस्त भविष्यप्रति पनि उनी त्यतिकै सचेत छन् । मानिसबाट भूल हुन्छ, त्यसलाई सुधार्दै लानुपर्दछ तर एकपटक गरिएको भूलको सजाय पटक पटक दिइरहँदा अझ ठुलो भूल हुने यथार्थतर्फ पनि अब जनता सचेत हुनुपर्दछ । शासक जनताको हो र शासन जनताकै निम्ति हुनुपर्दछ । यदि यो सत्यलाई भुलेर मनोमानीतर्फ सत्ता ढल्कन्छ भने उसको अस्तित्व सङ्कटमा पर्दछ । आज आएर त्यही अवस्था देशमा विकसित भइरहेकोतर्फ कवि जनतालाई सचेत गराउँछन् । पालेको कुकुरले मालिकलाई नै टोक्छ भने त्यसलाई पाल्नुको कुनै औचित्य छैन भन्दै कवि बोल्छन् -


*व्यर्थै साँप पालिएछ दुध पिलाएर*
*व्यर्थै बाघ राखिएछ खोर दिलाएर । (पृष्ठ ३५)*

विभिन्न समय र परिस्थितिमा रचना गरिएका उनका सबै कविताको केन्द्रविन्दु राष्ट्र र राष्ट्रियता हो । उनी हरेक कवितामा आफ्नो माटो खोज्छन् र त्यसमाथि गरिएको दमनका विरुद्ध विद्रोह गर्छन् । उनलाई राष्ट्रमा रहेका राष्ट्रघातीको व्यवहारले आक्रान्त नबनाएको भने होइन तथापि उनको एउटै आग्रह छ, 'शस्त्रअस्त्रको शक्तिभन्दा जनशक्ति ठुलो हुन्छ त्यसैले भाइभाइबिचमा फुट ल्याउने अदृश्य तत्त्वविरुद्ध फेरि क्रान्ति गरौँ ।' जसले आम जनताको मनोभावना बुझ्नसक्दैन तयसको परिणति के हुन्छ भन्ने कुराको प्रमाण वैचारिकताले पूर्ण कविका यी शब्दहरूबाटै प्रस्ट हुन्छ -

*तन्कनुको सीमा हुन्छ रबरको पनि*
*आँखै झिक्छ बिरालोले थुन्यौ ढोका भने ।*
*(पृष्ठ ३६)*

यस्ता प्रगतिशील विचारका धनी रमेश पोखरेलको कृति 'बज्दैनन् शोकधुनहरू' नेपाली साहित्य भण्डारको पछिल्लो चरणको उल्लेख्य प्राप्ति नै हो, त्यसमा पक्कै दुई मत छैन ।


## बजारमा कृति




**कृति** : **यात्राको सिकर्नी**
**विधा** : **नियात्रासङ्ग्रह**
**लेखक** : **खेमनाथ दाहाल**
**प्रकाशक** : **उषा दाहाल**
**प्रकाशन वर्ष** : **२०७७**

# षडयन्त्र

**ल यो मानिसलाई कार्यालयबाट बाहिर निकालिदिनोस् त । यसले मलाई सारै नराम्रो व्यवहार गरेको छ ।**



❖ **राम विनय**

माघको महिना । दिनको करिब २ बजेको हुनुपर्छ । कार्यालयबाहिर टन्टलापुर घाम चम्किरहेको थियो । कार्यालयमा सेवाग्राहीहरूको आवतजावत यथावत चलिरहेको थियो । कार्यालयको काम कसरी चलिरहेको छ भन्नेबारेमा जानकारी लिने र कामको अनुगमन गर्नको लागि प्रत्येक विभाग, इकाइ भएको स्थानमा मैनेजर महलकाजी कोठा कोठामा गइरहेका थिए । दैनिक कामकाजको बारेमा, कार्यक्रमको बारेमा जानकारी लिँदै, सोधखोज गर्दै, कुराकानी गर्दै मैनेजर महलकाजी कोठाबाट बाहिर निस्केर आफनो कार्यकक्षतिर लाग्दै थिए ।

त्यतिकैमा एकजना हात्तीजस्तो ठुलो जिउ भएको मानिस कार्यालय भित्र पस्यो । त्यो हात्तीजस्तो मानिस उसको नजिक गयो । त्यसले मैनेजरलाई आफनो कार्यकक्षमा जान अनुरोध गर्‍यो । ऊ त उतै जाँदै थियो । उसले किन जान कर गरेको छ भन्ने कुरा उसले बुझ्नसकेन र पनि उसको अत्यन्त जरुरी काम होला भनेर ऊ आफनो कार्यकक्षतिर जान भर्‍याङतिर लाग्यो । त्यस एकान्तजस्तो लाग्ने ठाउमा त्यो हात्तीखोरेले मैनेजर महलकाजीलाई उसको गोजीतिर हेर्न इसारा गर्‍यो । अर्थात् आफनो गोजीतिर हेर्न भन्यो । उसले आफनो गोजी देखायो ।

एउटा भोको बोकालाई हरियो घाँस देखाएर पछि पछि लगाएको जस्तो गरेर मैनेजर महलकाजीलाई उसले हजार हजारको नोटको मुठ्ठा देखायो । त्यो हात्तीखोरे (ऊ हात्तीखोरबाट त्यहाँ बसाइँ सरेर आएकोले उसलाई सबैले हात्तीखोरे भन्ने गरेका रहेछन्) लाई लागेको थियो कि यो भोको स्याल हो, यसले मैले भनेको मान्छ । फन्दामा पर्छ । माछालाई बल्छीमा पार्न बल्छीमा आहारा झुन्ड्यार देखाएजस्तै, पशुलाई खोरमा हुल्ने दाउ गरेजस्तै हात्तीखोरेले आफनो गोजीको नोट देखाउँदै भन्यो, 'यी ! यी ! माथि जाऔँ ।'

उसको त्यो व्यवहार देखेर महलकाजी छक्क पर्‍यो । उसले मनमनै भन्यो, 'यसले मलाई यस्तो व्यवहार किन गरेको होला ?' उसको त्यो कक्रियाकलापले मैनेजर महलकाजीको दिमाग यति धेरै तात्यो कि उसले त्यहाँ केही देख्दै देखेन । ऊ वास्तवमा सिधासाधा खालको व्यक्ति थियो । भनिन्छ कि 'जब सिधासाधा व्यक्तिलाई अपमानजनक व्यवहार हुन्छ, असह्य व्यवहार थोपरिन्छ र बेइज्जत गरिन्छ भने उसलाई बेस्सरी रिस उठ्छ ।'

उसलाई भयो पनि त्यस्तै । उसलाई त्यो व्यवहार कुनै शत्रुले उसमाथि अर्थात् उसको स्वाभिमानको मर्ममा प्रहार गरेकोजस्तो महसुस भयो । महलकाजीलाई असैह्य भयो । ऊ नजानिकन उत्तेजित भयो । बेस्सरी उसलाई रिस उठ्यो । ऊ बेस्सरी कराएर भन्यो, 'ए मिस्टर, तिमीले यो के देखाएको हो ? तिमीले मलाई के सम्भेका छौ ? तिमीले मलाई घाँस खाने पशु सम्भेको हो ? मैले तिम्रो के बिगार गरेको थिएँ र तिमीले यस्तो व्यवहार गरेको ? तिमी को हौ ? तिमीलाई कसले पठाएको यहाँ सिकार गर्न त्यो हरियो घाँस बोकाएर ? तिमी कस्का गोठाला हौ ? तिमी यहाँ एक छिन पनि बस्न लायकका छैनौ ।' स्पष्ट भन, 'ए निच ! फटाहा, तिमी तुरुन्त बाहिर गइहाल त । होइन भने म तिमीलाई गलहत्याएर बाहिर निकाल्न लगाउँछु ।'

बिचरा ! हात्तीखोरे बोल्न सकेन । वाल्ल परेर महलकाजी मैनेजरको अनुहार हेरिरह्यो, आफनो अनुहार रातोपिरो पारेर ।

मैनेजर महलकाजी कराएको सुनेर अरू कर्मचारीहरू पनि के भयो ? के भयो ? भन्दै त्यहाँ आए र हात्तीखोरेलाई घेरे । महलकाजीले सबै कर्मचारीहरूलाई निर्देशन दिँदै भने, 'ल यो मानिसलाई कार्यालयबाट बाहिर निकालिदिनोस् त । यसले मलाई सारै नराम्रो व्यवहार गरेको छ ।'

सबै मिलेर त्यो लुरुक्क परेको हात्तीखोरेलाई बिस्तारै कार्यालयको ढोकाबाहिर पठाए । हेर्दा हात्तीको जस्तो ठुलो जिउ भएको त्यो मानिस त एउटा सानो मुसाजस्तो लाग्यो महलकाजीलाई । उसलाई त्यो मानिस त लडाइँमा परास्त गरिएको शत्रुजस्तो पो लाग्यो ।

महलकाजी आफनो कार्यकक्षमा गएर सोफामा बस्यो । आफूलाई सम्हाल्ने प्रयास गर्‍यो । मनमनै आफूले आफैँलाई सोध्न थाल्यो, 'यो कसको षडयन्त्र होला ?' उसले लामो सास फेर्‍यो । मानसिक तनावबाट एक छिन सम्हालिन कोसिस गर्न थाल्यो । तनाबमुक्त हुन प्रयास गर्‍यो । त्यसको केही बेरपछि मोटे हात्तीखोरे मैनेजरको कार्यकक्षमा प्रवेश गर्‍यो । मैनेजरले उसको अनुहार चियायो । उसको अनुहार सामान्य थिएन । ऊ आँखाभरि आँसु पारेर रोइरहेको थियो । रुँदै कराउदै ऊ भन्नथाल्यो, 'सर, हजुर मैले हजुरलाई चिन्न सकिन । आज मबाट ठुलो गल्ती भयो । क्षमा पाऊँ हजुर ।' मोटे हात्तीखोरेले मैनेजर महलकाजीको खुट्टामा घोप्टो परेर क्वाँ क्वाँ गरेर रुन थाल्यो । कराउन थाल्यो, 'हजुर मबाट आज हजुरमाथि ठुलो अपराध भयो । क्षमा पाऊँ हजुर ।' यस्तैउस्तै बक्दै थियो त्यो मोटे ।

मैनेजर महलकाजी भने छक्क परेर उसको टाउको उठाउँदै करायो, 'ए ! यो के गरेको ? उठनोस् । उठनोस् । यता बस्नोस् ।' हात्तीखोरे पश्चातापका आँसु रुमालले पुछ्दै सोफामा बस्यो । उसले पनि आफूलाई अलिकति सम्हाल्यो ।

हात्तीखोरेले आफनो भूतपूर्व शैनिकको अनुशासित जीवनको घटना सम्झ्यो । त्यस वेलाको कुरा सम्भेर उसले भन्यो, 'त्यस वेला हाम्रा पल्टनका क्याप्टेन, कर्णेल, जर्नेल, मेजरहरू पनि यस्तै नैतिकवान् हुन्थे । मैले हजुरको इमान्दारीता र नैतिकताको स्वभावलाई चिन्न सकिन । मैले आज हजुरमाथि महाअपराध गरैँ । क्षमा पाऊँ हजुर ।'

हात्तीखोरेले मनमनै सोच्यो, 'त्यस्ता ठाउँमा

काम गरिसकेको मान्छे म आज के भएको होला ? म त सोझो मगरको छोरा। कहाँ आज ती छट्टु, फटाहा बाहुन काठाको षडयन्त्रमा फस्न पुगेको रहेछु, हरे शिव ! उसले आफनो पश्चाताप दोहोराइरहेको थियो । मैनेजर चुपचाप सुनिरहेको थियो। मनमा परेको चोट सहने प्रयास गरिरहेको थियो। उसलाई केही षडयन्त्रकारीहरूले सोझो मगरलाई सिँगारेर पठाएको जस्तो लाग्यो।

उसलाई ऊ त्यस ठाउँमा गएदेखिको घटना नोस्टाल्जिक भयो । त्यस कार्यालयमा भरखर पुगेको पहिलो दिनमा एकजना मानिस उसलाई भेटन आएको थियो। उसले आफूलाई प्रौढ सङ्गठनको जिल्ला अध्यक्ष भएको र आफनो परिवार किहुबाट त्यस स्थानमा बसाइँ सरेर आएको बतायो। किहु भन्नासाथ महलकाजीले आफना पिता र काकाहरू त्यहाँ पसल चलाउन गएर बसेको र अझ ज्याग्दीखोलामा आफू सानोमा गएको सम्झना भयो। ल आफ्नोतिरको व्यक्तिसित भेट भयो भनेर महलकाजी खुसी भएको थियो। हाल बसेको घर उपयुक्त नभएकोले मेनेजरले कार्यालयको लागि घर खोजिरहेको थियो। उसले सहयोग गर्ला भन्ठानेर ऊसँग कार्यालयको लागि घरको कुरा गरेको थियो। उसले आफनो दाइको घर सिफारिस गरेको थियो। ऊलगायतका कर्मचारीहरू त्यो घर हेर्न गए तर त्यो घर कार्यालयको लागि उपयुक्त थिएन । त्यो सिग्देलले आफनो घरमा कार्यालय भाडामा नबसे पनि, राईस मिलको लागि कर्जा त देला भन्ने लागेको थियो तर उसको परियोजना उपयुक्त नभएकोले हेड अफिसले उसको कर्जा माग पनि अस्विकृत गरेको थियो । त्यति वेला महलकाजी कार्यालयमा नभएको वेलामा सिग्देलको दाजु आएर कराएको थियो रे, 'मेरो घरमा कार्यालय पनि राखेन, मलाई कर्जा पनि दिएन। आफ्नाहरूलाई भने कर्जा दिने, मलाई नदिने ? मलाई पनि एक एक थाहा छ। म पनि देखाइदिन्छु।'

उसको अर्थात् सिग्देलको ज्वाइँ जिल्ला कार्यालयमा छ रे भन्ने कुरा गाइँगुइँ सुनिएको पनि थियो। अवश्य उसको ज्वाइँको करतुत हुनसक्छ । महलकाजीलाई यस्तो शङ्का लागिरहेको थियो तर पुष्ट्याइँ भएको थिएन तापनि अन्दाज गर्न कठिनाइ परेन।

भोलिपल्ट बिहान कार्यालयका सहयोगी हिरा सिंहले खबर ल्याएर भने, 'सर ! सर ! हिजो तपाईँलाई हजारिया नोट देखाउने मानिसले उधुम गरेछ नि !'

'के गरेछ ? के भएछ ? भन भन।'


सहयोगी हिरा सिंहले सविस्तार बखान गर्नथाले, 'त्यो मोटे हामीकहाँ आएको थियो नि ? त्यो हामीकहाँबाट गएपछि सिग्देलको ज्वाइँलाई रिक्सामा बसेर कतैबाट आएको बाटोमा भेटेछ । उसले रिक्सा रोक्न लगाएछ । उसले सिग्देलको ज्वाइँलाई रिक्साबाट ओरालेर केही कुरा गर्नु छ भनेछ। उसलाई रिक्साबाट ओरालेछ। त्यसपछि उसलाई आफनो जुत्ताले मारसँग गोदिदिएछ । सिग्देलको ज्वाइँले पनि 'तँ लिँडाले मलाई कुरै नबुझी हात हालिस् । पख्, तँलाई पनि म देखाइदिन्छु। ठिक पार्छु' भनेछ र ऊ त रिक्सा नै छोडेर कुलेलम ठोकेछ। अहिले त्यो मोटेलाई प्रहरीले पक्डेर लगेको छ भन्ने खबर छ सर।'

*साभुङ, भगवतीपुर, तनहुँ*
*हाल कुलेश्वर, कामपा १४, काठमाडौँ।*

❑ कृतिसमीक्षा

# बार्दली (गजलसङ्ग्रह)

❖ **अरुणबहादुर खत्री 'नदी'**




कृति : बार्दली (गजलसङ्ग्रह)
प्रकाशन : हाम्रो मझेरी साहित्य प्रतिष्ठान, भरतपुर, चितवन।
मूल्य : रु.२००।-
संस्करण : पहिलो, असोज, २४, २०७५
इमेल : arunkhatri2024@gmail.com
पृष्ठ : १००

नेपाली साहित्यका गीत, कविता, मुक्तक, हाइकु, र गजल विधाहरूमा कलम चलाउँदै आएका पुष्प अधिकारी अञ्जलीको पछिल्लो कृतिको रूपमा बार्दली नामक गजलसङ्ग्रह २०७५ सालमा प्रकाशित भएको छ। यस गजलसङ्ग्रहभित्र उनीद्वारा लेखिएका १०० वटा गजलहरू छन् । उनको पहिलो गजलसङ्ग्रह ' मनभित्रको मन' २०६० सालमा प्रकाशित भएको थियो । वर्तमान समयमा नेपाली गजलको सर्वव्यापकता र लोकप्रियताले एउटा स्वर्णिम इतिहास स्थापित भइसकेको छ। यतिखेर नेपाली गजललाई साहित्यकार हरूले अन्य विधाहरूभन्दा माथि उठाउनका निम्ति देशभित्र र देशबाहिर रहनुभएका असङ्ख्य स्रष्टाहरूले गजललाई महत्त्व दिइरहेका छन् । गजलकार अञ्जलीका गजलहरू संरचना, विषय र कलाका दृष्टिले वा शैली र शिल्पका प्रयुक्तिले समुन्नत छन्, भावोच्छालित छन् र रसस्वादनयोग्य छन्। समय र सिर्जना गतिवान् हुन्छ। यतिखेर मान्छेहरूमा संवेदनशीलता भन्ने कुरा साँघुरिदै गएको देखिन्छ । कोही कसैसँग मानवता भेटिदैन । जीवन उज्यालो र सकारात्मक बाटोमा उभ्याउन निकै कठिन भइरहेको वेला शब्दहरूको टुकी बालेर गजलकारले जीवन खोजिरहेका छन्। बार्दली जहाँ बसेर हरेक घरमा बुढाबुढी बाआमाहरू आफ्नो सन्तानको पर्खाइमा बाटो हेरिरहेका छन् । जसरी गौँथलीले बार्दलीमा गुँड बनाउँछ अनि केही समय बस्छ र फेरि गुँडबाट बाहिर फर्किन्छ यतिखेर देश त्यस्तै भएको छ बाआमाहरूलाई । काँडाहरूमा टेक्दै मान्छे भएको म मेरो भूगोलका सीमारेखाहरूमा आफ्नो अनुहार खोजीरहेको छु गजलकार अञ्जलीले भनेका छन् :

*एकपटक भन्देऊ न यार कति कमायौ मेरो प्यार बेचेर*
*जति कमाउँथ्यौ तिमीले हिजो सुन्तला र जुनार बेचेर।*

गजलकार अञ्जली देशमा भइरहेको विकृति हटाएर सुन्दर भविष्यको कल्पना गर्ने गजलकार हुन् । उनका गजलमा सहरको विकृतिप्रति पनि कडा व्यङ्ग्य रहेको पाइन्छ । यस सङ्ग्रहभित्रका गजलहरूमा विविध भावको अभिव्यक्ति पाइन्छ । गजलकार अञ्जली

देशमा भइरहेको विसङ्गतिप्रति सचेत छन् भने गजलमा मायाका सुन्दर डोरीहरू बुन्न निकै सिपालु छन् । गजलकार अञ्जलीले आफ्ना मनका भावनाहरूलाई गजलमा अभिव्यक्त गर्दा सकेसम्म सचेत र सजग हुने प्रशस्त प्रयास गरेका छन् :

*नदी बगेर कहाँ कहाँ पुगिसके हेर्नुस् त*
*तपाईँ त अझैसम्म यही किनारमा हुनुहुन्छ ।*

गजलको सिर्जना, संबर्धन, संरक्षणका खातिर खटिरहेका अञ्जलीका सबै गजल साहित्यानुरागीको मन छुन सफल भएका छन् । उनका गजल भने अधिकांश कोमल भावका नै छन् । यिनका गजलमा जिन्दगीका विवशता, उमङ्ग-उत्साह, उपदेश पनि रहेका छन् । केही गजलले सूक्ष्म व्यङ्ग्य धारणा पनि गरेका छन् । गजलमा प्रशस्तै नीतिनियमहरू पालना गरेको हुनुपर्छ । कस्तै भनाउँदाका गजलमा पनि संरचनात्मक गल्तीहरू भेटिन्छन् । गजल संरचनाका सूक्ष्मभन्दा सूक्ष्म कुराहरूसँग परिचित हुँदै साधनारत भइरहेमा हामी गजलकार अञ्जलीबाट सशक्त गजलहरू निश्चितरूपमा प्राप्त गर्ने छौँ । उनका गजलमा प्रेमका लागि आफ्ना सारा कुरा बलिदान दिन सक्नु नै वास्तविक अर्थमा प्रेम हो भन्ने कुरासमेत बोलिएको छ । माटोप्रतिको समर्पण भावसँगै दुई मुटुको स्वच्छाकर्षणले उत्प्रेरित प्रेमको आदर्शमानमा पनि उत्तिकै सचेत छन् गजलकार अञ्जली :

*छ मिठो तिमीले दिएको झझल्को*
*न साँझै, न रातै, प्रहरले नभेट्ने ।*

समसामयिक परिवेशका स्वार्थ, क्षुधा, अन्याय, ककर्मण्यता र अहङ्कारको द्वन्द्वले मानवीय संवेदना कमजोर बन्दै गएकोप्रति चिन्तित छन् । यसकारण युद्ध चर्केको हो, अशान्ति फैलिएको हो, जुन दिनदेखि मेरो देशबाट बुद्ध हराएका हुन् गजलकारले भनेका छन् । प्रेमप्रणयको जगमा नै संसार अडेको छ । प्रणयी प्रणयिनीबिचको हार्दिक पूर्ण अनुरागले अनुरञ्जित बार्दलीको भित्रको कथामा मानवतावादी युगीन चेतनासँगै हार्दिकतापूर्ण प्रेम दर्शनको सागर छचल्किएको छ । प्रेमका ज्वारभाटाहरूले आकाश स्पर्श गर्ने अनुपम छटाहरूको अवलोकन मात्र होइन मिठो अनुभूतिसमेत गर्नसकिन्छ । अञ्जलीको प्रेममय जगत्को प्रेमानुभूति अनुपमेय रहेको छ । राजधानी राष्ट्रको प्राण हो, शक्तिको स्रोत हो र देश र जनताको सर्वाङ्गीण समुन्नति गर्ने बलियो आधारस्थल हो । देशवासीको आशाकेन्द्र नै राजधानी हो । राजधानीले केही गर्छ भन्ने समग्र जनतामा रहेको हुन्छ । विडम्बना ! आज राजधानी स्वार्थीहरूको आश्रयस्थल बन्दै गएको छ । भ्रष्टाचारीहरूको ऐशआराम गर्ने शिविर भएको छ । जनता र राष्ट्रको बेहाल देखेर गजलकारले यसरी गजल लेखेका छन् :

*यी महलमा बस्नेहरू पनि कहिले अघाउँछन् होला*
*सरकार गरिबको झुपडीमा कहिले आउँछन् होला ।*

अञ्जलीसँग एउटा अग्रगामी सोच, मानवीय मूल्य र मान्यताको उदारभाव भेटेको छु मैले । जीवन सत्यको खोजीमा हुनुपर्छ र मान्छेहरू जीवन बाँच्ने नयाँ पद्धति सधैँ नयाँ नयाँ खोजिरहनुपर्छ भन्दछन् । मलाई उनको यही दर्शन मन पर्छ । कतिपय अप्ठ्याराहरू जीवनको चुनौती बनेर आउँछन् । मान्छेहरूको सम्पूर्ण मन अञ्जलीले गजल लेखेर जित्न

सफल भएका छन् । जीवन बाँच्नका निम्ति समयको आगो बालेर विद्रोहको झन्डा बोकी एउटा उन्मुक्तिको पर्खाइमा रहनुपर्छ र जीवनको परिभाषा र आँखाका थुप्रै मनोरम सपनाहरू साकार पार्न सिर्जनात्मक उद्वेगहरू हृदयभित्रबाट अभिव्यक्त गरेर समाज र सामाजिक जीवनको समृद्धिको उद्घोष गरिनुपर्छ उनले भनेका छन् । गजलकार अञ्जलीको बार्दली गजलसङ्ग्रह २०७५ को चर्चा गर्दा प्रसङ्गले गजलको सैद्धान्तिक रूपगत स्वरूपप्रति आकर्षित गर्दछ । बार्दलीमा सङ्कलित शेरहरू पठनीय, सङ्ग्रहणीय र अवलोकनीय बनेका छन् । उनको नेपाली साहित्यकाशमा पृथक् पहिचान कायम होस् भन्ने शुभेच्छा प्रकट गर्दै साधनामय, आरोग्यमय, समृद्धिमय, सुखमय एवम् दीर्घ जीवनको कामनासहित उनको गजलको एक शेर प्रस्तुत गर्दै ओझेल पर्दछु ।

*जिन्दगी हेरियो कैयौँ पटक तिम्रो नजरमा राखेर*
*कति छट्पटिनुपर्छ सोची हेर त मुटु बगरमा राखेर ।*

❑ कविता



❖ **डा. शेषराज दीक्षित आचार्य**

# सम्झनामा आमा

मधुर स्नेहका प्रेम शब्दले बाबा भन्न
नै सिकाइन् उनले
लोरी गाउँदै थुम्थुम्याउँदै कोक्रोमा हाली
हल्लाइन् उनले
भोक लागेमा छातीमा टाँसी प्रेमले
दुध चुसाइन् उनले
कुक्क बाडुली लाग्यो आज मलाई त
सम्झिन कि उनले
को खाई भन्दै माम खुबाउँदै मेरो राजा
भन्दथिन् उनले
हात समाउँदै बिस्तारै टुकु टुकु
हिँड्न सिकाइन् उनले
हाइगुजीले लान्छ भन्दै थुम्थुम्याएर
सुताइन्  उनले
कुक्क बाडुली लाग्यो आज मलाई त
सम्झिन् कि उनले
ठुलो वर्णमालामा कखरा पढ्नलाई
सिकाइन् उनले
सिलोटपाटी हातमा दिई पाठशालामा
पठाइन् उनले
सधैँ नै उत्साह दिँदै क्याम्पसमा पढन
पठाइन् उनले
कुक्क बाडुली लाग्यो आज मलाई त
सम्झिन् कि उनले ।

ग्रिनहिल सिटी कोलेनी
*घर नं.१७७*
*कागेश्वरी मनहरा वडा नं. ६*
*आर्याल गाउँ, नारायणटार, काठमाडौँ*

# इच्छा



❖ हिमाल पौडेल

मान्छेका मन सल्कँदै हुरहुरी आगो बनेको दिन
मान्छेले मृत-जिन्दगी हरघडी बाँच्दै गरेको दिन
घण्टा बज्दछ मृत्युको सयनमा पाले बनोस् जिन्दगी
फर्काऊँ यमदूत लास म बनूँ इच्छा छ मेरो यति । १
 माटामाथि कृतघ्न बन्छ दुनियाँ माटै त हो जीवन
 माटो गर्व र गर्भ हो तर यहाँ बुझ्दैन मान्छे किन ?
 माटाको महिमा बुझाउन सकूँ माटो स्वयं बन्छु म
 मट्टी कागज होस् मसी रगत होस् लेखूँ महाकाव्य म । २
आफन्तीसित वैरभाव अहिले राख्दै छ मान्छे किन ?
पैसामा पदमा इमान सजिलै साट्तै छ मान्छे किन ?
माया अग्रजमा सनातन तथा आफन्तमा राख्नु छ
माया जीवन हो इमान यश हो यो चेतमा बाँच्नु छ । ३
 होली खेल्नु छ दाजुभाइ बटुली बन्धुत्व बढ्ने गरी
 होली त्याग्नु छ मानवी रगतको बुद्धत्व छर्दै बढी
 लाखौँ फूलहरू फुलून् मुलुकमा जातीय सद्भावमा
 माला एक बनोस् सजोस् वदनमा मेरो यही कामना । ४
ठेला हातभरी उठून् र पसिना पोखेर सिञ्चूँ धरा
देखूँ मङ्सिरमा सुवर्ण रङमा बाला झुलेका गरा
चम्कून् सिद्ध प्रसिद्ध ढाल खुकुरी नेपालका सन्तति
मेरो अन्तिम श्वासमा घिडघिडो होला यसैमा अति । ५ ।


## हार्दिक श्रद्धाञ्जली



**दीक्षित शेषराज आचार्य**

निधन : ५ कात्तिक २०७८

दिवङ्गत, आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ ।
साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**शब्द-संयोजन परिवार**

# श्राद्ध



❖ **लीलाराज दाहाल**

दुर्गाप्रसादले जति धनसम्पत्ति जोडे पनि उसका बाआमाको सडकपेटीमा बास थियो ।

जागिर खाँदै सहरमा घडेरी जोडेपछि दुर्गाप्रसाद गाउँ पुग्यो र बाआमालाई खुसीको खबर सुनायो । घर बनाउन पैसा नभएको समस्याको पोको फुकाएपछि बाआमा गाउँको जग्गाजमिन बेच्न राजी भए । सहरमा दुर्गाप्रसादको भव्य महल तयार भयो । केही वर्ष त दुर्गाप्रसादका बाआमा पनि खुसीले छोराबुहारीसँगै महलमा बसे ।

सँगै बसेपछि साना साना कुरामा दन्तबझान हुनथाल्यो । बिस्तारै बुहारीको अनुहारमा बेचैनीको लहर सल्बलाउन थाल्यो । दुर्गाप्रसाद टुलुटुलु हेरेर बस्थ्यो । एक दिन घरमा महाभारत मच्चियो । बाआमा आआफ्ना कपडा झोलामा हालेर घरबाट बाहिरिए । बुहारी अनुहारमा खुसीको दियालो बालेर आफ्नो कोठाभित्र पसी र आनन्दले नाच्न थाली । दुर्गाप्रसादले बाआमालाई नजानुस् भनेर रोक्न सकेन ।

बाआमा हिँडेपछि दुर्गाप्रसादको घर युद्धबिरामपछिको मैदानजस्तो शान्त भएको थियो । उसका बाआमा भने सडकको किनारमा माग्दै बेवारिस भएर गुजारा गर्नथालेका थिए । ऊ हाकिम भएकाले सरकारी सुविधाको गाडीमा सवार हुन्थ्यो । उसका बाआमाले सडकमा माग्दै गरेको दृश्यले पनि उसलाई छुँदैनथ्यो । सडकमा बाआमालाई देखे पनि नदेखेझैं गरेर अघि बढ्थ्यो ।

निकै वर्ष उसका बाआमाले सडकमा मागेरै दुःखमय जीवन बिताए । एक रात सडकको किनारमा दुःखको सिरानी हालेर निदाएका बुढाबुढी बिहान उठेनन् । राति ट्रिपरद्वारा किचिएर सँगै जिउने, सँगै मर्ने वाचा पूरा गरे उनीहरूले । बाआमाको मृत लास बुझ्न अस्पताल पुग्दा दुर्गाप्रसाद र उसकी श्रीमतीले आफ्नो अनुहार केही मलिन पारेका थिए ।

दुर्गाप्रसादले बाआमाको तेरौँ दिनको किरिया भव्यताका साथ सम्पन्न गर्‍यो । टोलभरिका छरछिमेकलाई बोलाएर भोजन गरायो । पुरोहितहरूलाई पनि मनग्गे दानदक्षिणा दिएर बिदाइ गर्‍यो ।

यतिखेरै दुर्गाप्रसादका छिमेकी जनाकीरमणले ठट्टा गरे, "जे होस्, दुर्गाप्रसादजीले आफ्ना बाआमालाई मरेपछि भने मज्जाले खानलाउन दिनुभयो है ।"

*बागमती ११, कर्मैया, सर्लाही ।*

# नेपाली साहित्याकाशमा हेमचन्द्र पोखरेल

❖ **दिव्य गिरी**

| | |
|---|---|
| कृति | : नेपाली साहित्याकाशमा हेमचन्द्र पोखरेल (समालोचना) |
| लेखक | : धीरकुमार श्रेष्ठ |
| प्रकाशक | : समकालीन साहित्य प्रतिष्ठान, बेलायत |
| संस्करण | : पहिलो, वैशाख, २०७८ |
| मूल्य | : रु.२५०।-, $5 |
| | टीकाथली, ललितपुर । |

नेपाली साहित्यमा विशेषगरी समालोचना, कथा र निबन्धविधाका अतिरिक्त विद्यालयस्तरीय पाठ्यपुस्तक लेखन र विविध पुस्तक सम्पादनमा समेत निरन्तर कलम चलाउँदै आउनुभएका तथा शब्दाङ्कुर साहित्यिक मासिकका प्रधान सम्पादक धीरकुमार श्रेष्ठले प्रकाशित गर्नुभएको महत्त्वपूर्ण समालोचनात्मक ग्रन्थ हो नेपाली साहित्याकाशमा हेमचन्द्र पोखरेल । यस ग्रन्थमा साहित्यकार हेमचन्द्र पोखरलेको व्यक्तित्व र कृतित्वका बारेमा समालोचनात्मक लेखहरू समावेश गरिएका छन् । लेखक धीरकुमार श्रेष्ठका यसभन्दा पहिले प्रकाशित साहित्यिक कृतितर्फ आरम्भ अर्थात् सुरुआत (कथासङ्ग्रह, २०६३), घुर (उपन्यास, २०६४), तन्द्रामा अमेरिका (हास्यव्यङ्ग्य निबन्धसङ्ग्रह, २०६५) र नजन्मिनुपर्ने मान्छे (कथासङ्ग्रह, २०७०), अनुवादतर्फ बाइसौँ शताब्दी (राहुल सांस्कृत्यायनको 'बाइसवी सदी'को हिन्दीबाट नेपालीमा, २०६७), बालसाहित्यतर्फ जेब्रा क्रसिङ (सचित्र बालकथा, २०६५), अग्लो घाँस (तथ्य पुस्तक, सन् २०१०), हलो जोते खाए माम (बालकथासङ्ग्रह, २०६८) कृतिहरू प्रकाशित भइसकेका छन् । यसका साथै उहाँले सहलेखनमा बालव्याकरणका पुस्तकहरू - सरल नेपाली बालव्याकरण र रचना (कक्षा १ देखि ५ सम्म) २०६४, निम्न माध्यमिक नेपाली व्याकरण र रचना कक्षा ६ देखि ८ सम्म (२०६५), प्रयोगात्मक नेपाली व्याकरण र रचनाशिल्प कक्षा ९ र १० (२०६८) प्रकाशित भएका छन् भने पाठ्यपुस्तकहरू - मेरो प्यारो नेपाली (क) देखि (ग) (२०६६), मेरो प्यारो नेपाली कक्षा १ देखि ५ सम्म (२०६६), मेरो प्यारो नेपाली कक्षा ६ र ७ (२०६७), व्यावहारिक लेखन र सम्पादन (२०७५ बी.एड. त्रि.वि. र पू.वि.) प्रकाशित गर्नुभएको छ । यसका अतिरिक्त उहाँले सम्पादन गरेका सङ्ग्रहहरू - हेमचन्द्र पोखरेलका केही कविताहरू (कवितासङ्ग्रह), संसार हल्लाउनेहरू (श्यामकृष्ण खुलिमुलीका निबन्धहरूको सङ्ग्रह, २०६३), रेडियो जक्की (माधव निर्दोषको रेडियो पत्रकारितासम्बन्धी पुस्तक), धाँजो (विश्वम्भर चञ्चलको कथासङ्ग्रह, २०७३), मैले पढेका कथा (सीता भट्टराईको कथासङ्ग्रह, २०७५) र अग्निदह (हिरण्यकुमारी पाठकको कथासङ्ग्रह,

२०७५) र नेपाली साहित्याकाशमा हेमचन्द्र पोखरेल (समालोचना), २०७८ हो ।

यसका अतिरिक्त लेखक श्रेष्ठले दीपशिखा र ज्योतिपुञ्ज (वार्षिक प्रकाशन) र प्रशासन (सार्वजनिक प्रशासनसम्बन्धी पत्रिका)को पनि सम्पादन गर्नुका साथै उहाँकै प्रधान सम्पादकत्वमा शब्दाङ्कुर (साहित्यप्रधान, मासिक) २०५८ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको छ । उहाँ सम्प्रति (मासिक पत्रिका) को अतिथि सम्पादक र अभयपुर (मासिक) को सल्लाहकार हुनुहुन्छ । यसैगरी अभियान साहित्य प्रतिष्ठान, नेपाल बाल साहित्य समाज, साहित्य संवर्द्धन केन्द्रको आजीवन सदस्य हुनुहुन्छ । उहाँका विभिन्न पत्रपत्रिकामा साहित्यिक लेखरचनाहरू प्रकाशित भइरहेका छन् ।

साहित्यकार धीरकुमार श्रेष्ठको सम्पादनमा यसै वर्ष २०७८ मा प्रकाशित नेपाली साहित्याकाशमा हेमचन्द्र पोखरेल (समालोचना)का बारेमा लेखिएको यो परिचयात्मक लेखमा केही मन्तव्य प्रस्तुत गर्न चाहन्छु ।

पेसाले प्राध्यापक एवम् साहित्यकार हेमचन्द्र पोखरेल साहित्य सृजनामा बहुआयामिक लेखक, कवि एवम् समीक्षक हुन् । यिनै स्रष्टा हेमचन्द्र पोखरेलको साहित्यिक व्यक्तित्व र कृतित्वबारे निकै परिश्रमका साथ विस्तृत अध्ययन र अनुसन्धान गरेर धीरकुमार श्रेष्ठले यो कृतिलाई प्रकाशन गर्नुभएको छ । एउटा साहित्यकारलाई चिनाउने भनेकै उसको व्यक्तित्व र कृतित्वले हो । साहित्यकारको जीवनी र उनले साहित्यमा पुऱ्याएको योगदानबारेको लेखनीको माध्यमबाट नै उनलाई पाठकसमक्ष परिचित गराउन सकिन्छ । त्यसको निम्ति सम्बन्धित व्यक्तिको बारेमा धेरै कुराको खोज र अनुसन्धानको खाँचो पर्दछ । लेखक श्रेष्ठले साहित्यकार हेमचन्द्र पोखरेलसँग सम्बन्धित सामग्री संकलन गरेर उहाँको जीवनी, शिक्षा, विवाह, स्वास्थ्य, पारिवारिक स्थिति र आर्थिक पक्षका साथसाथै उहाँको साहित्यिक योगदानका बारेमा पनि यथेष्ठ मात्रामा व्याख्या र विश्लेषण गर्नुभएको छ ।

कुनै पनि स्रष्टाको व्यक्तित्व र कृतित्वमाथि खोज अनुन्धान गरेर कृति प्रकाशन गर्नको निम्ति मिहिनेत, समर्पणभाव र क्षमताको खाँचो अनिवार्य हुन्छ । यो एउटा जटिल कार्य पनि हो । श्रेष्ठले नेपाली साहित्यमा स्थापित साहित्यिक व्यक्तित्व हेमचन्द्र पोखरेलको समग्र व्यक्तित्व र साहित्यिक योगदानबारे ग्रन्थ प्रकाशित गरेर नेपाली साहित्यका पाठक, साहित्यानुरागी एवम् छात्रछात्राहरूसमक्ष ल्याइदिनुभएको छ । साँच्चै नै भन्नुपर्दा साहित्यको क्षेत्रमा यो आफैँमा पनि एउटा सुखद पक्ष र महत्त्वपूर्ण कार्य हो ।

लेखकले यस कृतिलाई जम्माजम्मी तीन परिच्छेदमा विभाजन गर्नुभएको छ । प्रथम परिच्छेदमा साहित्यकार हेमचन्द्र पोखरेलको जीवनीअन्तर्गत वाल्यकाल, किशोरावस्था, शिक्षादीक्षा, विवाह, पारिवारिक विवरण, पेसा, स्वास्थ, आर्थिक अवस्था, कवित्वको विकासक्रम, निजी व्यक्तित्व र स्वभावका बारेमा व्याख्या र विश्लेषण प्रस्तुत गर्नुभएको छ । यसका साथसाथै साहित्यिक व्यक्तित्व पोखरेलका साहित्यसँग सम्बन्धित विषयहरू

जस्तो कि पोखरेल स्वयम् पनि एउटा कुशल सङ्कलक, सम्पादक र अनुवादक हुनुको अतिरिक्त उहाँको भाषा, धर्म, दर्शन र चिन्तन पनि भएकोले यसका विविध पक्षमा समेत गहन अनुसन्धान गरिएका छन् । वास्तवमा भन्नुपर्दा कुनै साहित्य, कला र सङ्गीत आदिका क्षेत्रमा लागेका स्रष्टालाई चिनाउने माध्यम भनेकै उनले सृजना गरेका कृति, रचना वा अन्य सृजनात्मक ठोस सामग्री नै हुन् । कुनै पनि स्रष्टाको व्यक्तित्वलाई चिनाउन उसको भित्री चरित्रभन्दा पनि बाहिरी चरित्र नै आधिकारिक हुन्छ ।

लेखक श्रेष्ठले पनि साहित्यकार पोखरेलको व्यक्तित्वलाई उजिल्याउन खोज र अनुसन्धानबाट प्राप्त सामग्रीकै आधारमा त्यसको व्याख्या र विश्लेषण गर्नुभएको छ । यसबाट साहित्यकार पोखरेलको व्यक्तिगत स्वभाव र चरित्रमा कस्तो थियो भन्ने कुराको अतिरिक्त उहाँले जीवनमा पाएका अनेक दुःख, सुख र पीडा बुझ्न पाइन्छ । जीवनमा मानिसले सङ्घर्षविना केही पनि उपलब्धि प्राप्त गर्न सक्दैन । त्यसको निम्ति ऊ जीवनभर सङ्घर्षरत रहनुपर्दछ । धैर्यताका साथ अघि बढ्नुपर्दछ । साहित्यकार पोखरेलको व्यक्तित्व पढ्दै जाँदा उहाँले सानै उमेरदेखि पेटसम्बन्धी रोगसँग प्रायः जुधिरहनु परेको र सायद त्यसैको कारण पनि उहाँले समय समयमा आत्महत्याको बाटोसमेत रोजेको पाइन्छ । यो एउटा अत्यन्त दुःखको विषय हो । हाम्रोजस्तो गरिब देशका नागरिकले जीवनको हरेक मोडमा सङ्घर्ष गरेर नै अघि बढ्नुपर्ने हुन्छ । चाहे त्यो लेखक होस् वा अरू कोही नै, उसले जीवनमा आइपरेका अनेक समस्याको सामना गर्नै पर्दछ । साहित्यकार पोखरेलले पनि कहिले रोगसँग त कहिले भने आफ्नै सन्तानको असामयिक निधनपश्चात पटक पटक विछोडको पीडा सहन वाध्य हुनुपरेको थियो । यो उहाँको जीवनमा अत्यन्त दुःखको पाटो देखिन्छ ।

त्यसैगरी लेखक श्रेष्ठले साहित्यकार पोखरेलको साहित्यिक योगदानलाई दोस्रो परिच्छेदमा समावेश गर्नुभएको छ । पोखरेलको नेपाली कविता लेखन र विश्लेषण, साहित्यिक समालोचना, टीका ग्रन्थ, सम्पादन र अनुवाद कार्य आदिको बारेमा विस्तृत विवरण यस परिच्छेदमा राख्नुभएको छ । यस परच्छिेदबाट साहित्यकार पोखरलले नेपाली साहित्यका क्षेत्रमा पुर्‍याउनुभएको योगदानबारे विस्तृत विवरण प्राप्त गर्नसकिन्छ । यस परिच्छेदमा समावेश गरिएका विवरणबाट उहाँको साहित्यिक व्यक्तित्वलाई अझ स्पष्ट बुझ्नसकिन्छ ।

वि.सं.१९८७ साल चैत्रशुक्ल रामनवमीका दिन पिता पं.लीलाराम र माता लोकमाया देवीका सुपुत्रको रूपमा धनकुटामा जन्मिनुभएका साहित्यकार हेमचन्द्र पोखरेलले प्रारम्भिक शिक्षा धनकुटास्थित संस्कृत पाठशालामा प्रारम्भ गर्नुभएको थियो । उहाँ पढाइमा अब्बल हुनुका साथै सधैँ प्रथम हुने गर्नुहुन्थ्यो । यसबाट पनि उहाँको प्रतिभा प्रस्ट हुन्छ । त्यसपछि सिन्धुलीमा लगभग एक वर्ष अध्ययन गरेर केही समय जनकपुरको जानकी पाठशालामा अध्ययन गर्नुभयो ।

चौध वर्षको उमेरमा उहाँ भारतको हरिद्वारमा जानुभयो । त्यहाँको संस्कृत पाठशालामा पढ्नुभयो । पढाइमा विलक्षण प्रतिभावान् पोखरेलले आफ्नो जीवनको यौवनावस्थाका दिनहरू धनकुटा र बनारसमा बिताउनुभयो र बनारसबाट नै शिक्षा पूर्ण गर्नुभयो ।

वि.सं.२००५ सालमा पन्ध्र वर्षकी चन्द्रकलासँग उहाँको विवाह भयो । सात सन्तानको जायजन्म भए पनि पहिलो सन्तानको तीन महिनाको अल्पायुमै निधनपश्चात उहाँले सन्तानवियोगको पीडा सहन बाध्य हुनुपर्‍यो । यसलाई दुर्भाग्य भन्ने कि विधिको विडम्बना ! उहाँका दुई छोरा र एकजना छोरीको असामयिक निधन हुनु भनेको पीडामाथि पीडा थपिनु थियो । साहित्यकार पोखरेल आफू स्वयम् पनि सानै उमेरदेखि पेटसम्बन्धित रोगबाट पीडित हुनुहुन्थ्यो । अर्थात् पेटको दीर्घरोगी । कारण स्पष्ट नभए पनि उहाँले धेरैपटक आत्महत्याको प्रयास पनि नगरेको होइन । जीवनमा यस्ता भयावहरूपी कालखण्ड पनि पार गर्नुभएका पोखरेलले अन्ततः साहित्यलेखनलाई भने कहिलै पनि छोडनुभएन । निरन्तर साहित्यसेवामा आफूलाई समर्पित गरिरहनुभयो । फलस्वरूप नेपाली साहित्यका पाठकले उहाँबाट अमूल्य साहित्यिक कृतिहरू पाएका छन् । यहाँ उल्लेख गरिएका थोरै चर्चा उहाँको जीवनको अति सङ्क्षिप्त विवरण मात्र हो ।

बनारसबाट प्रकाशित हुने नेपाली साहित्यिक पत्रिका उदयमा उहाँको पहिलो पद्य प्रशंसा शीर्षकको कविता प्रकाशित भएपछि साहित्यतर्फको यात्रा प्रारम्भ भएको थियो । यद्यपि वि.सं.२००१ सालमा उहाँले आफ्नै पितालाई चिठीस्वरूप लेखिएको पद्यांश मङ्गलाचरण (गणेश स्तुति) नै उहाँको पहिलो काव्यरचना हो । वि.सं.२००५ सालमा महाकवी लक्ष्मीप्रसाद देवकोटासँग उहाँलाई भेट हुने अवसर मिलेपश्चात उहाँ साहित्यतर्फ प्रेरित हुनुभएको थियो । हुनतः साहित्य, कला, सङ्गीत वा अन्य जुनसुकै क्षेत्रमा लाग्दा पनि कोही न कोहीको प्रेरणाले ठुलो महत्त्व राख्दछ । पोखरेलका सन्दर्भमा पनि त्यही भयो । जसको कारण उहाँ नेपाली साहित्यका क्षेत्रमा एउटा स्थापित साहित्यकार हुन सफल हुनुभयो । यो उहाँको साहित्यतर्फको सङ्क्षिप्त चिनारी हो । यसबारे विस्तृत अध्ययन गर्न उहाँको साहित्यिक योगदानका पक्षबारे अध्ययन गर्नुपर्दछ जुन यस ग्रन्थमा समावेश गरिएको छ ।

यस ग्रन्थमा लेखक धीरकुमार श्रेष्ठका अतिरिक्त नेपाली साहित्यका विद्वान प्राध्यापकहरू क्रमशः प्रा.राजेन्द्र सुवेदीले हेमचन्द्र पोखरेलः व्यक्तित्व र कृतित्व शीर्षकको लेखमा समीक्षा गर्नुभएको छ भने अर्का प्रा.डा.गोविन्दराज भट्टराईले उद्भट विद्वान श्री हेमचन्द्र पोखरलेमाथि धीरकुमारको समग्र अनुसन्धान नामक लेखमा हेमचन्द्रका बारेमा धेरै महत्त्वपूर्ण धारणा अभिव्यक्त गर्नुभएको छ । त्यसैगरी प्रा.कुमारप्रसाद कोइरालाले हेमचन्द्र पोखरेलबारे भरपर्दो र गतिलो कृति शीर्षक दिएर हेमचन्द्रको यस ग्रन्थलाई विश्वासिलो मान्यता प्रदान गर्नुभएको छ किनकि यसमा समावेश सबै विवरण इमान्दारितापूर्वक समावेश गरेर

त्यसका बारेमा व्याख्या र विश्लेषण गरिएको छ । अर्का विद्वान प्रा.डा.हेमचन्द्र नेपालले समीक्ष कृति भनी यस ग्रन्थको प्रशंसा गर्दै आफ्नो महत्त्वपूर्ण धारणा व्यक्त गर्नुभएको छ । हेमचन्द्र नेपालकी सुपुत्री भारती गौतम र ज्वाइँ डा.शिव गौतमले पनि क्रमशः धन्यवादका केही हरफ र छोटो मन्तव्य शीर्षकमा हेमचन्द्र पोखरेलबारे आफ्ना धारणाहरू प्रस्तुत गर्नुभएकाले पनि हेमचन्द्र पोखरेलको सम्पूर्ण व्यक्तित्व र कृतित्वका सम्बन्धमा यो एउटा अति महत्त्वपूर्ण ग्रन्थ सावित भएको छ ।

हुनतः यस ग्रन्थभन्दा पहिले हेमचन्द्र पोखरेलका बारेमा तयार पारिएका शोधग्रन्थहरूले हेमचन्द्र पोखरेलको समग्र व्यक्तित्व र कृतित्वका सम्बन्धमा यथेष्ट व्याख्या र विश्लेषण हुनसकेका थिएनन् । त्यही अभावलाई परिपूर्ति गर्नकै निम्ति यस ग्रन्थलाई तयार पारिएको हो भन्ने धारणा प्रस्तुत गर्दै लेखक श्रेष्ठ लेख्नुहुन्छ - '...लगभग तीन दशकअघि तयार गरिएको सोही शोधपत्रलाई पुस्तकाकारमा प्रकाशित गर्न पाउँदा आज हर्षित छु । यसको प्रकाशनले उति वेला पानी पिएर भोक मेटेको दुःखलाई सर्लक्कै बिर्साइदिएको छ।...सोही शोधपत्रलाई आवश्यक परिष्कार र परिमार्जन गरी नेपाली साहित्याकाशमा हेमचन्द्र पोखरेल शीर्षकको प्रस्तुत कृति पुस्तकाकार रूपमा ल्याएँ ।' लेखकको यस भनाइबाट पनि प्रस्ट हुन्छ कि यो ग्रन्थ तयार पार्न उहाँले कतिको मिहिनेत गर्नुभएको रहेछ ।

यस प्रकार लेखक श्रेष्ठले साहित्यकार हेमचन्द्र पोखरलेको व्यक्तित्व र कृतित्वका बारेमा प्रकाशित गर्नुभएको यो पुस्तक आफैँमा एउटा महत्त्वपूर्ण ग्रन्थ हो । आशा गर्नसकिन्छ कि यो ग्रन्थबाट विशेषगरी नेपाली साहित्यका अध्येता, विद्यार्थीलगायत सम्पूर्ण पाठकहरू अवश्य लाभान्वित हुने छन् भन्ने आधार धेरै नै छन् । यस प्रकारको ग्रन्थका लेखक धीरकुमार श्रेष्ठलाई हार्दिक बधाईका साथसाथै शुभकामना पनि प्रकट गर्दछु ।

## हार्दिक श्रद्धाञ्जली



**द्वारिका नेपाल**

**निधन : ३१ असोज २०७८**

**दिवङ्गत, आत्माको चीरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ।**
**साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ।**

**शब्द-संयोजन परिवार**

# लटरम्म बिख

❖ वासुदेव अधिकारी

रामराज्य एक मिठो कल्पना हो । हिन्दु पुराकथासित गाँसिएको यसको विम्ब तथा राप हिउँदे सूर्यको कलिलो किरणतुल्य प्रतीत हुन्छ । यद्यपि रामकथामा शाम्बूक बधलगायतका जघन्य अमानवीय कृत्य छन् । रामराज्य कस्तो थियो, हुन्छ हुन्न थाहा छैन । यो यथार्थ कम र कल्पना वा भावना बढी भएको राज्य हो । त्यो हाम्रो मनमा छ, रहरमा छ । काल्पनिक भए पनि त्यो उज्यालो हामीलाई प्रिय छ । समाजका कैयौँ समता एवम् न्यायपरक अभियानको सार रामराज्यको मिथकसित नजिक छन् । यस विम्बको अर्थमा व्यक्तिलाई शासनसत्ताले दमित नगर्ने तथा छलप्रपञ्चको राइँदाइँ नचल्ने आशय पनि निहित रहेको छ। यो समाजव्यवस्थाको कल्याणकारी विम्ब हो।

पुराकथाले हामीलाई रामराज्य मात्र दिएको छैन अमृत अविष्कार गरिदिएको छ। अमृत अत्यन्त उत्कृष्ट आविष्कार हो । यो गुणकारी पनि छ, तृप्तिदायी पनि छ। चाख्न नपाए पनि हामीलाई अमृत मिठो लाग्छ । यो भावना पनि हो बस्तु पनि हो । बिखमा भने अमृतमा विद्यमान गुणको विपरीत तत्त्व कायम रहन्छ । बिखमा ध्वंशकारी वस्तुता तथा अहितकारी गुण विद्यमान रहेको मानिन्छ।

अनेक खालको आन्दोलन, बलिदान तथा सङ्घर्ष गरी अघि बढेको नेपाली समाज अहिले बिलखबन्दको भूमरीमा छ। समाजमा दलालहरूको बिगबिगी छ । प्रभावशाली नेता, राजनीति तथा अर्थतन्त्र उनीहरूका कब्जामा छन् । मुलुकका क्रियाकलाप वा रणनीतिहरू दृश्यमा भन्दा अदृश्यमा, दिनमा भन्दा रातमा, आबाजमा भन्दा साउतीमा हुने, गर्ने क्रम बढ्दो छ। आफ्ना युवा बिदेसिने, अन्यत्रका नागरिक आप्रवाह बढ्ने क्रम मौलाउँदो छ। क्षणिक सत्तासुखसित माटोको महक वा विचारको उज्यालो साटफेर गरिँदो छ !

समय गतिशील छ । समाज चेतनशील बन्दै पनि गइरहेको छ। गतिशील समय तथा चेतनशील समाजमा प्रगतिशीलताको मात्रा थपिँदै जानुपर्ने हो। दलालहरूबाट जनताको रोजीरोटीको अवसर अपहरण हुने क्रममा पूर्ण विराम लाग्नुपर्ने हो। गणतान्त्रिक समाज विचारशील, सहिष्णु र रचनात्मक हुनुपर्ने हो तर त्यो हुनसकेको छैन। सत्ता पाउन वा टिकाउन रोपिएका जालझेलका दृश्य अदृश्य लहरामा अहिले फल लाग्दै गइरहेको छ । झलक्क हेर्दा लहरा झाङ्गिएको र फैलिएको र लटरम्म फल लागेको देखिए पनि त्यो फल बिखालु छ। हामी बिखलाई अमृत हो भनी बिक्री गरिहेका चटकेको नयाँ नयाँ संवाद वा एक्सनमा ताली बजाइरहेका छौँ।

सामान्यतया बिख हावामा फल्दैन। बिख फल्दै गएपछि वातावरण प्रदुषित हुँदै जान्छ, हावा पनि बिखालु हुँदै जान्छ । अहिले राज्यका अधिकांश क्षेत्रका कामकारबाही, सत्तासंयन्त्रका सबैजसो अवयवका लहरामा बिखका लटरम्म फल लागेको छ। हेर्दा फल, उपभोग गर्दा बिख ! हेर्दा फूल, वास्ना सुँघ्दा

बिखालु ! काड्नै कठिन कतिपय भिरमहमा बिख भरिएको हुन्छ। भिरमह भनेर जति पैसा खन्याए पनि त्यसको सेवन हितकारी हुन्न। बिख बिख नै हो त्यसले हानिसिवाय केही गर्दैन। अहिलेको अवस्था त्यही हो।

आधुनिक राज्यमा सुशासन, पारदर्शिता, उन्नयनकारी सोच तथा कुशल व्यवस्थापनको मात्रा थपिँदै जानुपर्ने हो। राज्यका अङ्गहरूबिच नियन्त्रण र सन्तुलन कायम हुँदै जानुपर्ने हो। कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका, सङ्घ, प्रदेश र स्थानीय निकायबिचको आपसी सम्बन्ध प्रतिफलमुखी हुँदै जानुपर्ने हो। सार्वजनिक क्षेत्रका पदाधिकारीहरू अरू जिम्मेबार र जबाफदेही हुँदै जानुपर्ने हो। अर्थतन्त्र सबल र सक्रिय भई विकासको महक, रोजगारीको ढोका खुल्दै जानुपर्ने हो। खासमा रुढतालाई विवेकले प्रतिस्थापन गर्दै जानुपर्ने हो। अगुवाको विचार तथा व्यवहारबाट नयाँ पुस्ता उत्साहित हुँदै जानुपर्ने हो। अन्यायी विचार र व्यवहार खिइँदै सकिँदै जानुपर्ने हो। जेलमा राख्नुपर्ने नागरिक फेला नपर्ने वातावरण सिर्जना हुँदै जानुपर्ने हो। हाम्रो अवशिष्ट चेतनामा रहेको रामराज्य वा हामीले प्रस्तावना गर्दै आएको समन्यायिक समाज त्यही हो। फुल्दै फल्दै गरेको बिखको झुप्पा हेर्दा हामी गन्तव्यच्च्यूत अवस्थामा पुगिसकेको छनक पाइन्छ। काठमाडौँमा हालै नेपाल प्रहरीले सार्वजनिक गरेको लुटेरा तथा डाँकाको सङ्ख्या र काम वा बसाइका लागि विदेश जान इच्छुकहरूको लामो लाइन हेर्दा मुलुकमा कर्मशीलहरू सकिने लक्षण स्पष्ट देखिएको छ। नेताहरू भने विदेशीको डायरीमा आफ्नो यशगान खोज्ने मुख्य ध्याउन्नमा देखिएका छन् ! तिनलाई कैयौँ साउती र साँठगाँठ प्रकाशमा आउला कि भन्ने भय छ।

मुलुकको सत्ता जनताको सेवाको लागि हो। त्यसको शक्ति तथा स्रोतको उपयोग जनताको लागि नै हुनुपर्ने हो। राजनीतिक परिवर्तनपछि केही अपवादबाहेक त्यसको उपयोग सहीरूपमा हुनसकेको छैन। अगुवाहरू जनताको सेवक हुनसकेका छैनन्। एक त सत्ताको बनौट पारदर्शी र जनादेशअनुकूल छैन अर्कोतिर आफन्त पोस्ने कुरूप दृश्यले वातावरण विद्रुप बनाएको छ। समाजका सबैजसो क्षेत्र जालझेल र अन्यायले ग्रसित छन्। निष्पक्षता र विवेकको प्रतिमूर्ति हुनुपर्ने न्यायमूर्तिहरू सेटिङ तथा डेटिङमा व्यस्त छन्। आआफ्ना क्षेत्रका अगुवाको चालामाला हेर्दा लाग्छ, 'यो क्षण हामी जीवनको आखिरी प्रहरमा छौँ। संसार अब सिद्धिनेवाला छ र हामी महाविनाशको अन्तिम महाभोजमा सामेल भएका छौँ। हाम्रा हिजो हिजोका क्रान्ति, सङ्घर्ष र समूहगान आफू र आफन्त पोस्ने यही अवसर तथा सेटिङउत्सव आमन्त्रण गर्नका लागि थियो !'

यत्रतत्र बिखैबिखको झुप्पा फलिरहेको वर्तमान केही निराशामय देखिन्छ। दलालको रजगज निन्दनीय नै छ। तथापि उत्साही एवम् स्वप्नमयी नयाँ पुस्ता जोगाउनसके त्यस निराशालाई चिर्न सकिन्छ। बिखको जति ठुलो लहरा वा झाङ भए पनि धारिलो बञ्चरोको केही प्रहारबाटै त्यो उच्छेद भइहाल्छ। सम्यक चेतना र नमैलिएको विचार त्यस बञ्चराको धातु हो। त्यसलाई हामी सबैले संरक्षण, उन्नयन र विकास गरौँ। त्यो हतियार पनि हो मलम पनि हो। औषधि विज्ञानमा 'साइबर नाइफ' त उपयोगमा आइसकेको छ।

*१७ कार्तिक ०७८*

# लोकवार्ता विमर्श तथा पुस्तक विमोचन कार्यक्रम सम्पन्न

२०७८ कार्तिक ९ गते, काठमाडौँ । सम्माननीय उपराष्ट्रपति नन्दबहादुर पुनले नेपाल प्रज्ञा-प्रतिष्ठान, साहित्य (लोकवार्ता तथा बालसाहित्य) विभाग र लोकवार्ता परिषद्, नेपालद्वारा संयुक्तरूपमा आयोजित परिषद्को १० औँ सम्मेलन एवम् 'लोकवार्ता विमर्श तथा पुस्तक विमोचन कार्यक्रम'को समुद्घाटन गर्दै मौलिक संस्कृतिको जगेर्ना र प्रवर्धन गर्दै भावी पुस्तालाई हस्तान्तरण गर्न आग्रह गर्नुभएको थियो । उक्त अवसरमा उपराष्ट्रपति पुनले प्रज्ञा-प्रतिष्ठान, लोकवार्ता विभागबाट प्रकाशित 'गोर्खाली युद्धबन्दीका लोकभाका र कथा', 'नेपाली लोकरामायणका विविध रूप', 'नेपाली लोककविताको काव्यशास्त्रीय विश्लेषण', 'लोकवार्ता सिद्धान्तका आधारमा घरगीत' र परिषद्द्वारा प्रकाशित 'नेपाली लोकवार्ता'को भाग ७, ८ र ९ को विमोचन गर्नुभएको थियो ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीले नेपालमा भौगोलिक, भाषिक तथा सांस्कृतिकलगायतका अनेक विविधता रहेको उल्लेख गर्दै तिनलाई सहीरूपमा चिन्नसके मात्र नेपाललाई चिन्नसकिने विचार व्यक्त गर्नुभयो । प्रज्ञा-प्रतिष्ठान, साहित्य (लोकवार्ता र बालसाहित्य) विभागका प्रमुख प्राज्ञ डा.देवी नेपालले कार्यक्रममा स्वागत मन्तव्यसहित कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुका साथै लोकवार्ता विभागबाट नेपाली लोकवार्ताको उन्नयनका निम्ति भएका




प्रगतिबारे जानकारी गराउनुभयो ।

लोकवार्ता परिषद्, नेपालका अध्यक्ष तथा कार्यक्रमका सभाध्यक्ष प्रा.डा.प्रेम खत्रीले नेपाली लोकवार्तासँग सम्बन्धित क्षेत्रको अध्ययन, अनुसन्धान, संरक्षण तथा संवर्धनका लागि परिषद्ले गरिरहेका कामहरूका बारेमा बताउनुभयो ।

कार्यक्रममा परिषद्बाट उपराष्ट्रपति पुनलाई सम्मान गरिएको थियो भने सोही अवसरमा परिषद्लेसमाजसेवीतथालोकवार्ताअभियन्ता बमकुमारी बुढामगर र डा.राज्यश्री श्रेष्ठलाई उपराष्ट्रपति पुनले सम्मान-पत्र अर्पण गर्नुभएको थियो । कार्यक्रममा परिषद्का उपाध्यक्ष यज्ञराज उपाध्यायले परिषद्को गतिविधिका साथै विमोचित कृतिहरूका बारेमा सङ्क्षिप्त परिचय दिनुभएको थियो । कार्यक्रम सम्मानित व्यक्तित्व बुढामगरले पनि बोल्नुभएको थियो ।

कार्यक्रम प्रज्ञा-प्रतिष्ठानका उपकुलपति डा.जगमान गुरुङ, सदस्य सचिव प्रा.जगत्प्रसाद उपाध्याय, प्राज्ञ परिषद् सदस्यहरू प्रा.दिनेशराज पन्त,

प्रा.डा.योगेन्द्रप्रसाद यादव, प्रा.डा.हेमनाथ पौडेल, माया ठकुरी, प्रा.डा.गोपीन्द्र पौडेल र लक्ष्मी मालीको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन परिषद्का महासचिव डा.भक्त राईले गर्नुभएको थियो । कार्यक्रमको समुद्घाटनपछि लोकवार्ता सम्बन्धित कार्यपत्रहरू प्रस्तुत गरिएका थिए ।

## साहित्य सन्ध्याको ४२१ औं शृङ्खला सम्पन्न

साहित्य सन्ध्याको नियमित मासिक ४२१ औं शृङ्खला कार्तिक ६ गते अपराह्न १ बजे जुम एपको माध्यमबाट प्रविधिमैत्री गोष्ठीको आयोजना गरी सम्पन्न गरियो । सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षतामा सम्पन्न उक्त गोष्ठीमा प्रमुख अतिथिका रूपमा नेपाल प्रज्ञा-प्रतिष्ठानका उपकुलपति डा.जगमान गुरुङ उपस्थित हुनुहुन्थ्यो भने विशेष अतिथिमा प्रगतिशील लेखक सङ्घका अध्यक्ष प्रा.डा.जीवेन्द्र देव गिरी, अतिथिका रूपमा युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठानका उपाध्यक्ष डा.फणीन्द्रराज निरौला, डा.नारायणप्रसाद चौलागाईं, प्राज्ञ विष्णु प्रभात, प्राज्ञ नन्दु उप्रेती, साहित्य सन्ध्याका सल्लाहकारहरू वासुदेव अधिकारी र विधान आचार्य, वरिष्ठ कविहरू गायत्री चापागाईं, उमेश उपाध्याय, डा.कृष्ण सुवेदी, डम्बर पहाडी 'एलाक', डा.हिरण्य ज्ञवाली, डा.राजेन्द्रप्रसाद अधिकारी, वरिष्ठ सङ्गीतकार एवम् गायक माधव प्रधान, वरिष्ठ साहित्यकार पुण्यप्रसाद खरेल उपस्थित हुनुहुन्थ्यो ।

साहित्य सन्ध्याका उपाध्यक्ष रमेश पोखरेलको प्रविधि व्यवस्थापन तथा सञ्चालनमा सम्पन्न भएको उक्त गोष्ठीमा प्रमुख अतिथि




उपकुलपति डा.जगमान गुरुङले 'हाम्रा चाडपर्वहरू, तिनको वैज्ञानिक आधार र महत्त्व' विषयमा विशद चर्चा गर्नभएको थियो ।


गोष्ठीमा महेशराज खरेल, ज्ञानेन्द्र ढुङ्गाना, गायत्री चापागाईं, माधव प्रधान, भगतदास श्रेष्ठ, देवकी आचार्य, गायत्री लम्साल, डम्बर पहाडी एलाक, उमेश उपाध्याय, चूडा निर्भीक, रमेश गौतम पाल्पाली, उर्मिला पन्त पाण्डेय, कात्यायन, शान्ता शर्मा, ललिता दोषी, डा.फणीन्द्रराज निरौला, पुण्यप्रसाद खरेल, विधान आचार्य, नन्दु उप्रेती, तारक धिताल, डा.राजेन्द्रप्रसाद अधिकारी, प्रा.डा.जीवेन्द्र देव गिरी, गोपाल बराल र डा.सावित्री श्रेष्ठले आआफ्ना कविता, गीत, हाइकु, एलाक वाचन गर्नु/गाउनुभएको थियो भने वाचित सिर्जनामाथि प्राज्ञ विष्णु प्रभातले टिप्पणी गनुभएको थियो ।

# नगेन्द्रराज शर्मा अभिनन्दन ग्रन्थ लोकार्पण तथा समर्पण सम्पन्न

२४ असोज, काठमाडौं/ वरिष्ठ साहित्यकार तथा साहित्यिक पत्रकार नगेन्द्रराज शर्मा राष्ट्रिय अभिनन्दन मूल समारोह समिति २०७७ ले प्रकाशित गरेको 'नगेन्द्रराज शर्मा अभिनन्दन ग्रन्थ'को लोकार्पणसहित ग्रन्थ सम्पादन मण्डलका तर्फबाट प्रधान सम्पादक पवन आलोक र कार्यकारी सम्पादक विधान आचार्यबाट श्री शर्मालाई समर्पण गरिएको छ।

रञ्जना निरौलाद्वारा सञ्चालित उक्त कार्यक्रममा स्वागत मन्तव्य दिनुहुँदै वरिष्ठ साहित्यकार तथा लघुकथा समाजका अध्यक्ष एवम् अभिनन्दन मूल कार्यसमिति सदस्य श्रीओम श्रेष्ठ 'रोदन'ले 'साहित्यिक पत्रकारको सम्मानमा यसरी आयोजना गरिएको राष्ट्रिय अभिनन्दन र 'अभिनन्दन ग्रन्थ' प्रकाशनसमेत नेपालमा सम्भवतः पहिलो हो' भन्नुभएको थियो।

अभिनन्दन ग्रन्थका कार्यकारी सम्पादक नेपाल स्रष्टा समाजका अध्यक्ष तथा अभिनन्दन मूल कार्यसमिति सदस्य विधान आचार्यले अभिनन्दन ग्रन्थको प्रकाशनबारे विस्तृतरूपमा प्रकाश पार्नुभएको थियो। अभिनन्दन ग्रन्थ करिब साढे चार सय पृष्ठको छ भने आठ पृष्ठको स्रष्टा अनुक्रमणिका (इन्डेक्सिङ)समेत समाविष्ट छ। प्राज्ञिक तथा अनुसन्धेय दृष्टिले यस्तो अनुक्रमणिका समाविष्ट ग्रन्थलाई 'विशेष कृति' मान्ने गरिन्छ। कुल नौ खण्डमा विभाजित ग्रन्थमा करिब एकसय स्रष्टाका रचना समेटिएका छन्।




उक्त समारोहमा 'रचना' साहित्यिक द्वैमासिकका प्रधान-सम्पादक रोचक घिमिरे र वरिष्ठ साहित्यकार विनोद दीक्षितले नगेन्द्रराज शर्मासँग जोडिएका रमाइला संस्मरणहरू सुनाउनुभएको थियो। त्यसैगरी प्रा.डा. ज्ञानु पाण्डेले अभिनन्दन ग्रन्थबारे सङ्क्षिप्त समीक्षा गर्नुभएको थियो।

कार्यक्रमका मुख्य आकर्षण नगेन्द्रराज शर्माले अभिनन्दन समितिलाई धन्यवाद दिनुभएको थियो।

स्मरणीय छ, श्री शर्मालाई गत २०७७ चैत २२ गते उहाँको ८४औं जन्मदिवसका अवसरमा काठमाडौंमा भव्य राष्ट्रिय अभिनन्दन गरिएको थियो। 'देशका विभिन्न स्थानबाट करिब चार दर्जन साहित्यिक संस्था र करिब ५०० व्यक्तिको स्वस्फूर्त सहभागिता रहेको राष्ट्रिय अभिनन्दन कार्यक्रम आफैंमा एक ऐतिहासिक कार्यक्रम थियो' भन्ने मूल समितिका सदस्य चेतनाथ कणेल 'हरित'को भनाइ छ।

❑ अनुभूति

# स्रष्टाले गरेको सिर्जनाको मूल्याङ्कन परबाट अरूले गर्दा रहेछन् !



❖ **अनिता लामा**

जीवनमा पहिलोपटक यसरी आफ्नो मूल्याङ्कन साहित्य सन्ध्याले गरेर सम्मान गरेकोमा व्यक्त गर्नै नसक्ने खुसी लागेको छ । अहिले म सानैमा २०४६ सालमा बहुदलीय व्यवस्था स्थापनाका लागि सडकमा कुद्दा चप्पलको फित्ता छिनेको सम्भिmरहेकी छु, अभावग्रस्त त्यो जिन्दगी सम्भिmरहेकी छु, आफैँ बाँच्न गारो भइरहेको वेलामा अरूलाई बचाउनुपर्छ भनेर सम्झाउने मेरा बाआमाको भनाइ सम्भिmरहेकी छु । त्यसैगरी मनमा लागेको कुरा भन्नुपर्छ, लेख्नुपर्छ भनेर प्रेरणा प्रदान गर्ने आदरणीय केही गुरुहरूको सन्देश अनि पढाइमा भन्दा लेखाइतिर ध्यान दिएको भनेर आफूले कविता लेखेको कापी नै च्यातिदिने गुरुआमाहरूलाई पनि अहिले सम्भिmरहेकी छु । कलिलो मस्तिष्कमा रोपिएको विचारले सङ्गठनतर्फ आकर्षण गरेको र सङ्गठन निर्माण, जनपरिचालनमा सक्रिय भएको अनि ती कार्यमा संलग्न हुँदा त्यतिखेर पाएको दुःख सबै आजको यो 'साहित्य सन्ध्या पुरस्कार तथा सम्मान'ले बिर्साइदिएको छ ।

जीवनमा जुनसुकै क्षेत्रमा काम गर्दा वा जताततै गर्नुपरेका सङ्घर्षलाई विचारको सहायताले काम गर्दै जाँदा थप काम गर्ने हौसला र प्रेरणा प्राप्त गरेकी हुँ तर मेरो लेखनी र आफूले गरेको कर्म त सामान्य हो भन्ने ठानेकी थिएँ, परबाट पनि तपाईँहरूले हेर्नुभएको रहेछ र मेरो काम पनि सम्मानलायक छ भन्ने ठानेर पुरस्कृत गरेको देख्दा चाहिँ सामाजिक रूपान्तरणको अभियानमा लाग्दा अरूले पनि मूल्याङ्कन गर्दारहेछन् भन्ने लागेको छ । त्यसमा पनि साहित्य सन्ध्याजस्तो विशुद्ध सामाजिक रूपान्तरणको उद्देश्य राखेर साहित्यसिर्जनाको अभियानलाई हाँकिरहेको, इतिहास निर्माण गरेको, आफैँमा सम्मानित संस्थाले पुरस्कारयोग्य ठानेकोमा चाहिँ ज्यादै नै गौरवबोध भएको छ, म हार्दिक आभार व्यक्त गर्दछु, कृतज्ञता जाहेर गर्दछु । आजको यो सम्मानले आफूले गरिरहेका कर्ममा थप जिम्मेवारीबोधका साथ अविचलितरूपमा क्रियाशील हुनुपर्छ भन्ने जिम्मेवारी मलाई थपिएको मैले महसुस गरेकी छु र म यो अभियानमा समर्पित भइरहने बचनबद्धता पनि जाहेर गर्दछु । म पनि जेमा लाग्छु समर्पित भएर लाग्नुपर्छ भन्ने मान्यता राख्दछु । आज मलाई सम्मान गर्नयोग्य ठानेर सिफारिस गर्ने स्रष्टा चयन समिति तथा पुरस्कृत गर्ने निर्णय गर्ने साहित्य सन्ध्याका प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

*-रमेश पोखरेल (२०७७ सालको 'साहित्य सन्ध्या पुरस्कार तथा सम्मान' ग्रहणपछि व्यक्त मन्तव्यमा आधारित)*